# रोचक घटना नं ७९

# प्रेरित २:१४-४२

**कथाको मूख्य सारः मानिसहरूलाई येशूमाथि किन विश्वास गर्नुपर्दछ भन्ने कुरा येशूका चेलाहरुले बताएका थिए ।**

## १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- येशूका आश्चर्य कामहरू येशू परमेश्वर हुनुहुन्छ भनेर प्रमाणित गर्ने परमेश्वरको तरिका थियो भनि पत्रुसले मानिसहरूलाई भने ।
- येशू क्रुसमा मर्नु कुनै दुर्घटना थिएन । सबै मानिसहरूका पापको लागि येशू क्रुसमा मर्नु परमेश्वरको योजना थियो ।
- मृत्युले येशूमाथि आफ्नो अधिकार जमाउन सकेन र उहाँले मृत्युलाई जित्नुभयो । येशू नै मसीह हुनुहुन्थ्यो भन्ने यो अर्को चिह्न थियो । मृत्युले उहाँलाई रोक्न सकेन भनि पत्रुसले मानिसहरूलाई बताए ।
- येशूको शरीर चिहानमा सड्नको लागि छोडिएको थिएन । उहाँको शरीर पुनरूत्थान र महिमित भयो । यसले येशूको पुनरूत्थान र स्वर्गारोहणलाई प्रमाणित गऱ्यो ।
- भजनसंग्रह १६:८-११ को भविष्यवाणीले येशूको पुनरूत्थान र स्वर्गारोहणलाई प्रमाणित गरेको छ ।
- प्रेरित २:२५-३१ मा "दाऊदको चिहान"को उल्लेखले दाऊदले अरू नै कोहि व्यक्तिको पुनरूत्थानको बारेमा कुरा गरिरहेका थिए, उनको आफ्नै बारेमा थिएन भनि जोड दिँदछ ।
- साक्षीहरूले (पद ३२) येशूको पुनरूत्थान र स्वर्गारोहणलाई प्रमाणित गरे ।
- पेन्टिकोस्टको अचम्मको घटनाहरूले (पद ३३) येशूको पुनरूत्थान र स्वर्गारोहणलाई प्रमाणित गऱ्यो ।
- येशूको पुनरूत्थान र स्वर्गारोहणले येशू दाऊदको पुत्र हुनुहुन्छ भनेर प्रमाणित गऱ्यो (भजनसंग्रह ११०:१; प्रेरित २:३४-३५ ) ।
- प्रेरितहरूले पुनरूत्थान हुनुभएको खीष्टलाई पाँच पटकसम्म देखेको कुरा गरेका छन्; (पद ३२; ३:१५; ५:३२; १०:३९-४१; १३:३०-३१) ।

**शिक्षक साहायता**

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारले: मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोऱ्याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।

©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## २) पाठ शुरू गर्नुहोस्

सम्पूर्ण बाइबलमा आठवटा मुख्य विषयहरूमा विशेष जोड दिइएको पाईन्छ । हामीले यी कुराहरू पहिलेका पाठहरूमा पनि अध्ययन गरिसकेका छौं । ती कुराहरू के-के उनीहरूले बताउन र प्रत्येकको केहि शब्दहरूमा वर्णन गर्न सक्छन् कि बालबालिकाहरूलाई सोध्नुहोस् । ती कुराहरू निम्न प्रकार छन् ।

१ परमेश्वर - शुरूमा त्यहाँ एक मात्र शक्तिशाली र अनन्त परमेश्वर हुनुहुन्थ्यो । (पाठ १: अनन्त परमेश्वर; पाठ २७: प्रस्थान ; पाठ ४० : दाऊदको शासन)

२ मानिस - परमेश्वरले सबैथोकलाई सृष्टि गर्नुभयो । उहाँले पुरूष र स्त्री दुवैलाई उहाँको असल मित्रहरू हुनको लागि आफ्नै स्वरूपमा सृष्टि गर्नुभयो । (पाठ ३: संसारहरूको सृष्टि; पाठ ४ मानिसहरूको सृष्टि; पाठ २४: मोशाले आफ्ना मानिसहरूलाई अगुवाई गरे)

३ पाप - पुरूष र स्त्रीले परमेश्वरको आज्ञा उल्लंघन गरे । उहाँले जे भन्नु भएको थियो त्यो उनीहरूले नगरेर पाप गरे र त्यसदिन देखि मानव जातीमा पापले प्रवेश गऱ्यो । (पाठ ७: मानव पापको शुरूवात; पाठ ३३: कादेशमा अविश्वास; पाठ ४३ : विभाजित राज्य)

४ मृत्यु - परमेश्वरले पुरुष र स्त्रीलाई तिनीहरूको अनाज्ञाकारिताको निम्ति दण्ड दिनुभयो । बाइबलमा उल्लेख गरिएको यस मृत्युले अलग हुने कुरालाई बुझाउँदछ । (पाठ ८: मृत्युको उत्पत्ति ; पाठ १६: बाबेलको धरहरा; पाठ ४६: इस्राएल र यहूदाका निर्वासन)

५ ख्रीष्ट - परमेश्वरले आफ्नो एक मात्र विशेष पुत्रलाई संसारमा पठाउनुभयो जसले सिद्ध जीवन जीउनु भयो । (पाठ ९: शैतानमाथि विजयीको प्रतिज्ञा ; पाठ ४५: आउनुहुने मसीहको भविष्यवाणी; पाठ ५२: येशू ख्रीष्टको जन्म)

६ क्रुस - येशू संसारको पापको लागि क्रुसमा मर्नुभयो । (पाठ ११: आवरणको प्रावधान ; पाठ ३२: प्रायश्चितको दिन ; पाठ ४५: आउनुहुने मसीहको भविष्यवाणी); पाठ ५६: यूहन्ना द्वारा घोषणा; पाठ ७३: येशूको क्रुसमा मृत्यु)

७ विश्वास - यदि कसैले ख्रीष्टमा विश्वास गर्छ भने, परमेश्वरले तिनीहरूलाई स्वागत गर्नुहुन्छ । (पाठ १३: कयिन र हाबिल; पाठ ३४: काँसाको सर्प; पाठ ५८: धार्मिक अगुवा; पाठ ६१: येशूसँग आँधीबेहरीमाथि शक्ति छ : पाठ ७४: येशू क्रुसमा किन मर्नुभयो)

८ जीवन - ख्रीष्टमाथि विश्वास गर्ने-हरूलाई परमेश्वरले अनन्त जीवन दिनुहुन्छ । (पाठ ५: परलोकमा जीवन; पाठ ३८: अन्धकारको युगमा चम्किलो प्रकाशहरू; पाठ ५६: बप्तिस्मा दिने यूहन्नाको घोषणा); पाठ ७५: येशू ख्रीष्टको पुनरूत्थान)

**समीक्षा**
**क्रियाकलापः आठ आधारभूत सुसमाचारीय सत्यताहरू - एउटा पूर्ण कथा**

शिक्षकले पूरे बाइबल-भरी नै यी आठ सु-समाचारका विषयहरूमा जोड दिनुपर्दछ । ती विषयहरू बालबालिकाहरूलाई बाइबलमा भएको छुटकाराको महान् कथा बताउनलाई आधारभूत तत्वहरू हुन् । हामी नियमित रूपमा यी आठ सत्यताहरूलाई जोड दिनेछौं ।

बालबालिकाहरूलाई यदि उनीहरूले सम्झन सक्छन् भने हामीले अध्ययन गरेका अघिल्लो ७८ पाठहरूमा यी आठ सुसमाचारका सिद्धान्तहरूमा कसरी जोड दिइएको छ भनि सोध्नुहोस् ।

## ३) पाठ सिकाउनुहोस्

येशू ख्रीष्टको बारेमा आफ्ना साथीहरूलाई बताउनबाट तपाईंलाई कुन कुराले रोक्न सक्छ ?

## कथा भन्नुहोस्

येशू खीष्टको मृत्यु भएको थियो ... हामीलाई यो थाहा छ। उहाँ फेरि तीन दिनपछि पुनरूत्थान हुनुभयो ... हामीलाई यो पनि थाहा छ। उहाँ चालीस दिन पछि स्वर्गारोहण हुनुभयो ... हामीलाई यो पनि थाहा छ। अब, येशू खीष्ट स्वर्गारोहण हुनु भएको दश दिनपछि, पत्रुसले यरूशलेममा विभिन्न देशहरूबाट आएका मानिसहरूलाई सुसमाचार प्रचार गरे र यसको फलस्वरूप त्यहाँ ठूलो संख्यामा मानिसहरूले विश्वास गरे।

यो कसरी भयो भन्ने कुरा यहाँ छ। येशूका चेलाहरू बिहान ९ बजे एक ठाउँमा भेला भएका थिए। तत्काल, तिनीहरू अन्य भाषाहरूमा बोल्न थाले। के हुँदैछ कसैले पनि बुझेनन्। कसै-कसैले सोचे कि उनीहरू शायद दाखमद्यले मातिएका थिए। कोहि कोहि चाहिँ केवल सामान्य भ्रममा मात्र परेका थिए। गालिलीहरूले कसरी यी सबै बिभिन्न भाषाहरू बोल्न सक्दछन्? सबै भाषाहरूमा यो कुरा एउटै थियो कि: तिनीहरू सबैले परमेश्वरले गर्नुभएका आश्चर्यकर्महरूको बारेमा बताउँदै थिए र तिनीहरूले परमेश्वरको प्रशंसा गरिरहेका थिए।

तब, पत्रुस ठूलो भीडलाई सम्बोधन गर्न उभिए। उनलाई अरू ११ जना प्रेरितहरूले समर्थन गरे। पहिलो कुरा पत्रुसले पुरानो करारका योएल भविष्यवक्ताबाट उद्धृत गरेका थिए। योएलले अगमवाणी गरेका थिए कि अन्तको समयमा वा अन्तिम दिनहरूमा सबै प्रकारका मानिसहरूलाई परमेश्वरले आफ्नो आत्मा खन्याउनुहुनेछ। यहाँ योएलले भनेको सबै कुराहरू पुरा भएका थिएनन्, तर यो पुरा हुन शुरू भएको थियो। तब पत्रुसले उनीहरूलाई परमेश्वरको असल योजनाको बारेमा बताए।

यो योजना यस्तो देखिन्थ्यो: येशूले ती मानिसहरूबाट धोका पाउनुभयो जसले व्यवस्थालाई आफ्नो हातमा लिएका थिए। ती मानिसहरूले येशू खीष्टलाई क्रुसमा झुण्ड्याए जहाँ उहाँले कष्टदायी मृत्यु भोग्नुभयो। तर, परमेश्वरले येशू खीष्टलाई मृत्युको बन्धनबाट छुटाएर उहाँलाई पुर्नजिवित पार्नुभयो। मृत्युको नियन्त्रणमा येशू खीष्ट रहनुभएन। फेरि, पत्रुसले पुरानोकरारलाई उद्धृत गरे...यस पटक उनले दाऊदद्वारा लेखिएको कुरालाई उद्धृत गरे। दाऊदले एउटा भजनमा भनेका छन्, "किनभने तपाईंले मेरो प्राणलाई अधोलोकमा छोडनुहुनेछैन; न ता तपाईंले आफ्नो पवित्र जनलाई सड्न दिनुहुनेछ।" यस तरिकाद्वारा, दाऊदले येशू खीष्ट पुनरूत्थान हुनुहुनेछ भनेर बताउँदै थिए। उहाँ चिहान वा पातालमा बस्नुहुने थिएन।

पत्रुसको कुरा सुनिरहेका मानिसहरूलाई के गर्ने थाहा थिएन। तिनीहरू यस कुराप्रति गहिरो रूपमा संवेदनशील थिए कि अब येशू ब्यूँतनुभएको छ र उहाँ जीवित हुनुभएको छ। पत्रुसले यो समूहका मानिसहरूलाई पश्चात्ताप गर्न वा उनीहरूको पापबाट फर्किन भनेका थिए। येशू दुवै प्रभु र खीष्ट हुनुहुन्थ्यो र यदि तिनीहरूले उनीहरूको पापबाट पश्चात्ताप गरेर उहाँमा विश्वास राखे भने उहाँसँग तिनीहरूको पापलाई क्षमा गर्ने अधिकार थियो। बारम्बार, पत्रुसले यस समूहलाई पापी जीवन बिताउने यो खराब संस्कृतिबाट बाहिर निस्कन भनेका थिए। परिवर्तन! त्यस दिनमा मात्र, लगभग ३,००० मानिसहरूले पत्रुसले सुनाएको वचन ग्रहण र विश्वास गरे। उनीहरूले आफूलाई इसाई विश्वासमा समर्पित गरे।

**कथा भन्ने क्रियाकलाप: नक्शा**

यी देशहरूका मानिसहरूले आफ्नै भाषामा सुसमाचार सुनेका थिए भनि शिक्षकले भन्नु पर्छ।

- पार्थीहरू - फारसी खाडी नजिक
- मादीहरू - क्यासपियन समुद्रको दक्षिणमा
- एलामीहरू - फारसी साम्राज्यको अंश
- मेसोपोटामिया - सिरिया
- यहूदिहरू -इस्राएल
- कापादोकिया - एशिया माइनर
- पोन्टस-एशिया माइनर
- एशिया
- फ्रिगिया र पाम्फिलिया - एशिया माइनरका दुई प्रान्तहरू
- इजिप्ट - अफ्रिका
- लिबिया - अफ्रिका
- क्रेट - भूमध्य सागर
- अरब - मध्य पूर्व

## कण्ठ गर्नुपर्ने पद

**प्रेरित २:३८ (टि.बी.एस) -** तब पत्रुसले तिनीहरूलाई भने: "पापहरूको क्षमाका निम्ति पश्चात्ताप गर्नुहोस् र तपाईंहरू हरेकले येशू ख्रीष्टको नाममा बप्तिसमा लिनुहोस्; अनि तपाईंहरूले पवित्र आत्माको दान पाउनुहुनेछ।

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन्। यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो। स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्राय: यूट्यूबमा पनि राखिएका हुन्छन्। तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ।

यस पाठका निम्ति "धन्यवाद येशू (कोरस नं. २४)" बोलको भजन गाउने सल्लाह दिईन्छ।

## बाइबलीय क्रियाकलाप

प्रत्येक विद्यार्थीलाई एउटा सानो कार्ड वा कागजको टुक्रा दिनुहोस्। यो प्रश्न सोध्नुहोस् **"तपाईंले सोच्न सक्ने उत्तम समाचार के हो ?"** तपाईंको उत्तर तपाईंको कार्डमा लेख्नुहोस्। (शुरूमा उनीहरूलाई केहि उदाहरणहरू दिएर सोच्न लगाउनुहोस्, यदि आवश्यक परेमा, जस्तै रोगको उपचार, युद्धको अन्त्य, मनपर्ने खेल समूहले ठूलो खेल जितेको, र यस्तै सुझावहरू।)

**"अब सोच्नुहोस् कि यदि त्यो खबर साँच्चिकै सत्य भएको, र तपाईं यस बारेमा थाहा पाउने पहिलो व्यक्ति हुनुहुन्थ्यो भने ! तपाईं के गर्नु हुन्थ्यो ?"** (मानिसहरूलाई भन्नुहुन्थ्यो।) बालबालिकाहरूलाई आफ्नो कागजमा लेखिएको कुरा बताउने समय दिनुहोस्। अन्य मानिसहरूलाई असल समाचार बताउन पाउनु कति उत्साहजनक हुन्छ ! धेरै वर्ष पहिले पत्रुसले ठिक यस्तै महसुस गरेका थिए।

**कण्ठ पार्ने पदको क्रियाकलाप : वचन लग**

बालबालिकाहरूलाई घर लैजानको लागि एउटा तालिका बनाउनुहोस् जुन तालिकाको बायाँ स्तम्भले आइतवार, सोमबार, मंगलबार, बुधवार, बिहिवार, शुक्रवार र शनिवार देखाउँदछ।

शीर्षमा, अभ्यास गरेको समय र समीक्षा गरेको समय उल्लेख गर्ने ठाउँ पनि राख्नुहोस्।

बालबालिकाहरूले प्रत्येक दिन यस कण्ठ गर्ने पदको लागि काम गर्नुपर्ने हुन्छ, जब उनीहरूले यस पदको अभ्यास र समीक्षा गर्छन् तब यस तालिकामा चिन्ह लगाउनुपर्दछ। यस तालिका उनीहरूले अर्को हप्ता आफुसँगै ल्याउनुपर्नेछ।

यस प्रकारको क्रियाकलापले पाठको एउटा भागको रूपमा मात्र नभई, हप्ताभरि वचनहरूको स्मरण गर्न र आज्ञाकारी हुनलाई प्रोत्साहित गर्दछ।

## ४) पाठको समीक्षा गर्नुहोस्

कक्षालाई दुई समूहमा विभाजन गर्नुपर्छ ।

एउटा "रातो" समूह हुन सक्छ र उनीहरूलाई रातो कार्ड वा कागजको टुक्रा दिनुपर्छ । अर्को "पहेँलो" समूह हुन सक्छ र उनीहलाई पहेँलो कार्ड वा कागजको टुक्रा दिनुपर्छ ।

- हरेक समूहलाई ३ देखि ५ प्रश्नहरू लेख्न दिनुपर्छ, र ती प्रश्नहरूको उत्तर अर्को समूहले दिनुपर्ने हुन्छ ।
- उनीहरूले लेख्ने हरेक प्रश्न आजको पाठसँग सम्बन्धित हुनुपर्छ ।
- प्रश्नहरू लेखिसके पछि, अर्को समूहलाई ती प्रश्नहरूको उत्तर दिनको लागि पाँचदेखि सात मिनेटको समय दिनुपर्छ । "पहेँलो" समूहले "रातो" समूहका प्रश्नहरूको उत्तर दिनुपर्छ र "रातो" समूहले "पहेँलो" समूहका प्रश्नहरूको उत्तर दिनुपर्छ ।

**पाठको समीक्षा गर्ने क्रियाकलाप : दुई समूह समीक्षा**

कुनै एउटा उपयुक्त समय पछि, शिक्षकले कार्ड अर्थात् कागजका टुक्राहरू संकलन गर्नुपर्नेछ र प्रत्येक समूहबाट सबैभन्दा राम्रो प्रश्न र उत्तरहरूको लागि इनाम वा उनीहरूले प्राप्त गर्ने उचित अंक दिनुपर्ने हुन्छ ।

बालबालिकाहरूको हरेक कक्षामा दुईजना शिक्षकहरू राख्नु उत्तम हुन्छ । यदि त्यहाँ दुईजना शिक्षकहरू भए भने, प्रत्येक समूहमा एकजना शिक्षक समूहको अगुवा (कप्तान) हुन सक्छन् ।

## ५) पाठ लागु गर्नुहोस्

हामी सबैको लागि गर्नुपर्ने काम छ । त्यो कामलाई महान् आज्ञा भनेर भनिएको छ र यो येशू ख्रीष्टले हामीलाई दिनुभएको हो । सोध्नुहोस्, "बालबालिकाहरूले येशू ख्रीष्टको बारेमा कुन कुरा भन्न रूचाउँछन् ?"

यस प्रश्नको जवाफ भन्न चाहेको खण्डमा बालबालिकाहरूलाई भन्न दिनुहोस् र त्यसपछि उनीहरूलाई आठ आधारभूत सत्यताहरू बताउन सहयोग गर्नुहोस् ।

**कथाको मूख्य सारः मानिसहरूलाई येशूमाथि किन विश्वास गर्नुपर्दछ भन्ने कुरा येशूका चेलाहरूले बताएका थिए ।**

**पाठ लागू गर्ने क्रियाकलाप : आठ अत्यावश्यक सत्यता**

यो लागू गर्ने कुरा अघिल्लो दुई पाठहरूको जस्तै हो । बालबालिकाहरू सहित सबै विश्वासीहरू नै ख्रीष्टले हामीलाई दिनुभएको काममा व्यस्त हुनुपर्छ । सबै बालबालिकाहरू पनि बाल मिसनरी (*KMs*) हुन सक्छन् !

# रोचक घटना नं ८०

# प्रेरित २:४२-४७; ४:१-१२; ५:४२

**कथाको मूख्य सारः येशूका चेलाहरू प्रार्थना गर्न, आराधना गर्न, बाइबल पढ्न, संगती गर्न र साक्षी दिनको लागि भेला हुन्थे ।**

**शिक्षक साहायता**

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारले: मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोऱ्याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।



## १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- पत्रुसले येशू खीष्टको सुसमाचार घोषणा गरिसकेपछि ३,००० नयाँ मानिसहरूले विश्वास गरे, शुरूको मण्डलीले ती नयाँ विश्वासीहरूलाई मण्डलीमा समावेश गराउने उपायहरू खोज्यो ।
- यी ३,००० नयाँ विश्वासीहरू दृढ़तापूर्वक विश्वासमा लागिरहे । तिनीहरू स्थिर रहे । तिनीहरू मध्ये कोहि पनि आफ्नो विश्वासबाट पछाडी फर्किएको कुनै कुरा उल्लेख गरिएको छैन ।
- शुरूको मण्डलीले आफूलाई चार आधारभूत विषयहरूमा समर्पण गरेको थियो ।

  १) <u>बाइबलीय प्रशिक्षण -</u> *"प्रेरितहरूको सिद्धान्त"* प्रेरितहरूले घोषणा गरेको शिक्षा वा सिद्धान्तलाई बुझाउँछ । यसको अर्थ यो होइन कि प्रेरितहरूको आफ्नै सिद्धान्त थियो ।

  २) <u>संगती -</u> शुरूका विश्वासीहरूले आफुसँग भएको सबैकुराहरू साझा गरेका थिए । शुरूको मण्डलीले मिलेर प्रार्थना गर्थे, उनीहरूले आ-आफ्नो संघर्ष पनि एकअर्कामा साझा गरेका थिए, र उनीहरूले आफ्नो सम्पत्ति पनि बाँडचुँड गर्दथे ।

  ३) <u>रोटी भाँच्ने वा प्रभुको रात्री भोज -</u> क्रूसमा जानुभन्दा अघि प्रभुको अन्तिम अनुरोध थियो, *"मेरो सम्झनामा यो गर्ने गर ।"* चेलाहरूले यसलाई आफ्नो संगतीमा समावेश गरे । उनीहरूको संगतीमा उहाँको भाँचिएको शरीर र बहाईएको रगतको सम्झना गरे ।

  ४) <u>प्रार्थनाहरू -</u> भर्खरै परिवर्तित चेलाहरू प्रार्थनाको लागि प्रतिबद्ध थिए र तिनीहरूले यसो गर्ने अठोट गरे ।

- शुरूको मण्डली <u>सुसमाचार प्रचार</u>को लागि पनि समर्पित थियो । तिनीहरूको सुसमाचार प्रचारलाई दुई भिन्न रूपमा परिचित गरियो । पहिलो कुरा, येशू खीष्टको पुनरूत्थान भयो । परमेश्वरले येशू खीष्टलाई मृत्युबाट बौराई उठाउनु भएको थियो । दोस्रो, येशू खीष्ट परमेश्वर कहाँ पुग्ने एक मात्र बाटो हुनुहुन्छ । परमेश्वरमा पुग्ने धेरै बाटोहरू छैनन् ।


©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## २) पाठ शुरू गर्नुहोस्

रोचक घटना नं ७७: महान् आज्ञा

१. येशूले आफ्ना चेलाहरूलाई के गर्नुपर्छ भन्नुभयो ?

२. मत्ती २८:१९ पढ्नुहोस् ।

३. येशू ख्रीष्टले आफ्ना चेलाहरूलाई एउटा काम दिनुभयो ।

४. सबै देशका मानिसहरूलाई चेला बनाउन हामीलाई मद्दत गर्नुहोस् भनि परमेश्वरसँग प्रार्थना गर्नुहोस् ।

रोचक घटना नं ७८: येशू ख्रीष्टको स्वर्गारोहण

१. येशू पृथ्वी छोडेर स्वर्गमा उचालिनुभयो । कसले हेरिरहेका थिए ?

२. प्रेरित १: ६-११ पढ्नुहोस् ।

३. चेलाहरूले येशू बादलमा उचालिनुभएको हेरिरहेका थिए ।

४. प्रार्थना गर्नुहोस् कि हामी स्वर्गारोहण हुनुभएको प्रभुको अन्तिम निर्देशनहरू पालन गर्न सकौँ ।

रोचक घटना नं ७९; पत्रुसले सुसमाचार घोषणा गरे ।

१. पत्रुसले किन प्रचार गर्न थाले ?

२. प्रेरित २:१४-२२ पढ्नुहोस् ।

३. येशूका चेलाहरूले अरू मानिसहरूलाई उहाँमाथि किन विश्वास गर्नुपर्दछ भनेर भने ।

४. प्रार्थना गर्नुहोस् कि हामी पनि सुसमाचार प्रचार गर्नको लागि विश्वासयोग्य बन्न सकौँ ।

**पाठ शुरू गर्ने क्रियाकलाप: सोध्नु, पढ्नु, कुरा गर्नु, प्रार्थना गर्नु**

अघिल्लो ३ वटा पाठहरू-बाटको राम्रो समीक्षा गर्ने तरिकाले चारवटा मुख्य तत्वहरूमा ध्यान केन्द्रित गर्दछ ।

१. प्रश्न सोध्ने ।

२. बाइबल पढ्ने ।

३. यस विषयमा कुरा गर्ने ।

४. परमेश्वरलाई प्रार्थना गर्ने ।

## ३) पाठ सिकाउनुहोस्

यदि तपाईंले आफ्नै मण्डली शुरू गर्नुपर्‍यो भने, मण्डलीको सफलताको निम्ति के कस्ता कुराहरू महत्वपूर्ण छन् भनेर सोच्नु भएको छ ? मण्डलीमा तपाईंको बालबालिकाहरूको सेवाकाईको सबैभन्दा महत्वपूर्ण पक्ष के हो ?

## कथा भन्नुहोस्

अब, मण्डली वास्तवमै बढेको थियो...एकै दिनमा ३००० मानिसहरू थपिएका थिए ! एउटा मण्डलीमा एकै दिनमा थपिने मानिसहरूको यो संख्या एकदम धेरै हो । प्रेरितहरूले आ-आफ्नो काम आफैले छुट्ट्याए । परमप्रभुले उनीहरूलाई दिनुभएको अन्तिम काम सबै देशका मानिसहरूलाई चेलाहरू बनाउनु थियो । तिनीहरूसँग भएका परिवर्तित व्यक्तिहरूलाई चेलापनमा डोऱ्याउनु आवश्यक थियो । पाँच आधारभूत कार्यहरूले यी परिवर्तित व्यक्तिहरूलाई इसाई जीवन जीउनको लागि मद्दत गऱ्यो ।

यी परिवर्तन भएका मानिसहरूलाई ईसाई जीवन जीउनको लागि मद्दत गर्न शुरूको मण्डलीको लागि परमेश्वरको वचन नै एक आधारभूत कार्य थियो । प्रेरितहरूले मानिसहरूलाई शिक्षा दिए र मानिसहरूले सुने । वास्तवमा, तिनीहरूले सुनेनन् मात्र, तिनीहरूले प्रेरितहरूको शिक्षालाई हृदयमा जोगाई राखे । तिनीहरूले सुनिराखे र यस बाइबलीय शिक्षाको अझ बढी निरन्तर चाहाना गरे ।

शुरूको मण्डलीले संगती पनि जारी राख्यो । तिनीहरूले आफ्ना चीजहरू एकअर्कामा बाँडचुँड गरे । तिनीहरूले आफूसँग भएका धेरै चीजहरू साझा गरे । उनीहरूले आफ्ना प्रार्थनाहरू र संघर्षहरू पनि बाँडचुँड गरे । तिनीहरूले आफ्नो सम्पत्ति बाँडचुँड गरे र तिनीहरूले आफ्नो विश्वास बाँडचुँड गरे । तिनीहरू एकतामा बढ्दै गए । जबसम्म उनीहरूसँग भएको साझा कुराहरूमा एकताबद्ध भएनन् तब सम्म उनीहरूले संगती गर्न सकेनन् । एकजनालाई जे भयो, सबैलाई त्यस्तै नै भयो । उनीहरूको एकआपसमा धेरै मेलमिलाप थियो र यसले तिनीहरूलाई इसाई जीवन जीउनमा मद्दत गऱ्यो ।

तिनीहरूले रोटी भाँच्ने कामलाई निरन्तरता दिए । उहाँ क्रूसमा जानुभन्दा पहिले येशू ख्रीष्टको अन्तिम अनुरोध त्यो थियो कि तिनीहरूले उहाँको भाँचिएको शरीर र बगाउनु भएको रगतको सम्झना गरुन् । प्रेरितहरूले येशूको यो अन्तिम अनुरोधलाई निरन्तरता दिइरहेका थिए । तिनीहरू आफ्नो ध्यान येशू ख्रीष्टको व्यक्तित्व र काममा केन्द्रित भएको चाहान्थे । प्रभु भोज, उहाँ को हुनुहुन्थ्यो र उहाँले के गर्नुभयो भन्ने कुराको सम्झना गर्ने माध्यम थियो ।

तिनीहरू सँगसँगै प्रार्थनामा पनि लागिरहन्थे । प्रभुले उनीहरूलाई भन्नुभएको थियो कि उहाँको घरलाई प्रार्थनाको घर भनिनु पर्छ र उनीहरूले त्यस कुरालाई गम्भीरतापूर्वक लिएका थिए । उनीहरू सबैकुराको बारेमा प्रार्थना गर्थे र प्रार्थना एउटा आधारभूत कार्य थियो । शुरूको मण्डली प्रार्थना गर्न धेरै रूचाउँथे, जसले उनीहरूलाई इसाई जीवन जीउन मद्दत पुऱ्यायो ।

शुरूको मण्डली सुसमाचारमा केन्द्रित थियो । तिनीहरूले हालै मात्र क्रूसमा टाँगिएका येशू अब पुनरूत्थान हुनुभएको छ भन्ने कुरा सबैले जानून् भन्ने चाहान्थे । उहाँ अब मृतक अवस्थामा हुनुहन्थेन । "स्वर्ग मुनि अरू कुनै नाम छैन जसद्वारा हामीले मुक्ति पाउन सक्छौं" भन्ने कुरा पनि सबैले जानेको उनीहरू चाहान्थे । परमेश्वर कहाँ पुग्नको लागि धेरै बाटोहरू छैनन्, परमेश्वर कहाँ पुग्नको लागि एउटा मात्र बाटो छ र त्यो बाटो येशू ख्रीष्ट हुनुहुन्छ । उहाँ एक मात्र मध्यस्थकर्ता हुनुहुन्छ, धेरै मध्येको एक हुनुहुन्न ।

शुरूको मण्डलीको जीवन उत्साहजनक र बढ्दो थियो । त्यहाँ धेरै नयाँ परिवर्तन भएका मानिसहरू थिए जो इसाई जीवन जीउन चाहान्थे ।

**कथा भन्ने क्रियाकलाप: ईसाई जीवन जीउने**

कसरी ईसाई जीवनका यी पाँच आधारभूत कार्यहरूलाई आफ्नो जीवनको हिस्सा बनाउन सक्छन् भनि शिक्षकले कक्षालाई लेख्न वा भन्न लगाउनुहोस् । केहि बालबालिकाहरूलाई भन्न लगाउनुहोस् र त्यसपछि हरेक पाँचवटा कार्यहरूको बारेमा उनीहरूको विचार लेख्नुहोस् । अब, यी पाँच बुँदाहरूमा विश्वासयोग्य हुनको लागि बालबालिकाहरूलाई प्रोत्साहित गर्नुहोस् ।

- बाइबलीय शिक्षा
- संगती
- रोटी भाँच्ने
- प्रार्थना
- सुसमाचार प्रचार

## कण्ठ गर्नुपर्ने पद

**प्रेरित २:४२ (टि.बी.एस) -** अनि तिनीहरू प्रेरितहरूका शिक्षामा, सङ्गतिमा, रोटी-भँचाइमा र प्रार्थनाहरूमा दृढतापूर्वक लागिरहे ।

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन् । यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो । स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्राय: यूट्यूबमा पनि राखिएका हुन्छन् । तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ ।

यस पाठका निम्ति "धन्यवाद येशू (कोरस नं. २४)" बोलको भजन गाउने सल्लाह दिईन्छ ।

## बाइबलीय क्रियाकलाप

शुरूवातको मण्डलीमा जीवन र सेवकाई

एउटा मण्डली निर्माण गर्नु - शुरू गर्नु अघि, मण्डली निर्माणको लागि बाक्लो कागजको "टुक्राहरू" बनाउनुहोस् । ती सकेसम्म निर्माण गर्ने ईटा जस्तो देखिनु पर्छ । प्रत्येक टुक्रामा, आजको "कथा भन्नुहोस्" खण्डमा प्रयोग गरिएको मध्ये कुनै एउटा तत्व लेख्नुहोस् । यदि तपाईंको कक्षा ठूलो छ र पर्याप्त कागज छ भने, प्रत्येकको अरू शब्दको अरू टुक्राहरू पनि बनाउनुहोस्, जस्तै "बाइबलीय शिक्षा", "संगती", र अरू तीन कुराहरू पनि लेख्नुहोस् ।

यी प्रश्नहरू सोध्नुहोस् :

**"मण्डली कसरी निर्माण हुन्छ ? ईटा, काठ र ढुंगाबाट ? हो, भवन यी चीजहरूबाट बन्दछ, तर, उनीहरू जहाँ मण्डली संगतीको लागि भेला भए पनि, वास्तविक मण्डली मानिसहरू मिलेर बनेको हुन्छ । नयाँ करारमा पहिलो मण्डली कसरी निर्माण गरियो ?"** बालबालिकाहरूलाई आजको पाठमा फेला परेका ५ कुराहरू भन्ने अनुमति दिनुहोस् । तपाईंको मण्डलीले यी सबै कुराहरू कसरी पूरा गर्छ भनेर कुरा गर्नुहोस् । तिनीहरूले जवाफ दिँदा, तिनीहरूलाई अगाडी आउन लगाउनुहोस् र भुइँमा राखिएको एउटा भवनको ईटा राख्न लगाउनुहोस् । तिनीहरूलाई भुइँमा मण्डली भवन जस्तै देखिने तस्विर "निर्माण" गर्न लगाउनुहोस् ।

**कण्ठ गर्नुपर्ने पद**
**क्रियाकलाप: उफ्रनुहोस्**

कण्ठ गर्ने पदको वाक्याशंहरूलाई ठूला ठूला अक्षरहरूमा कागजको पानाहरूमा लेख्नुहोस् । ती पदका वाक्याशंहरू लेखिएको कागजहरूलाई मिश्रित रूपमा एक पाईलामा भेट्न सकिने गरि टेपले भुइँमा टाँस्नुहोस् । बालबालिकाहरूले ती वाक्याशंहरू उच्चारण गर्दै एक पटकमा एउटा वाक्याशंमा क्रम मिलाउदै टेक्नु पर्नेछ । प्रत्येक बालबालिकाहरूलाई यो क्रियाकलाप गर्ने मौका दिनुहोस् ।

## ४) पाठको समीक्षा गर्नुहोस्

सहमत/असहमत भनाईहरू (यदि तपाईं असहमत हुनुहुन्छ भने, किन असहमत हुनुहुन्छ ?)

१. शुरूको मण्डली एक वर्षमा ३,००० जनाले वृद्धि भयो । (असहमत । तिनीहरू एक दिनमा ३,००० जनाले बढेका थिए ।)

२. शुरूको मण्डलीले प्रेरितहरूको शिक्षालाई ध्यान दिएर सुनेका थिए । (सहमत ।)

३. शुरूको मण्डलीले आफ्नो सम्पत्ति सबैलाई बाँड्नु राम्रो विचार हो भन्ने सोचेनन् । (असहमत । तिनीहरूले सोचे कि यो राम्रो विचार हो ।)

४. शुरूको मण्डली हरेक हप्ता प्रभु भोजमा सहभागी भयो । (असहमत । तिनीहरूले कति पटक यो गरे भनेर बाइबलले हामीलाई बताउँदैन ।)

५. सुसमाचार प्रचार केवल प्रेरितहरूले गर्नुपर्ने काम थियो । (असहमत । अरू धेरै व्यक्तिहरूले पनि सुसमाचार सुनाउने कार्य गरिरहेका थिए ।)

**पाठ समीक्षा गर्ने क्रियाकलाप: सहमत र असहमत भनाईहरू**

यी भनाईहरूमा सहमती वा असहमती जनाउनको लागि बालबालिकाहरूले एकदमै रमाइलो मान्नेछन् । उनीहरूलाई सहमती वा असहमती जनाउनको लागि तपाईंको आफ्नै केहि थप भनाईहरू पनि राख्न सक्नुहुन्छ ।

## ५) पाठ लागु गर्नुहोस्

परिवारका लागि असल पाँच तत्वहरूको विकास गरौं । पाँच तत्वहरू मध्ये एउटा छान्नुहोस् । तपाईंले कुन रोज्नु भयो कक्षामा भएको अर्कोलाई भन्नुहोस् । त्यसपछि, कक्षामा एक अर्कालाई भन्नुहोस् कसरी तपाईं यी तत्वहरू मध्येको एउटालाई आफ्नो जीवनमा महत्वपूर्ण बनाउने योजना गर्नुहुन्छ । बालबालिकाहरूले एक अर्कालाई भनुन् र त्यसपछि उनीहरू इसाई जीवनमा बढ्दै जान सकून् भनि उनीहरूको लागि प्रार्थना गर्नुहोस् ।

**कथाको मूख्य सार: येशूका चेलाहरू प्रार्थना गर्न, आराधना गर्न, बाइबल पढ्न, संगती गर्न र साक्षी दिनको लागि भेला हुन्थे ।**

# रोचक घटना नं ८१

# प्रेरित ८:१-३९

**शिक्षक साहायता**

**कथाको मूख्य सारः फिलिपले एक सामरी मानिस र इथियोपियाली अधिकारीलाई सुसमाचार सुनाए ।**

## १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- प्रेरित ८ अध्यायमा इथियोपियावासी अन्यजाति काला व्यक्ति थिए (सम्भवतः) जो यरूशलेमबाट १५०० माईल दुरीमा धेरै देवीदेवताहरूको पूजा गर्ने देशमा बस्दथे । उनी एक सरकारी अधिकारी थिए जो नपुंसक थिए । मोशाको व्यवस्था अनुसार नपुंसकलाई आराधना गर्ने कुरामा विशेष रूपले प्रतिबन्ध लगाइएको थियो ।

- आफ्नो विश्वासको कारण स्तिफनसलाई भर्खरै ढुंगाले हानेर मारिएको थियो । शाऊल त्यही ठाउँमा उपस्थित थिए र हत्याराहरूलाई उत्साह दिँदै आफ्नो स्वीकृति जनाउँदै थिए । त्यस कार्यले भयानक सतावटको शुरूवात गरायो । प्रेरितहरू बाहेक, धेरै विश्वासीहरू तितरबितर भए र यरूशलेमको आफ्नो घर छोड्नु पर्ने भयो ।

- सतावटको कारण, फिलिप यरूशलेमको उत्तरमा पर्ने सामरियामा सुसमाचार प्रचार गर्न गए । यद्यपि उनी इथियोपियाली अधिकारीलाई खीष्टको बारेमा बताउन यरूशलेमको दक्षिणपश्चिमको गाजामा परमप्रभुद्वारा निर्देशीत गरिएका थिए ।

- स्तिफनस (प्रेरित ६-७) र फिलिपको (प्रेरित ८) बीचमा घनिष्ट सम्बन्ध थियो । दुवैजनालाई प्रेरित ६:५ मा उल्लेख गरिएका छन् किनकि तिनीहरू छानिएका सात जना मध्यका थिए । तिनीहरूका नामहरूले पनि प्रेरित ६:८-८:४० बाट एउटै कथालाई निरन्तरता दिएको पाइन्छ ।

- परमप्रभुले फिलिपलाई एउटा खास ठाउँमा "मरूभूमिको बाटो" तिर जाने निर्देशन दिनुभयो । तब त्यहाँ फिलिपले एउटा विशेष व्यक्तिलाई भेट्टाए जसले यशैया ५३ पढ्दै थिए तर उनले के पढिरहेको थियो त्यो बुझिरहेको थिएनन् ।

- फिलिपले इथियोपियाली अफिसरसँग त्यो अवसरको सदुपयोग गरे । यशैया ५३:७-८ बारेमा अधिकारीले बुझ्न नसकेको कारणले फिलिपले सुसमाचार सुनाउने मौका पाएको थिए । इथियोपियाली अधिकारीले विश्वास गरे र तुरून्तै बप्तिस्मा पनि लिईहाले ।

- फिलिपले पुरानो करारको प्रयोग गरी यस इथियोपियाली अधिकारीलाई येशू खीष्टमा विश्वास गर्न अगुवाई गरे ।

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारलेः मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोऱ्याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।

©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## २) पाठ शुरू गर्नुहोस्

हामी अहिले सम्म अध्ययन गरिसकेका समय अवधिहरूको समीक्षा गर्नेछौं ।

- क्रम अनुसार, यी युगहरू वा समय अवधिहरू के के हुन् ? (शुरूवात, राष्ट्रको शुरूवात, भूमि अधिकार, संयुक्त राज्य, विभाजित राज्य, निर्वासन, फर्किएको, येशू खीष्टको प्रारम्भिक जीवन, र येशू खीष्टको सेवकाई)
- प्रत्येक समय अवधिमा हामीले भेट्ने मानिसहरू को को हुन् ?
  १) शुरूवातः आदम र हव्वा, लुसिफर, कयिन, हाबिल र नोआ
  २) राष्ट्रको शुरूवातः अब्राहाम, सारा, इसहाक, रिबेका, याकूब, योसेफ, मोशा, र फारो
  ३) भूमि अधिकारमाः योहोशू , गिदोन, र शमूएल
  ४) संयुक्त राज्यः शाऊल र दाऊद
  ५) विभाजित राज्यः यरोबाम, एलिया, र एलीशा
  ६) कैदमा लागिएकोः दानिएल र इजकिएल
  ७) घरमा फर्किएकोः एज्रा र दानिएल
  ८) येशू खीष्टको प्रारम्भिक जीवनः हन्ना, शिमियोन, मरियम, युसुफ, र येशू
  ९) येशू खीष्टको सेवकाईः शैतान, बप्तिस्मा दिने यूहन्ना, चेलाहरू, निकोदेमस, सामरी स्त्री र येशू खीष्ट
  १०) विश्वासघात र येशू खीष्टको मृत्युः येशू खीष्ट, उहाँका चेलाहरू र यहूदा इस्कोरियोत
  ११) विजय र जीवनः पुनरूत्थान हुनुभएको खीष्ट, पत्रुस र प्रेरितहरू
  १२) मण्डलीः येशू खीष्ट र पत्रुस

**पाठ शुरू गर्ने क्रियाकलापः बल टस**

आफ्नो कक्षाका विद्यार्थीहरूलाई गोलो घेरामा बस्न लगाएर एउटा कुनै पनि प्रकारको बल दिनुहोस् । उक्त बल पालैसँग एकअर्कालाई गुडाएर दिन लगाउनुहोस् । जब कुनै बालबालिकाले बल समाउँछ, त्यस बालबालिकालाई प्रश्नको पहिलो भागको उत्तर दिन लगाउनुहोस् । यदि उनीहरूले गलत जवाफ दिएको खण्डमा त्यहि बेला उत्तर सच्याउने कार्य नगर्नुहोस् । उक्त बालबालिकालाई अर्को प्रश्नको लागि बल अर्को बालबालिकातर्फ गुडाउन लगाउनुहोस् ।

## ३) पाठ सिकाउनुहोस्

सतावटको कारण शुरूको मण्डलीका धेरै मानिसहरूले घर छोड्नु परेको थियो । तपाईंले आफ्नो घर छोड्नु नपरेता पनि वा परेतापनि, के तपाईं येशू खीष्टको बारेमा सुसमाचार सुनाउन इच्छुक हुनुहुनेछ ? किन ? किन हुनुहुन्न ?

## कथा भन्नुहोस्

येशू खीष्टमा विश्वास गरेको कारण स्तिफनसलाई भर्खरै ढुंगाले हानेर मारिएको थियो । शाऊलले यो एक राम्रो विचार हो भन्ने सोचेर हत्याराहरूको प्रशंसा गरिरहेका थिए । त्यसैले गर्दा, एउटा डरलाग्दो सतावटको शुरूवात भयो । यरूशलेमका थुप्रै विश्वासीहरूले आफ्नो घर छोड्नु परेको थियो । स्तिफनसको साथी फिलिपले आफ्नो घर छोडे र येशू खीष्टको सुसमाचार प्रचार गर्न सामरीया तिर गए । सामरीया यरूशलेमको उत्तरी भागमा पर्दथ्यो । सामरीयामा शिमोनले सबैलाई आफ्नो जादूद्वारा आश्चर्य चकित बनाई रहेका थिए । जवान र बुढा, सबै उमेरका मानिसहरू उनका जादुमय कार्यहरू देखेर छक्क परिरहेको अवस्था थियो । फिलिप सामरीयामा हुँदा, धेरै मानिसहरूले खीष्टमा विश्वास गरे र शिमोनका कार्यहरूलाई बेवास्ता गरे । त्यसपछि, शिमोन पनि खीष्टमा विश्वास गर्न आए र बप्तिस्मा लिए । शिमोन एक जादुगर थिए र एक “महान् जादुगर” को रूपमा प्रख्यात थिए । “महान् जादूगरले” खीष्टमा विश्वास गरिसकेपछि, उनी प्रेरितहरूसित भएको बरदान किन्न चाहान्थे । उसलाई पत्रुस र यूहन्नाले हप्काएका थिए । तिनीहरूले उसलाई भने कि परमेश्वरको उपहार पैसाले प्राप्त गर्न सकिँदैन ।

पत्रुस र यूहन्ना यरूशलेम फर्किए । उनीहरूले बाटोमा, सामरीयाका अन्य शहरहरू र गाउँहरूमा पनि सुसमाचार प्रचार गरे । अर्कोतर्फ, परमप्रभुले फिलिपलाई मरूभूमिको बाटोमा निर्देशित गर्नुभयो । त्यहाँ एक इथियोपियाली अधिकारी थिए जो पुरानो करार पढ्दै थिए र उसले यो बुझ्न सकिरहेको थिएन । उसले पढिरहेको खण्डमा यो थियो, “ऊ थिचोमिचोमा पऱ्यो र उसलाई कष्ट दिइयो, तर पनि उसले आफ्नो मुख खोलेन; एउटा भेडाको पाठोझैँ ऊ मारिनका निम्ति ल्याइयो, अनि जसरी भेडा आफ्ना ऊन कत्रनेहरूको सामु गुँगा रहन्छ, त्यसरी नै उसले पनि आफ्नो मुख खोलेन । थुना र न्यायबाट भएर ऊ लगियो; अनि कसले उसको पुस्ता विचार गरेको छ ? किनकि ऊ ता जीवितहरूको देशबाट काटिएको थियो; मेरो प्रजाको अपराधको कारणले प्रहार उसमाथि पऱ्यो ।” ती अधिकारीले फिलिपलाई उसको रथमा बोलाए र भने, “*कृपया मलाई भन्नुहोस्, भविष्यवक्ताले यहाँ कसको बारेमा बोलिरहेका थिए, आफ्नै वा अरू कसैको बारेमा ?*”

फेरि फिलिपले त्यस अवसरको उपयोग गरे र इथियोपियाली नपुंसकलाई येशू खीष्टमा उनको विश्वास कसरी राख्ने भन्ने कुरा पनि बताए जुन उनले वास्तवमै गरिहाले । त्यसपछि, नपुंसकले रथ रोके र फिलिपले उनलाई बप्तिस्मा दिए । परमेश्वरबाटको यो एउटा विशेष आश्चर्यकर्म थियो कि इथियोपियाली अधिकारीले खीष्टमा विश्वास गरे । त्यसपछि, अर्को विशेष आश्चर्यकर्म भयो । एक्कासि परमप्रभुले फिलिपलाई लिएर जानुभयो र इथियोपियाली अधिकारीले उनलाई फेरि कहिल्यै देखेनन् । तर, ऊ आफ्नो खीष्टमा पाएको नयाँ विश्वासमा रमाउँदै आफ्नो बाटो लाग्यो ।

यसरी, यरूशलेमको उत्तरतर्फ भएको एउटा सामरीहरूको पूरै गाउँले नै खीष्टमा विश्वास गरे । यरूशलेमको दक्षिणपश्चिममा पनि एक जना इथियोपियाली मानिसले खीष्टमा विश्वास गरे । सुसमाचार यरूशलेमको किनारबाट बाहिर गइरहेको थियो । विश्वासीहरूले असाधारण ठाउँहरूमा र गैर-यहूदीहरूलाई सुसमाचार प्रचार गरिरहेका थिए ।

**कथा भन्ने क्रियाकलापः दुई घोषणा - एक उद्देश्य**

जब शिक्षकले यो कथा भन्छन्, कक्षालाई सुन्ने काम दिनुहोस् । ती कामहरू यी हुन्:

- फिलिपले साक्षी दिने अवसर पाएको दुई घटनाहरूमा के समानता छ ?
- फिलिपले साक्षी दिने अवसर पाएको दुई घटनाहरूमा के समानता छैनन् ?

## कण्ठ गर्नुपर्ने पद

**यशैया ५३:७ (टि.बी.एस) -** ऊ थिचोमिचोमा पऱ्यो र उसलाई कष्ट दिइयो, तर पनि उसले आफ्नो मुख खोलेन; एउटा भेडाको पाठोझैं ऊ मारिनका निम्ति ल्याइयो, अनि जसरी भेडा आफ्ना ऊन कत्रनेहरूको सामु गुँगा रहन्छ, त्यसरी नै उसले पनि आफ्नो मुख खोलन ।

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन् । यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो । स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्रायः यूट्यूबमा पनि राखिएका हुन्छन् । तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ ।

यस पाठका निम्ति "धन्यवाद येशू (कोरस नं. २४)" बोलको भजन गाउने सल्लाह दिईन्छ ।

## बाइबलीय क्रियाकलाप

नाटक - **"हामी पनि धेरै वर्ष पहिले त्यहाँ त्यस मरूभूमिको बाटोमा भएको जस्तो नाटक गरौं ।"** फिलिपको भूमिकामा अभिनय गर्न एउटा बालबालिकालाई छान्नुहोस्, अर्को एउटालाई इथियोपियाली अधिकारी बनाउनुहोस्, रथ चालक, पत्रुस, यूहन्ना र शायद अरू केहि रथमा हुनेहरूको अभिनय गर्नको लागि पनि बालबालिकाहरू छान्नुहोस् । पत्रुस, यूहन्ना र फिलिपले सामरीयामा सँगै प्रचार र शिक्षा दिन शुरू गरे । दोस्रो दृश्य फिलिप र इथियोपियन मरूभूमिको बाटोमा । बालबालिकाहरूलाई कथा अनुसार "नाटक गर्न" निर्देशन गर्नुहोस् । शुरूको मण्डलीमा भएको त्यस विशेष र अनुपम समयमा भएको जस्तै महसुस गर्दै अभिनय गर्नलाई मद्दत गर्नुहोस् । कसैले येशूमा विश्वास गरेपछि हुने आनन्दमा जोड दिनुहोस् ।

### पद कण्ठ गर्ने क्रियाकलापः कक्षाको वरिपरी

बालबालिकाहरूलाई गोलो घेरामा बस्न लगाउनुहोस् र कुनै गीतको धुन बजाउँदै कण्ठ गर्ने पद लेखिएको कागजको टुक्रा एकअर्कालाई पास गर्न लगाउनुहोस् । जब गीत रोकिन्छ तब जसको हातमा त्यो कागजको टुक्रा हुनेछ उसले पद भन्ने प्रयास गर्नुपर्छ । सबैजनालाई सम्पूर्ण पद कण्ठ नभएसम्म यो क्रियाकलाप निरन्तर गर्न सक्नुहुन्छ ।

## ४) पाठको समीक्षा गर्नुहोस्

कक्षामा केहि स्वयंसेवकहरूलाई बोलाउनुहोस् र बोर्ड वा कागजको ठुलो पानामा यस पाठबाट जान्न पर्ने पाँचवटा सबैभन्दा महत्वपूर्ण कुराहरू लेखेर सबैले देख्ने ठाउँमा राख्न लगाउनुहोस् ।

उदाहरणका लागि :

१. सामरीयाका सम्पूर्ण गाउँलेहरूले ख्रीष्टमा विश्वास गरे ।

२. परमेश्वरले फिलिपलाई येशू ख्रीष्टको सुसमाचार सुनाउन निर्देशन गर्नुभयो ।

३. सामरी र इथियोपियालीहरूले पनि सुसमाचार सुन्नु महत्वपूर्ण थियो ।

४. जब परमप्रभुले उनलाई कहिँ पठाउनु भयो तब फिलिपले उहाँको आज्ञापालन गरे ।

५. फिलिपले सुसमाचार सुनाउँदा परमेश्वरको वचनको प्रयोग गरे ।

**पाठ समीक्षा गर्ने क्रियाकलापः ५ लेखकहरू**

पाँच जना स्वयंसेवकहरूलाई कक्षाको अगाडि आएर पाठबाट सिक्न पर्ने एउटा एउटा महत्वपूर्ण कुराहरू लेख्न लगाउनुहोस् । यी किन महत्वपूर्ण छन् भनि सोध्नुहोस् ।

## ५) पाठ लागु गर्नुहोस्

जब प्रभुले उनलाई कहाँ जानु पर्ने र के भन्नु पर्ने सो देखाउनुभयो तब फिलिपले प्रभुको आज्ञापालन गरे ।

ती व्यक्तिहरूको नाम दिनुहोस् जसलाई तपाईंले सुसमाचार सुनाउनुपर्छ भन्ने लाग्छ । तिनीहरूको लागि प्रार्थना गर्नुहोस् । अनि, तिनीहरूलाई सुसमाचार सुनाउने प्रयास गर्नुहोस् । तपाईंले उनीहरूलाई येशूबारे जान्न र येशूमा विश्वास गर्नलाई मद्दत गर्नको लागि “आठ आधारभूत सत्यताहरू” को प्रयोग गर्न सक्नुहोस् ।

**कथाको मूख्य सारः फिलिपले एक सामरी मानिस र इथियोपियाली अधिकारीलाई सुसमाचार सुनाए ।**

# रोचक घटना नं ८२

# प्रेरित ९:१-१९

**कथाको मूख्य सारः परमेश्वरले शाऊलको जीवन परिवर्तन गर्नुभयो ।**

## १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- लूकाले शाऊलको जीवन परिवर्तनको विषयमा तीन पटकसम्म उल्लेख गरेका छन्; प्रेरित, ९ ,२२, र २६ ।
- शाऊल यरूशलेमका वासिन्दा थिए तर खीष्टियनहरूलाई सताउनको लागि उनले दमस्कससम्मको लामो यात्रा गरेका थिए । (प्रेरित ७ अध्याय) स्तिफनसद्वारा गरिएको चुनौती शाऊलको पक्षबाट विश्वासीहरूलाई सिध्याउने नयाँ प्रयास भएको हुन सक्छ । यदि स्तिफनसको सन्देश सही थियो भने, व्यवस्थाको मान्यता हुने थिएन, त्यसैले शाऊल आफ्नो यहूदी विश्वासप्रति प्रतिबद्धता साथ लागिपरेका थिए ।
- जब शाऊलले पुनरूत्थान हुनुभएको खीष्ट थेशूको सामना गरेका थिए तब शाऊलले दुईवटा प्रश्नहरू सोधेका थिए: *"तपाईं को हुनुहुन्छ ?"* र *"तपाईं मैले के गरेको चाहानुहुन्छ ?"* शाऊलको परिवर्तन विशेष र नाटकीय थियो । धेरै परिवर्तनहरू सामान्य छन् र नाटकीय प्रकारका छैनन् ।
- शाऊलसँग यात्रा गरिरहेका मानिसहरूले आवाज सुने तर आवाज बुझेनन् । शाऊलले त्यो आवाज सुने र बुझे । उनले चम्किलो उज्यालो ज्योति पनि देखे ।
- शाऊलको *"शरीरमा काँडा"* (२ कोरिन्थी १२:७) शायद कमजोर आँखा थियो । यो घटना उसको दृष्टि कमजोर हुँदै जाने कुराको शुरूवात भएको हुन सक्छ ।
- हननियालाई दर्शनद्वारा सीधा नामक मार्गमा शाऊललाई भेट्न भनिएको थियो जुन दुई समानान्तर सडक मध्येको एउटा थियो जसले पूर्वी पर्खाल र दमस्कसको पश्चिमी पर्खाललाई जोडेको थियो ।
- प्रेरितको पुस्तकमा (९:१३) विश्वासीहरूलाई पहिले "सन्तहरू" भनिएको छ । रोमी १:१; एफिसी १:१; र फिलिप्पी १:१ मा ग्रीक शब्द हागियोस, वा "अलग गरिएका" भन्ने शब्दको पनि प्रयोग गरिएको छ ।

**शिक्षक साहायता**

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारले: मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोऱ्याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।

©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## २) पाठ शुरू गर्नुहोस्

तपाईंहरू बाइबलको एउटा महान् कथा सिक्दै हुनुहुन्छ भनि तपाईंको कक्षालाई स्मरण गराउनुहोस् । जबकि बाइबलमा धेरै कथाहरू छन्, ती सबै कथाहरू बाइबलको एउटा मुख्य विषयसँग वा कथासँग सम्बन्धित छन् । यो एउटा आशाको कथा हो । त्यसैकारण, तपाईंको विद्यार्थीहरूलाई त्यो कथा बुझ्नको लागि र सबै पाठहरूलाई एकसाथ मिलाउनको लागि सहायता गर्न, हामी अगाडिका पाठहरूको समीक्षा गर्नेछौं । "**हामीले बाइबलमा अध्ययन गरेका मुख्य घटनाहरू के के हुन् ?**" भनेर सोध्नुहोस् ।

- परमेश्वर सधैं अस्तित्वमा हुनुहुन्थ्यो र उहाँ सधैं शक्तिशाली हुनुहुन्छ ।
- परमेश्वरले पृथ्वी र यसमा भएका सबैथोकहरू बनाउनुभयो ।
- लुसिफर वा शैतानले आदम र हव्वालाई छल गर्‍यो । तिनीहरूले परमेश्वरको आज्ञा उल्लङ्घन गरि पाप गरे ।
- परमेश्वरले नोआ र तिनको परिवारलाई बचाउनुभयो किनभने नोआ एक धर्मी मानिस थिए ।
- परमेश्वरले अब्राहामलाई विशेष प्रतिज्ञाहरू गर्नुभयो ।
- याकूबले परमेश्वरका स्वर्गदूतसँग कुस्ती गरेर नयाँ नाम इस्राएल पाए ।
- परमेश्वरले दस आज्ञा नामक आत्मिक र नैतिक नियमको स्थापना गर्नुभयो ।
- परमेश्वरले दाऊदलाई राजा हुनको लागि चुन्नुभयो । उहाँले एक दिन सधैंको लागि राजा हुनलाई एकजना पठाउनु हुने थियो ।
- इस्राएल र यहूदा अश्शूरमा र बेबिलोनमा निर्वासित भएका थिए ।
- यहूदीहरू मन्दिर र पर्खाल निर्माण गर्नका लागि निर्वासनबाट आफ्नो भूमि फर्केका थिए ।
- पुरानो र नयाँ करारको बीचमा धेरै परिवर्तनहरू भएका थिए ।
- येशू जन्मनुभयो ।
- येशूको जीवनको शुरूका घटनाहरूले गर्दा उहाँलाई एउटा विशेष व्यक्तिको रूपमा पहिचान गरायो ।
- येशूले १२ जना मानिसहरूलाई आफ्ना चेलाहरू हुनको लागि चुन्नुभयो ।
- येशूले आँधी र दुष्टआत्माहरूमाथि आफ्नो शक्ति देखाउनुभयो ।
- येशू भीडको प्रशंसा सहित यरूशलेम प्रवेश गर्नुभयो ।
- यहूदा इस्करियोतले येशूलाई धोका दियो ।
- येशू मर्नुभयो, गाडिनुभयो र फेरि बौरी उठनुभयो ।
- येशू धेरै मानिसहरूका सामु देखा पर्नुभयो ।
- येशू स्वर्गमा उचालिनुभयो ।

**पाठ शुरू गर्ने क्रियाकलाप: मुख्य घटनाहरू**

समीक्षा गर्नु चाहिँ सिकाईको एउटा महत्वपूर्ण भाग हो । यहाँ १९ वटा घटनाहरू सूचीगत गरिएका छन् । प्रत्येक घटनाहरूलाई कागजको छुट्टा छुट्टै पानाहरूमा वा पोस्टरमा र बोर्डमा लेख्नुहोस् र बालबालिकाहरूलाई घटनाहरू क्रमैसँग मिलाएर राख्न लगाउनुहोस् । उनीहरूलाई २ वा ३ जनाको सानो समूहमा विभाजन भई सँगै मिलेर यो काम गर्न दिनुहोस् । प्रत्येक समूहले यी घटनाहरू सही क्रममा मिलाएर राख्नको लागि कति समय लिन्छन् सो हेर्नुहोस् । जित्ने समूहको लागि पुरस्कारको व्यवस्था पनि गर्न सक्नुहुन्छ ।

## ३) पाठ सिकाउनुहोस्

परिवर्तनको शुरूवात विचार परिवर्तनद्वारा हुन्छ जसले विश्वासको प्रतिक्रियाद्वारा परिणाम देखाउँदछ । हाम्रो हृदयको परिवर्तनले बद्लिएको जीवन प्रकट गर्दछ ।

के तपाईंले इसाई भएर जीवनमा परिवर्तन भएको कोहि व्यक्ति चिन्नुभएको छ ?

## कथा भन्नुहोस्

मण्डली इतिहासमा, येशू खीष्ट बाहेक खीष्टयान इतिहासमा सम्भवतः पावलले भन्दा बढी अरू कसैले पनि प्रभाव पार्न सकेको थिएन। जसको नाम पहिले शाऊल थियो। शाऊलले विश्वासीहरूलाई घृणापूर्वक अत्यन्तै दुख दिईरहेका थिए। उनी तिनीहरूलाई सताउनको लागि नजिकै र टाढा पनि गएर कसै कसैको हत्या पनि गर्दथे। शाऊल एक धार्मिक मानिस थिए। उनले यरूशलेमको सबैभन्दा महत्वपूर्ण यहूदी शिक्षकको अधिनमा अध्ययन गरेका थिए। उनी पुरानो करारको व्यवस्थामा समर्पित थियो। उनी फरिसी दलको थिए, जसको मतलब यो थियो कि उनी धार्मिक मात्र थिएनन् तर एकदमै धार्मिक थिए। तर जब इसाईहरूको कुरा आउँथ्यो, शाऊलले आफ्नो क्रोधलाई नियन्त्रण गर्न सक्दैन थिए। उनी ईसाईहरूको विल्कुलै विपक्षमा थिए र उनले इसाईहरूलाई सताउनुपर्छ र मार्नुपर्छ भन्ने धारणा राखेका थिए। त्यहि कुरा स्तिफनसको जीवनमा लागू गरियो। स्तिफनसलाई ढुंगाले हानेर मार्ने समयमा शाऊल पनि त्यहि भीडमा उपस्थित थिए।

एकदिन दमस्कस जाने बाटोमा, अरू इसाईहरूलाई खोजेर दुःख दिने विचारले शाऊल दमस्कसतर्फ गईरहेका थिए। तब चम्किलो ज्योति देखे र एउटा आवाज सुने। उनले आवाज बुझे तर उनको साथमा यात्रा गर्ने साथीहरूले भने त्यस आवाज बुझ्न सकेनन्। यद्यपि, तिनीहरूले ज्योति चाहिँ देखेका थिए। स्वर्गबाट आएको आवाजले शाऊललाई भन्यो, *"शाऊल, तिमी मलाई किन सताउँछौ ?"* स्पष्ट रूपमा, शाऊलले आवाज परमेश्वरबाट नै आएको हो भनेर उनले जवाफ दिए, *"प्रभु, तपाईं को हुनुहुन्छ ?"* स्वर्गबाट आएको आवाजले भन्यो, "म येशू हुँ, जसलाई तिमी सताउँछौ।"

त्यसपछि शाऊलले दोस्रो प्रश्न सोधे, "तपाईं मैले के गरेको चाहानुहुन्छ ? " स्वर्गबाट आएको आवाजले उसलाई कुनै एउटा निश्चित ठाउँमा जानु भन्ने निर्देशन दिनुभयो। परमेश्वरले शाऊलाई अस्थायी रूपमा अन्धो बनाईदिनु भएको कारणले उनका साथीहरूले उनलाई दमस्कसतर्फ यहूदाको घरमा लगे जुन सिधा भनिने मार्गमा थियो। सपनामा, परमेश्वरले दमस्कसका एक विश्वासीलाई शाऊललाई भेटेर मद्दत गर्न निर्देशन दिनुभयो। यस विश्वासीको नाम हननिया थियो र उनी डराए। किनभने शाऊलले इसाईहरूलाई के गरिरहेका थिए भन्ने कुरा उनलाई थाहा थियो। त्यो कुरा प्रायः सबैलाई नै थाहा थियो। तर उनले परमप्रभुको आज्ञापालन गरे र सिधा मार्गमा भएको यहूदाको घरमा गएर शाऊललाई भेटे र उसले शाऊलसँग कुरा गर्दा गर्दै शाऊलका आँखाहरू खुले। तुरुन्तै, शाऊल आफ्नो खुट्टामा उभिए, बप्तिस्मा लिए र त्यसपछि भोजन खाए।

शाऊल केहि समयको लागि दमस्कसका विश्वासीहरूसँग बसे र त्यसपछि उनले काम गर्ने अधिकार पाए। शाऊलले येशू खीष्ट नै परमेश्वरका पुत्र हुनुहुन्छ भनेर प्रचार गर्न थाले। सबै विश्वासीहरूलाई के गर्ने थाहा थिएन। उनीहरू अत्यन्तै आश्चर्यचकित भएका थिए ! उनीहरूलाई थाहा थियो कि शाऊलले मण्डलीलाई नाश गर्न खोजिरहेका थिए तर अब उनले येशू नै खीष्ट हुनुहुन्छ भन्ने कुरा खुल्लमखुल्ला प्रचार गर्दै थिए। यो कल्पना गर्न सकिने भन्दा एकदमै ठूलो परिवर्तन थियो।

धेरै समयसम्म शाऊलले सुसमाचार प्रचार गरेपछि यहूदीहरूले उनलाई मार्न खोजे। उनले तिनीहरूलाई पिठ्यूँ फर्काएको र विश्वासघात गरेको भन्ठाने। एक समय उनले इसाईहरूलाई चोट पुऱ्याइरहेको थिए भने, अब उनी तिनीहरूसँगै परमप्रभुको आराधना गरिरहेका थिए।

**कथा भन्ने क्रियाकलापः जवाफ दिनको लागि सबैजनालाई दुईवटा महत्वपूर्ण प्रश्नहरू**

शिक्षकले यो कथा भन्दै गर्दा, बालबालिकाहरूले ती दुई महत्वपूर्ण प्रश्नहरूको जवाफ पत्ता लगाउनको लागि ध्यान दिएर सुन्नपर्छ। यदि परमेश्वरले यी दुई प्रश्नहरू सोध्नुभयो भने कसरी जवाफ दिने भनेर उनीहरूलाई छलफल गर्न लगाउनुहोस्।

- परमप्रभु, तपाईं को हुनुहुन्छ ?
- मैले के गरेको तपाईं चाहानुहुन्छ ?

## कण्ठ गर्नुपर्ने पद

**प्रेरित ९:१५ (टि.बी.एस) -** तर प्रभुले तिनलाई भन्नुभयो: "तिमी जाऊ, किनकि ऊ अन्यजातिहरू, राजाहरू र इस्राएलका सन्तानहरूको सामु मेरो नामको घोषणा गर्नलाई मेरा लागि चुनिएको भाँड़ा हो;

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन्। यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो। स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्राय: यूट्यूबमा पनि राखिएका हुन्छन्। तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ।

यस पाठका निम्ति "धन्यवाद येशू (कोरस नं. २४)" बोलको भजन गाउने सल्लाह दिईन्छ।

## बाइबलीय क्रियाकलाप

बालबालिकाहरूलाई दुई समूहमा विभाजन गर्नुहोस् र पहिलो समूहलाई येशूलाई भेट्नु भन्दा अगाडी शाऊलको विषयमा के सिक्न सक्छन् भनेर पत्ता लगाउन दिनुहोस्। दोस्रो समूहलाई येशूसँग भेट भएपछि शाऊलको जीवनमा भएको भिन्नताले के संकेत गदर्छ भनेर पत्ता लगाउन दिनुहोस्।

प्रेरित ९:१-१९ सबैलाई पढ्न दिनुहोस्, त्यसपछि लगत्तै कक्षाबाट कुनै एकजना स्वयम्सेवकलाई कथा भन्न लगाउनुहोस्। पहिलो समूहलाई शाऊलले येशूलाई भेट्नु भन्दा अगाडीको जीवनको वर्णन गर्न लगाउनुहोस् र दोस्रो समूहलाई येशूलाई भेटिसकेपछिको शाऊलको जीवनको वर्णन गर्न लगाउनुहोस्।

### बाइबल कण्ठ गर्ने क्रियाकलाप : रिले दौड

बालबालिकाहरूको दुई समूह बनाउनुहोस्। कण्ठ गर्नुपर्ने पदलाई ठुला-ठूला अक्षरहरूमा लेखेर समूह भन्दा करिब ३० फुट टाढा राख्नुहोस्। त्यसपछि बालबालिकाहरूलाई कण्ठ गर्नुपर्ने पद सम्म पालैपालो दौडन लगाउनुहोस् र त्यहाँ पुगिसके पछि पदको एकपछि अर्को शब्द ठुलो आवाजमा पढ्न लगाउनुहोस् ताकि त्यहाँ भएका सबैजनाले त्यो सुन्न सकुन्। जब प्रत्येक बालबालिकाहरूले आफ्नो एउटा शब्द पढिसक्छ तब फर्केर समूहमा जानुपर्छ र लाईनमा बसेको अर्को बालबालिकालाई छुनुपर्छ र यस प्रक्रियालाई पदमा भएको सबै शब्दहरू पढेर नसकिए सम्म दोहोराईराख्नुहोस्। जब सम्म सबैलाई पद कण्ठ हुदैन तब सम्म यसलाई दोहोराई राख्नुहोस्।

## ४) पाठको समीक्षा गर्नुहोस्

कक्षालाई दुई समूहमा विभाजन गर्नुहोस् । समूहहरूलाई एक मिनेटको समय दिएर शाऊलको परिवर्तनको बारेमा सकेसम्म धेरै भनाईहरू लेख्न लगाउनुहोस् । यहाँ तल केहि उदाहरणहरू दिइएका छन्:

- इसाईहरूलाई सताउनको लागि शाऊल यरूशलेमबाट दमस्कस जाँदै थिए ।
- शाऊलसँग यात्रा गरिरहेका साथीहरूले उज्यालो ज्योति देखे र आवाज सुने, तर तिनीहरूले आवाज भने बुझ्न सकेनन् ।
- शाऊलले चम्किरहेको ज्योति देखे र आवाज सुने । स्वर्गबाट आएको आवाजले के भनेको हो उनले त्यो बुझिरहेका थिए ।
- शाऊलले परमप्रभुलाई दुईवटा महत्वपूर्ण प्रश्नहरू सोधेका थिए: प्रभु, तपाईं को हुनुहुन्छ ? र मैले के गरेको चाहानुहुन्छ ?
- अदालत गए र गवाही दिए भने उनीहरूले पुरै सत्य बोल्नुपर्ने थियो ।

**पाठ समीक्षा गर्ने क्रियाकलाप: एक मिनटको सूची**

शिक्षकले पाठको बारेमा जति सक्दो धेरै तथ्यहरूको सूची बनाउन प्रत्येक समूहलाई एक मिनटको समय दिनुपर्दछ ।

एक मिनेट सकिएपछि, उनीहरूले बनाएको सूचीको तुलना गर्नुहोस् र कसले धेरै तथ्यहरू लेखेका छन् सो हेर्नुहोस् । तपाईंले तथ्य कुराहरू खोज्दै हुनुहुन्छ भनि बालबालिकाहरूले याद गर्नुपर्छ भनेर निश्चित गर्नुहोस् ।

## ५) पाठ लागु गर्नुहोस्

तिनीहरू जो ख्रीष्टमा विश्वासद्वारा परिवर्तन भएका छन् उनीहरू यो कुरा आफ्नो दैनिक जीवनमा देखाउन चाहान्छन् ।

विश्वासीहरूले दैनिक जीवनमा ख्रीष्टमाथिको विश्वासद्वारा परिवर्तन भएका छन् भनि देखाउन सक्ने एउटा तरिका दिनुहोस् ।

**कथाको मूख्य सार: परमेश्वरले शाऊलको जीवन परिवर्तन गर्नुभयो ।**

# रोचक घटना नं ८३

# प्रेरित १०:१-४८

**कथाको मूख्य सारः कुनै पनि व्यक्तिलाई तुच्छ वा अपवित्र ठान्नु हुँदैन ।**

## १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- यो कैसरिया भन्ने ठाउँ भूमध्यसागरको समुद्री तटमा अवस्थित थियो । यो योप्पाबाट ३२ माईलको दूरीमा थियो, जुन इस्राएलको भूमध्य सागरमा अवस्थित सबैभन्दा ठूलो र महत्वपूर्ण बन्दरगाहको शहर हो । कैसरिया यहूदियाको रोमी प्रान्तको राजधानी थियो । यो शहर अन्यजाति इसाईहरू र गैर-यहूदी मण्डलीहरू भएको पहिलो शहर थियो ।
- कर्नेलियस रोमी सिपाहीका एक कप्तान थिए । उसँग १०० सिपाहीहरूमाथि कमाण्ड गर्ने अधिकार थियो । कर्नेलियस कैसरियामा नियुक्त थिए तर शायद छिट्टै रोम फर्कन लागेका हुन सक्छन् । तसर्थ, उनको परिवर्तनको कारणले उनलाई रोममा फर्केर जाँदा बाधा आउने सम्भावना थियो ।
- कर्नेलियसले दिनको तीन बजेतिर दर्शनमा परमेश्वरका एकजना दूतलाई आफूकहाँ आईरहेका देखेका थिए । भोलिपल्ट, पत्रुस भोकाएको अवस्थामा थिए र केहि समयपछि उनी अचेत भए । त्यहि अचेत अवस्थामा, परमेश्वरले पत्रुसलाई कुनै पनि व्यक्तिलाई तुच्छ वा अशुद्ध ठान्न हुँदैन भनेर देखाउनुभयो । त्यो तीन पटक सम्म भयो ।
- जब पत्रुसले उनी अचेत अवस्थामा भएको कुराको बारेमा विचार गरिरहेका थिए, सार्वभौम परमेश्वरले कर्नेलियसको घरबाट तीन जना मानिसहरू पत्रुसलाई लिन पठाउनुभयो । भोलिपल्ट, तिनीहरू सबैले कर्नेलियसको घरतर्फ यात्रा गरे । पत्रुसले योप्पाबाट केहि विश्वासीहरूलाई पनि आफूसँग लगेका थिए ।
- कर्नेलियस धार्मिक र ईमानदार थिए । यद्यपि, उनी आत्मिक तवरले परमेश्वरबाट अलग भएका थिए । ख्रीष्टको सेवकाईले न्याय वा मुक्तिको परिणाम ल्याउँछ भन्ने कुरा पत्रुसले स्पष्ट पारेका थिए । मुक्तिको मूख्य तत्व येशू ख्रीष्टमा विश्वास गर्नु हो ।
- कर्नेलियस र उसको परिवारले पाप क्षमाको लागि येशू ख्रीष्टमा विश्वास गरे र बप्तिस्मा पनि लिए । परमेश्वरले पक्षपात गर्नुहुन्न तर सबै व्यक्तिको विश्वासको आदर गर्नुहुन्छ ।

**शिक्षक साहायता**

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारले: मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोऱ्याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।

©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## २) पाठ शुरू गर्नुहोस्

पाठको समीक्षा गर्नको लागि खेल खेल्नलाई बोर्डमा एउटा तालिका बनाउनुहोस् जुन यस्तो प्रकारको देखियोस्:

| समय रेखा | कथाको मुख्य सार | भजनहरू | कण्ठ गर्नुपर्ने पदहरू |
|---|---|---|---|
| १०० अंक | २०० अंक | ३०० अंक | ४०० अंक |
| १०० अंक | २०० अंक | ३०० अंक | ४०० अंक |
| १०० अंक | २०० अंक | ३०० अंक | ४०० अंक |
| १०० अंक | २०० अंक | ३०० अंक | ४०० अंक |
| १०० अंक | २०० अंक | ३०० अंक | ४०० अंक |

अहिले सम्म अध्ययन गरिसकेका १० वटा पाठहरूको समीक्षा गर्नुहोस् र बालबालिकाहरूलाई प्रत्येक समय रेखाको लागि १०० अंक, कथाको मुख्य सारको लागि २०० अंक, भजनको लागि ३०० अंक, र कण्ठ गर्नुपर्ने पदहरूको लागि ४०० अंक दिनुहोस् ।

जित्ने समूहको लागि पुरस्कारको व्यवस्था पनि गर्न सक्नुहुन्छ। प्रायः प्रतियोगिताहरू बालबालिकाहरूको लागि रमाइलो खेल समान हुन्छन् । यसैले, उनीहरू सबैलाई सहभागी गराउनुहोस् । तपाईंको कक्षाको संख्याको आधारमा तपाईंले प्रत्येक विद्यार्थीलाई १ वा २ प्रश्नको मात्र उत्तरमा दिन लगाउन सक्नुहुन्छ। यसो गर्नुको कारण के हो भने यदि तपाईंले मौका दिनुभएको खण्डमा कोहि विद्यार्थीले सबै प्रश्नका उत्तरहरू आफुले मात्र दिन सक्छन् ।

यस जम्मा अंक १०००० हुनेछ, प्रत्येक पाठको लागि १००० अंक ।

**पाठ शुरू गर्ने क्रियाकलाप: बाइबलीय जोखिम**

कक्षालाई बराबर गरि दुई समूहमा विभाजन गर्नुहोस् । समूहहरू यस प्रकारले छान्न सक्नुहुन्छ:

- जससँग सबैभन्दा धेरै भाई र बहिनीहरू छन् ।
- जोसँग थोरै भाई र बहिनीहरू छन् ।

यो खेल पाठको अन्तसम्मको समीक्षामा निरन्तर जारी रहनेछ ।

## ३) पाठ सिकाउनुहोस्

शिक्षकले, "स्वर्ग जान तपाईंले के गर्नु पर्छ ? भनि सोध्नुहोस् ।

- के इमानदार हुनु पर्याप्त छ ?
- के धार्मिक हुनु पर्याप्त छ ?
- के परमेश्वरको भय मान्नु पर्याप्त छ ?

आजको पाठले एकजना व्यक्तिमा यी सबै कुराहरू थिए तर पनि परमेश्वरको दृष्टिकोणमा यो पर्याप्त थिएन भनि देखाउँदछ ।

## कथा भन्नुहोस्

यो घटना दिउँसो ३ बजेतिर घटेको थियो । कर्नेलियस एकजना यस्तो व्यक्ति थिए जसले परमेश्वरको आराधना गर्थे, मानिसहरूलाई सहायता गर्थे र धेरै प्रार्थना पनि गर्दथे । उनी रोमी साम्राज्य यहूदियाको राजधानी कैसरियामा १०० जना सिपाहीहरूका जिम्मेवारी पाएका इटालियन अधिकारी थिए । प्रायः रोमी सैनिकहरू कर्नेलियस जस्तो असल थिएनन् । जे होस्, कर्नेलियसको एउटा दर्शन थियो र यो दर्शन परमेश्वरबाटको थियो । कर्नेलियसलाई परमेश्वरले दर्शनमा पत्रुसलाई खोज्नको लागि योप्पामा मानिसहरू पठाउन भन्नुभयो जो योप्पामा चर्मकार सिमोनको घरमा बसिरहेका थिए ।

त्यसपछि, कर्नेलियसले दुई जना नोकर र एक सिपाहीलाई मिसनमा पठाए । उनले तिनीहरूलाई आफूले देखेको दर्शनको बारेमा सबैकुरा भनेर पठाएका थिए । ती तीनजना दूतहरूले कैसरिया छाडे र दुई दिनको यात्रापछि योप्पा पुगे र तिनीहरूले सिमोनको घर भेट्टाए ।

यो अत्यन्त चाखलाग्दो कुरा थियो कि पत्रुसले परमेश्वरबाटको दर्शन केहि अघि मात्र देखेका थिए । पत्रुसको दर्शनमा उनले एउटा विशाल कम्बललाई स्वर्गबाट चार डोरीको मद्दतले तल झारिएको देखे । कम्बलमा सबै प्रकारका जनावरहरू, चराहरू र घस्रने जन्तुहरू थिए । तिनीहरूलाई मार्नु र खानू भनेर पत्रुसलाई भनिएको थियो । सामान्यतया, पत्रुस जस्ता यहूदीले त्यसो गर्दैनथे । यी पशुपक्षीहरू यहूदीहरूको लागि खानलाई उचित थिएनन् । तर, यो तीन पटक सम्म भएको थियो र त्यसपछि मात्र फेरी स्वर्गमा लगियो । पत्रुस उत्सुक थिए ... कैसरियाका ती तीन जना मानिसले ढोका ढकढक्याउँदासम्म यी सबैको अर्थ के हो भनेर उनले बुझेका थिएनन् । परमेश्वरले पत्रुसलाई यी मानिसहरूसँग कैसरिया जाऊ भन्नुभयो ।

अर्को दिन, तीन जना मानिसहरू, पत्रुस र योप्पाका केहि विश्वासीहरू कर्नेलियसलाई भेट्न योप्पातिर गए । जब पत्रुसले कर्नेलियसलाई भेटे, कर्नेलियसले परमेश्वरबाटको आफ्नो दर्शनको वर्णन गरे । त्यसबेला सम्म पत्रुसले सबै कुरा बुझिसकेका थिए । पत्रुसले तिनीहरूलाई स्पष्ट पारिदिए कि परमेश्वरले पक्षपात गर्नुहुन्न । यसले फरक पार्दैन कि तपाईं को हुनुहुन्छ वा तपाईं कहाँबाट हुनुहुन्छ । तपाईंले देख्न सक्नुहुन्छ कि पत्रुस एक अशिक्षित यहूदी माछा मार्ने व्यक्ति थिए र कर्नेलियस उच्च शिक्षित रोमी सिपाही थिए । सामान्यतया, यी व्यक्तिहरू कहिले पनि मित्र हुन सक्दैन थिए । तर यी समयहरूमा परमेश्वरले सामर्थसाथ अधिकार गर्नुभएको कारणले ती मानिसहरू मित्र भए र पत्रुसले येशू ख्रीष्टको सुसमाचार सुनाउने मौका पाए ।

पत्रुसले कर्नेलियस र उसको परिवारलाई येशू ख्रीष्टलाई क्रुसमा काँटी ठोकेर मारिएको थियो, तर, तीन दिन पछि, परमेश्वरले उहाँलाई मृत्युबाट बिउँताउनुभयो भनेर बताएका थिए । धेरै साक्षीहरूले यो देखेका थिए र येशूको मृत्यु, दफन र पुनरूत्थानको सुसमाचार सुनाउनलाई उहाँद्वारा आदेश पाएका थिए । यी प्रत्यक्षदर्शीहरू थिए साक्षीहरू मात्र होइनन्; पुरानो करारका भविष्यवक्ताहरूले पनि मसीहले दिने यस क्षमाको बारेमा बताएका थिए । कर्नेलियसले येशू ख्रीष्टबाट क्षमाको सुसमाचारलाई विश्वास गरेर बप्तिस्मा लिए । यद्यपि कर्नेलियस परमेश्वरको आराधक भएतापनि, उसलाई येशूले मात्र दिन सक्ने क्षमाको आवश्यकता थियो ।

### कथा भन्ने क्रियाकलापः विभिन्न खानेकुराहरूले भरिएको तन्ना

यदि यो सम्भव हुन्छ भने शिक्षकले बालबालिकाहरूले नखाने सबै प्रकारको खानेकुराहरू र तन्ना ल्याउनु पर्छ ।

कक्षालाई भन्नुहोस् कि पत्रुसले ती खानाहरू हेरे जुन उसले कहिल्यै खाएका थिएनन् । पाठ खानाको बारेमा थिएन, यो मान्छेको बारेमा थियो ।

कक्षालाई सोध्नुहोस्, “के तपाईंलाई कोहि व्यक्तिहरू आफुभन्दा कमजोर र तुच्छ लाग्छ ?”

हामीले कसैलाई तल्लो स्तरमा राखेर हेरेको परमेश्वर चाहानुहुन्न ।

## कण्ठ गर्नुपर्ने पद

**प्रेरित १०:४३ (टि.बी.एस)** - उहाँमाथि विश्वास गर्ने हरेकले उहाँको नामद्वारा पापहरूको क्षमा पाउनेछ भनी सबै भविष्यवक्ताहरूले उहाँकै विषयमा गवाही दिन्छन्।

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन्। यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो। स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्राय: यूट्यूबमा पनि राखिएका हुन्छन्। तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ।

यस पाठका निम्ति "धन्यवाद येशू (कोरस नं. २४)" बोलको भजन गाउने सल्लाह दिईन्छ।

## बाइबलीय क्रियाकलाप

क्रियाकलाप: के कुराले परमेश्वरलाई फरक पार्छ, र के कुराले परमेश्वरलाई फरक पार्दैन।

तपाईंको कक्षालाई केहि समूहमा विभाजन गर्नुहोस् (समूहहरूको संख्या र आकार तपाईंको कक्षाको आकार अनुसार फरक पर्न सक्छ।)

प्रत्येक समूहलाई ३ मिनेटको समय दिनुहोस् र जतिसक्दो धेरै यस प्रश्नको जवाफ खोज्न लगाउनुहोस्: "ती कुन कुराहरू हुन् जसले कहिलेकाहिँ हामीलाई धेरै फरक पार्छ तर परमेश्वरलाई केहि फरक पार्दैन ?" सम्भावित उत्तरहरू (व्यक्ति काहाँ बस्दछन्, तिनीहरू कहाँबाट आएका हुन्, उनीहरू कस्तो किसिमको कपडा लगाउँछन्, उनीहरूसँग कति पैसा छ, उनीहरू कति शिक्षित छन्, उनीहरू कति चलाख छन्, तिनीहरूको छालाको रंग, कपाल, कस्तो छ इत्यादि।)

३ मिनेट बितिसकेपछि, कोठाको वरिपरि जानुहोस् र प्रत्येक समूहलाई तिनीहरूबाट आएका कुराहरू मध्ये एउटा भन्न लगाउनुहोस्। प्रत्येक समूहलाई पालैपालो भन्न लगाउनुहोस् जब सम्म उनीहरूका विचारहरू सकिँदैनन्। बालबालिकाहरूलाई, "मानिसले बाहिरी रूप हेर्छ, तर परमेश्वरले हृदयभित्र हेर्नुहुन्छ।" भन्ने कुरा बुझाउँदै यस क्रियाकलापको अन्त गर्नुहोस्।

**पद कण्ठ गर्ने क्रियाकलाप : टेलिफोनको खेल**

टेलिफोन खेलको प्रयोग गरेर यो पद कण्ठ गर्नुहोस्। तपाईंको कक्षालाई सिधा लाईनमा उभिन लगाउनुहोस्। अनि लाइनमा उभिएको पहिलो व्यक्तिलाई त्यो पदको पहिलो वाक्यांश सुस्तरी कानमा भन्नुहोस्, त्यो वाक्यांश अर्को व्यक्तिलाई त्यसरी नै कानमा भन्न लगाउनुहोस्। सबैले त्यो पहिलो वाक्यांश भनि नसकुन्जेल त्यसो गरि नै रहनुहोस्। यसरी नै दोस्रो वाक्यांश, तेस्रो वाक्यांश गर्दै तिनीहरूले उक्त पद कण्ठ नगरून्जेल सम्म यो क्रियाकलाप दोहोऱ्याई राख्नुहोस्।

## ४) पाठको समीक्षा गर्नुहोस्

तपाईंले पाठको शुरूवातमा खेल्नुभएको अंक समीक्षा खेल जारी राख्नुहोस ।

- १०० अंकको लागि, यस समयमा कर्नेलियस कहाँ बसिरहेका थिए ? (कैसरिया)
- २०० अंकको लागि, पत्रुस कसको घरमा बसिरहेका थिए ? (सिमोन चम्राकार )
- ३०० अंकको लागि, कर्नेलियसले कति पटक दर्शन देखे (एक पटक) र पत्रुसले कति पटक दर्शन देखे ? (तिन पटक)
- ४०० अंकको लागि, कर्नेलियसले योप्पामा कतिजना मानिसहरू पठाएका थिए ? (तीनजना; दुई नोकर र एक सिपाही)
- बोनस प्रश्न ५०० अंकको लागि, यस पाठको विषयवस्तु के हो ? (कुनै पनि व्यक्तिलाई तुच्छ वा अपवित्र ठान्नु हुँदैन ।)

**पाठ समीक्षा गर्ने क्रियाकलाप: बाइबलीय जोखीम**

यो समीक्षा क्रियाकलाप पाठको शुरूवातको समीक्षा खेलको निरन्तरता हो ।

## ५) पाठ लागु गर्नुहोस्

केहि व्यक्तिहरूले भन्छन् कि विश्वास गर्नु र राम्रो व्यक्ति हुनु नै पर्याप्त हुन्छ । कर्नेलियसले परमेश्वरमा विश्वास गर्दथे, प्रार्थना गर्थे र असल कामहरू पनि गर्दथे । यद्यपि, यी सबै उसको उद्धारको लागि पर्याप्त थिएन ।

हामीले सिकेका आठवटा शब्दहरू छन् जसले परमेश्वरको एउटा महान् कथालाई संक्षिप्त बनाएर बुझ्नलाई मद्दत गर्दछः परमेश्वर, मानिस, पाप, मृत्यु, ख्रीष्ट, क्रुस, विश्वास र जीवन । यस कथाले येशू ख्रीष्ट को हुनुहुन्छ र उहाँले के गर्नुभयो भन्ने कुरामा विश्वास गर्नु आवश्यक छ भनि देखाउँदछ ।

भलाई गर्नु मात्र पर्याप्त छैन अन्यथा कर्नेलियसलाई परमेश्वरको क्षमाको आवश्यकता पर्ने थिएन ।

**कथाको मूख्य सारः कुनै पनि व्यक्तिलाई तुच्छ वा अपवित्र ठान्नु हुँदैन ।**

# रोचक घटना नं ८४

# प्रेरित ११:१९-३०

**कथाको मूख्य सारः सिरियाको एन्टिओखमा एउटा नयाँ मण्डली शुरू भयो ।**

शिक्षक साहायता

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारले: मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोर्‍याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।



## १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- मण्डली इतिहासको पहिलो पटक, सिरियाको एन्टिओखमा, विश्वासीहरूले अन्यजातिहरूलाई प्रचार गरे । प्रेरित ८ का सामरीहरू आंशिक रूपमा यहूदी थिए । इथियोपियाली नपुंसक (प्रेरित ८) वास्तवमै आफैले यशैया ५३ पढ्दै थिए । अनि कर्नेलियस (प्रेरित १०) पनि वास्तवमा पत्रुसबाट सुसमाचार सुन्न अग्रसर भएका थिए ।
- स्तिफनस शहीद भएको कारण (प्रेरित ८:१-२), सुसमाचार धेरै ठाउँमा फैलियो । स्तिफनसको मृत्युले सुसमाचारलाई सामरिया, फोनिसिया, साइप्रस र एन्टिओखमा फैलिन मद्दत गर्‍यो ।
- यो सुसमाचार यरूशलेमबाट रोमन साम्राज्यको प्रमुख महानगरीय शहर एन्टिओखसम्म पुग्यो र मिश्रित यहूदी -अन्यजाति मण्डली स्थापना भयो जसले मिसनरीहरूलाई पठाउने काम गर्‍यो ।
- सिरियाको एन्टिओख रोमी साम्राज्यको तेस्रो ठूलो शहर थियो । जनसंख्याको आधारमा मात्र रोम र अलेक्जान्ड्रिया ठूला थिए । यो एक प्रमुख व्यावसायिक केन्द्र र बहुसांस्कृतिक शहर थियो ।
- यहूदियाबाट कोहि-कोहि ख्रीष्टियनहरू त्यहाँ गए र ग्रीक बोल्ने अन्यजातिहरूलाई सुसमाचार प्रचार गरे र धेरै मानिसहरूले ख्रीष्टमा विश्वास पनि गरेका थिए ।
- यरूशलेमको मण्डलीले बर्णाबासलाई एन्टिओखको मण्डलीमा भ्रमण गर्न पठायो । जब उसले अन्यजातिहरू लगायत मानिसहरूका मिश्रणहरू देख्यो तब उनीहरूलाई सिकाउनको लागि शाऊललाई त्यहाँ ल्याईदियो ।
- शाऊल र बर्णाबासलाई मिसनरीको रूपमा नियुक्त गरेर एन्टिओख मण्डली अरू मण्डलीहरूको लागि नमुना बन्यो ।
- उत्पत्ति १२ अध्यायमा अब्राहामबाट सबै राष्ट्रहरूलाई शुरूवात भएको आशिष् बाँकी बाइबलभरिमा नै निरन्तर रहेको पाइन्छ ।

©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## २) पाठ शुरू गर्नुहोस्

शिक्षकले बाइबलको महान् कथाका रोचक घटनाहरूमा प्रयोग गरिएका सबै भजनहरू संकलन गर्नु पर्दछ र ती मध्ये केहि गाउनु वा बजाउनु पर्छ ।

कक्षाले यस पाठ्यक्रममा अगाडि सिकेका भजनहरू शिक्षकसँग मिलेर गाउन सक्नुपर्छ ।

शिक्षक र विद्यार्थीहरू मिलेर केहि भजनहरू गाइसकेपछि "गीतलाई नाम दिनुहोस्" भन्ने खेल खेल्नुहोस् । "गीतलाई नाम दिनुहोस्" भन्ने खेल यस्तो खेल हो जसमा विद्यार्थीहरूले भजनलाई मिल्दो बाइबलका घटनाहरू अर्थात् पाठसँग मिलाउने प्रयास गर्नुपर्छ । विद्यार्थीले उत्तर दिने क्रममा शिक्षक उनीहरूप्रती अनुग्रही भएर उत्साह दिनु पर्दछ ।

यस क्रियाकलापको उद्देश्य भनेको बालबालिकाहरूले सिकेका भजनहरू बाइबलका घटनाहरूसँग मिलाउनु हो । शिक्षक यस मूख्य उद्देश्यमा केन्द्रित हुनुपर्दछ ।

## ३) पाठ सिकाउनुहोस्

यदि तपाईंले मण्डली शुरू गर्दै हुनुहुन्छ भने सबैभन्दा पहिले कसलाई भन्नुहुन्छ ? तपाईंको त्यस नयाँ मण्डलीको अगुवा वा अगुवाहरू हुन कसलाई नियुक्त गर्नुहुन्छ ? आजको कथाले हामीलाई नयाँ मण्डली कसरी शुरू गर्ने र यसको नेतृत्वको बारेमा केहि राम्रो उपायहरू प्रदान गर्नेछ ।

**समीक्षा**
**क्रियाकलापः गीतलाई नाम दिनुहोस्**

शिक्षकले पहिलेका रोचक घटनाहरूमा सिकेका भजनहरू बजाउनु वा गाउनुपर्छ।बालबालिकाहरूले ती भजनहरू बाइबलको महान् कथा भित्रको कुन रोचक घटनासँग (पाठसँग) मिल्छ भनेर अनुमान लगाउनुपर्छ ।

यदि समय पुग्छ भने, कुनै भजनमा भएको शब्द वा वाक्यांश नबुझेको छन् कि भनेर पनि सोध्न सक्नु हुनेछ ।

स्तिफनसको मृत्युले यी सबै कुराहरूको शुरूवात गऱ्यो। त्यसपछि विश्वासीहरूमाथि ठूलो सतावट आयो। कुनै उचित कारण बिना नै विश्वासीहरूलाई सजाय दिनलाई अनुमति दिए जस्तो भयो। त्यसकारण धेरै विश्वासीहरूले यरूशलेम छोडेर जानुपऱ्यो। तिनीहरू टाढा फोनिसिया र एन्टिओख जस्ता ठाउँहरूमा गए। कोहि-कोहिले अफ्रिकाको टाढा साइरेनी भन्ने ठाउँ सम्म पनि यात्रा गरे। तिनीहरू भूमध्यसागरको एउटा टापुमा समेत गए। विश्वासीहरूले सम्भवत: आफ्नो विश्वास बचाई राख्ने र आफ्नो जीवन नगुमाउने आशा गरेका थिए। यो एउटा रणनैतिक कदम थियो जसले मण्डलीको वृद्धिमा सहयोग पुऱ्यायो।

केहि विश्वासीहरू सिरियाको एन्टिओखमा पनि पुगेका थिए तर हामीलाई उनीहरूको नाम थाहा छैन। तिनीहरूले गैर-यहूदी, अन्यजातिहरूलाई येशू खीष्टको बारेमा सुसमाचार सुनाउन थाले र उनीहरूमध्ये धेरैले येशूमा विश्वास गरे। त्यस रोमी साम्राज्यको तेस्रो ठूलो शहरमा नयाँ मण्डलीको शुरूवात भयो। यति धेरै मानिसहरूले खीष्टमा विश्वास गर्न थाले कि यरूशलेमको मण्डलीले यसको बारेमा थाहा पायो। पूर्वसावधानीको लागि, तिनीहरूले बर्णाबासलाई विश्वासीहरूको त्यस नयाँ समूहको निरिक्षण गर्नलाई पठाए। बर्णावास असल मानिस थिए जसले जीवनमा पूर्णरूपले परमेश्वरको अनुसरण गरेका थिए। धेरै भन्दा धेरै मानिसहरूले खीष्टमा विश्वास गरिरहेका थिए। बर्णाबासलाई सहयोगको आवश्यकता थियो। त्यसकारण, उनी शाऊललाई खोज्न गए जो टार्ससका बासिन्दा थिए जसलाई अहिले टर्की भनिन्छ। ती दुवैले एन्टिओखमा एक वर्षसम्म विश्वासीहरूलाई नेतृत्व गर्ने काम गरे। परमप्रभुको सन्देश उनीहरूको मुख्य चिन्ताको विषय थियो। तिनीहरूले येशू खीष्टको मृत्यु, दफन र पुनरूत्थानको सन्देश सबैलाई सुनाउने निर्णय गरे। पुनरूत्थान हुनुभएको खीष्टलाई देख्ने धेरैजसो मानिस अझै जीवित थिए र हुनसक्छ तिनीहरू मध्ये कोहि त्यस क्षेत्रमा नै थिए। तिनीहरूले जान्दथे कि येशू खीष्टलाई क्रुसमा टाँगिएको थियो, गाडिएको थियो र उहाँ मृत्युबाट पुनरूत्थान हुनुभएको थियो। उनीहरूले यो विश्वास गरे कि येशू को हुनुहुन्थ्यो (परमेश्वर) र उहाँले के गर्नुभयो त्यसमा उनीहरूले विश्वास गरे (क्रुसमा उनीहरूको पापको मूल्य तिर्नुभयो)। यस सन्देशप्रति तिनीहरूको विश्वास यतिसम्म बलियो थियो कि विश्वासीहरूलाई पहिलो पटक सिरियाको एन्टिओखमा "खिीष्टयन" भनेर सम्बोधन गरिएको थियो।

अन्तमा, शाऊल र बर्णाबासले अरू तीन जना अगुवाहरूबाट अझ बढी सहयोग पाएका थिए। तिनीहरूमध्ये पाँच जनाले एन्टिओखको बढ्दो मण्डलीको नेतृत्व गरे। मण्डलीको नेतृत्व टोलीमा अब साइप्रसका एक यहूदी (बर्णाबास), अफ्रिकाका एक काला मानिस (सिमियोन), उत्तरी अफ्रिकाका एक रोमी, यहूदी सम्भवत गालीलका (मानेन) र टर्कीका उच्च शिक्षित यहूदी थिए (शाऊल) थिए। परमेश्वरले नयाँ मण्डलीमाथि आफ्नो पूर्ण स्वीकृती जनाउनुभएको थियो। यो एकदमै अचम्मको थियो!

एक दिन, मण्डलीका ती पाँच एल्डरहरू प्रार्थना र उपवासमा बसिरहेका थिए। पवित्र आत्माले विशेष कामका लागि तिनीहरू मध्ये दुई जना पावल र बर्णाबासलाई अलग हुन भन्नुभयो। तिनीहरू एन्टिओख मण्डलीद्वारा पठाइएको पहिलो मिसनरीहरू भएका थिए।

**कथा भन्ने क्रियाकलाप: पहिलो मण्डली स्थापना गर्नेहरूको नाम**

शिक्षकले कथा सुनाईसके पछि कक्षालाई पहिलो मण्डली स्थापना गर्नेहरूको नाम के के हो भनेर सोध्नुहोस्।

उत्तर: हामीलाई उनीहरूको नामहरू थाहा छैन। तिनीहरू केवल विश्वासीहरूको एउटा समूह थियो जसले येशू खीष्टको सन्देश फैलाएका थिए। शुरूका विश्वासीहरू आफ्नो विश्वासको बारेमा सुनाउन अति नै सक्रिय थिए। यरूशलेमको मण्डलीले एक परिपक्व अगुवा बर्णाबासलाई पठाएका थिए। यद्यपि, पहिलो मण्डली स्थापना गर्नेहरूको नाम आजसम्म थाहा भएको छैन। परमेश्वरले जसलाई पनि प्रयोग गर्न सक्नुहुन्छ।

## कण्ठ गर्नुपर्ने पद

**प्रेरित ११:२४ (टि.बी.एस) -** किनभने तिनी असल मानिस थिए, अनि पवित्र आत्मा र विश्वासले भरपूर थिए अनि धेरै मानिसहरू प्रभुमा थपिए ।

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन् । यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो । स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्रायः यूट्यूबमा पनि राखिएका हुन्छन् । तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ ।

यस पाठका निम्ति “धन्यवाद येशू (कोरस नं. २४)” बोलको भजन गाउने सल्लाह दिईन्छ ।

## बाइबलीय क्रियाकलाप

यो क्रियाकलाप शुरूगर्नु अगाडि नै तपाईंका विद्यार्थीहरूले नसुनेका ५०-७५ वर्ष पहिलेका प्रसिद्ध ५-१० जना व्यक्तिहरूको नाम तयार पार्नुहोस् । तपाईंले प्रसिद्धिका विभिन्न प्रकारहरू छान्नुपर्दछः राजनीतिक, खेलकुद, र राष्ट्रिय नायक । यस क्रियाकलापको लक्ष्य भनेको बालबालिकाहरूलाई संसारिक प्रसिद्धि क्षणिक हो भनेर बुझ्नलाई सहयोग गर्नु हो, तर जसले परमेश्वरका लागि काम गर्छ उसले अनन्तको इनाम पाउनेछ ।

बालबालिकाहरूलाई सोध्नुहोस्: “एकदमै प्रसिद्ध व्यक्ति कसलाई चिन्नु हुन्छ ?” त्यो व्यक्ति किन प्रसिद्ध छ भनि उनीहरूलाई बताउन लगाउनुहोस् । उनीहरूले दिएको नामहरू अगाडी सबैले देख्नेगरि कागजमा वा बोर्डमा लेख्नुहोस् । बोर्डको एक तर्फ सूची बनाउनुहोस् र अर्को पट्टि पनि केहि लेख्ने ठाउँ छोड्नुहोस् । बालबालिकाहरूले दिएको कम्तिमा ५ वटा नामहरू लेखेपछि, तपाईंले रोज्नु भएका ५०-७५ वर्ष पहिले प्रसिद्ध मानिसहरूको नाम लेख्नुहोस् र कक्षालाई सोध्नुहोस् कसैले................को विषयमा सुन्नुभएको छ (एक पछि अर्को नामको विषयमा सोध्नुहोस्) ।

उद्देश्य: “आज हाम्रो कथाका ५ जना एल्डरहरू बाइबलमा थिए । मानिसहरू जो आज धेरै प्रसिद्ध छन् कुनै न कुनै दिन उनीहरूलाई सबैले बिर्सनेछन् तर परमेश्वरलाई प्रेम गर्ने र उहाँको सेवा गर्नेहरूलाई उहाँले कहिल्यै बिर्सनुहुनेछैन । ”

**पदक कण्ठ गर्ने क्रियाकलाप: शब्दचित्र लेखन**

बालबालिकाहरूलाई यो पद याद गर्न मद्दत पुऱ्याउनको लागि शब्दचित्र लेखनको प्रयोग गर्न सकिन्छ । यस पदको प्रत्येक शब्द छुट्टाछुट्टै कागजको पानामा लेख्नुहोस् । त्यसपछि शब्दहरू क्रमबद्ध रूपमा मिलाउनको लागि बालबालिकाहरूलाई २ वा ३ समूहमा विभाजन गर्नुहोस् । जब प्रत्येक समूहले पदका शब्दहरूलाई क्रमबद्ध रूपमा मिलाउँछन् सम्भवत: यो पद उनीहरूले कण्ठ गरिसकेका हुनेछन् ।

## ४) पाठको समीक्षा गर्नुहोस्

यस पाठलाई साना समूहहरूमा विभाजन भएर समीक्षा गर्नुहोस्। यस पाठबाट सिक्न सकिने सात मुख्य तथ्यहरू वा विचारहरू के के हुन् ? एकजना वयस्क व्यक्तिलाई बालबालिकाहरूको प्रत्येक समूहमा नेतृत्व गर्नको लागि समावेश गराउनुपर्छ । बालबालिकाहरूलाई धेरै जसो तथ्यहरू उनीहरू आफैलाई खोज्न दिनुहोस्। आवश्यक परेको खण्डमा मात्रै उनीहरूलाई सहयोग गर्नुहोस्।

- स्तिफनसको मृत्युपछि मण्डलीमा ठूलो सतावट शुरूवात भयो।
- विश्वासीहरू यरूशलेम छोडेर अफ्रिका र साइप्रससम्म तितरबितर भएर गए।
- एन्टिओख रोमी साम्राज्यको तेस्रो ठूलो शहर थियो। जनसंख्याको आधारमा मात्र रोम र अलेक्जान्ड्रिया ठूला थिए।
- मण्डली शुरू गर्ने पहिलो व्यक्तिहरूको नाम थाहा छैन।
- यरूशलेमको मण्डलीले बर्णाबासलाई एन्टिओखको मण्डलीमा के भइरहेको छ भनेर जानकारी लिनको लागि पठाएको थियो।
- बर्णावास एन्टिओखमा गए र मण्डलीको अगुवाईमा उनलाई सहायता गर्नको लागि शाऊललाई बोलाए।
- यस मण्डलीलाई अगुवाई गर्नको लागि बर्णावास र पावलले तीनजना अरू योग्य मानिसहरूलाई पनि नियुक्त गरे।

### पाठ समीक्षा गर्ने क्रियाकलापः सात मूख्य तथ्यहरू

कक्षालाई २ वा ३ जनाको समूहमा विभाजन गर्नुहोस्। यहाँ बायाँतर्फ सूचीबद्ध गरिएका पाठको मूख्य सात तथ्यहरू वा विचारहरू उनीहरू एक अर्कालाई बताउन लगाउनुहोस्। साना बालबालिकाहरू वा पढ्न नसक्नेहरूलाई शिक्षकले मद्दत गर्नुपर्छ।

## ५) पाठ लागु गर्नुहोस्

शुरूको मण्डलीहरूको बृद्धिको एउटा मुख्य तरिका येशू ख्रीष्टको सन्देश फैलाउनु थियो।

यहि सन्देश सुनाउनको लागि ती व्यक्तिहरू कहाँ जानुहोस् जसले यो सुनेको तपाईं चाहानुहुन्छ। यस सरल र जीवन परिवर्तन गर्ने सन्देशको व्याख्या गर्नको लागि आठ महत्वपूर्ण सत्यताहरूको प्रयोग गर्नुहोस्।

**कथाको मूख्य सारः सिरियाको एन्टिओखमा एउटा नयाँ मण्डली शुरू भयो।**

# रोचक घटना नं ८५

# प्रेरित १३:४-१४:२७

शिक्षक साहायता

**कथाको मूख्य सारः पहिलो मिसनरीहरू एन्टिओखको मण्डलीले पठाएको थियो ।**

## १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- पावल र बर्णाबासले परमेश्वरबाटको यो नयाँ जिम्मेवारीलाई सहर्ष स्वीकार गरेका थिए । उनीहरूले आफ्नो सहायकको रूपमा एक जना मर्कुस भनिने यूहन्नालाई छनौट गरे । यी व्यक्ति बर्णाबासका आफन्त दाजुभाई थिए । सुसमाचारको सन्देशलाई अन्य देशहरूमा लैजानु उनीहरूको मूख्य काम थियो ।
- तिनीहरूको पहिलो गन्तव्य बर्णाबासको आफ्नै देश साइप्रस थियो । जहाँ शाऊललाई पहिलो पटक पावल नामले बोलाईएको थियो । साइप्रसको पूर्वी तटमा सलामिस पहिलो बन्दरगाह थियो । सलामिसमा यहूदीहरूको ठूलो जनसंख्या थियो । सलामिसबाट तिनीहरू पाफोस गए, जुन १०० माईल वा १६० किलोमिटरको यात्रा थियो ।
- पाफोसमा, बार-येशू भन्ने व्यक्तिसँग उनीहरूको भेट भयो, जो टुनामुना गर्ने जादूगर थियो । पावलले त्यस जादूगरलाई हप्काए र तुरुन्तै ऊ अन्धो भयो, अनि यो देखेर उनीहरूको शिक्षा सुनेर चकित भई त्यहाँ भएका अञ्चलाधिशले तुरुन्तै येशू ख्रीष्टमा विश्वास गरे । यस घटनामा पावलले नेतृत्व गरेको देखिन्छ जबकि यो भन्दा अगाडी यरूशलेममा हुदाँदेखि नै बर्णावास नेतृत्वमा थिए ।
- साइप्रसबाट तिनीहरू पाम्फिलियाको पर्गामा गए (दक्षिणी टर्की) । यहाँबाट मर्कुस भनिने यूहन्ना अगाडी नजाने निर्णय गरि यरूशलेम फर्किएका थिए । मर्कूससँग साहस र प्रतिबद्धताको अभाव थियो भनेर पावलले सोचेका थिए तर पछि उनलाई सम्मानसहित कामका लागि मर्कूस चाहिन्छ भनेर भनेका छन् (२ तिमोथी ४:११) ।
- पर्गाबाट तिनीहरू उत्तरतिर पिसिडियन एन्टिओखतिर लागे । सभाघरमा पावललाई बोल्नको लागि बोलाइएको थियो जहाँ उनले पुरानो करारबाट दुईवटा खण्डहरू पाठ गरेका थिए । पहिले, मोशाले लेखेको पुस्तकबाट र त्यसपछि भविष्यवक्ताहरूको पुस्तकबाट । त्यसको परिणाम भयानक थियो ।
- पावल र बर्णावास नयाँ विश्वासीहरूलाई प्रोत्साहित गर्दै पहिले कै बाटो भएर घर फर्किएका थिए ।

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारले: मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोऱ्याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।

©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## २) पाठ शुरू गर्नुहोस्

बालबालिकाहरूलाई अघिल्लो कण्ठ गर्नुपर्ने पदहरू भनेर तपाईंलाई मद्दत गर्न लगाउनुहोस् । "कसले याद गरेको छ यस पदले के भनेको छ ?" यसरी भन्न सक्नुहुन्छ ।

- रोचक घटना नम्बर ७१: मत्ती २६:५६
- रोचक घटना नम्बर ७२: कोरिन्थी ५:७
- रोचक घटना नम्बर ७३: १ पत्रुस ३:१८
- रोचक घटना नम्बर ७४: लूका २३:४२
- रोचक घटना नम्बर ७५: लूका २४:६
- रोचक घटना नम्बर ७६: लूका २४:२७
- रोचक घटना नम्बर ७७: मत्ती २८:२९
- रोचक घटना नम्बर ७८: प्रेरित १:८
- रोचक घटना नम्बर ७९: प्रेरित २:३८
- रोचक घटना नम्बर ८०: प्रेरित २:४२
- रोचक घटना नम्बर ८१: यशैया ५३:७
- रोचक घटना नम्बर ८२: प्रेरित ९:१५
- रोचक घटना नम्बर ८३: प्रेरित १०:४३
- रोचक घटना नम्बर ८४: प्रेरित ११ : २४

**पाठ शुरू गर्ने क्रियाकलाप: कण्ठ गर्नुपर्ने पद समीक्षा**

अघिल्लो १४ वटा कण्ठ पार्ने पदहरू यहाँ दिइएका छन् । बालबालिकाहरूको दुईवटा समूह बनाउनुहोस् र कुन समूहले सबैभन्दा धेरै कण्ठ पार्ने पदहरू भन्न सक्छन् हेर्नुहोस् । १४ वटा भन्दा बढि भन्नेलाई बोनस अंक दिनुहोस् ।

प्रत्येक समूहलाई पाँच मिनेटको समय दिनुहोस् र उनीहरूले मिलेर यसमा कार्य गर्नुपर्ने हुन्छ ।

शिक्षकले केहि थोरै सहायता गर्न सक्नुहुन्छ ।

## ३) पाठ सिकाउनुहोस्

यदि तपाईं मिसनरी पठाउँदै हुनुहुन्छ भने, कसलाई यो कार्यको लागि छान्नुहुन्छ ? यस मिसनको अगुवा हुनको लागि तपाईं कसलाई छान्नुहुन्छ ? त्यस पुरूष वा स्त्रीमा तपाईंले कस्ता गुणहरू वा योग्यताहरू खोज्नुहुनेछ ?

आजको कथाले हामीलाई मिसन कसरी शुरू गर्ने र यसको नेतृत्वको बारेमा केहि असल धारणाहरू प्रदान गर्दछ ।

# कथा भन्नुहोस्

सिरियाको एन्टिओखमा भएको मण्डली मिसनेरीहरू पठाउने पहिलो मण्डली थियो। अरू कुनै पनि मण्डलीले यसभन्दा अघि मिसनरीहरू पठाएको थिएन, यरूशलेमको मण्डलीले समेत मिसनरीहरू पठाएको थिएन। पवित्र आत्माले तिनीहरूलाई मिसनरी हुनको लागि आफ्ना दुई अगुवाहरू छान्ने निर्देशन दिनुभयो। पावल र बर्णावास पहिलो मिसनरीहरू भएका थिए जब सिमोन, लुसियस, मानेन र अन्य व्यक्तिहरू भने मण्डलीको निरीक्षण गर्न एन्टिओखमै बसेका थिए।

यहाँ पहिलो मिसनरी यात्रा कसरी शुरू भयो भनेर दिइएको छ। पावल र बर्णावास एन्टिओख छोडेर नजिकको बन्दरगाह शहरमा गए। त्यहाँबाट तिनीहरू साइप्रसको टापुमा पुगे। बर्णावास एन्टिओखको मण्डलीमा आउनु अघि यरूशलेममा बसिरहेका थिए, तर उनी वास्तवमा साइप्रसका नागरिक थिए। त्यसकारण, उनलाई जानु पर्ने ठाउँहरू थाहा थियो। जब तिनीहरू साइप्रसमा पुगे, तिनीहरू सलामिसको सभाघरमा गए र परमेश्वरको वचनको प्रचार गरे। मर्कूस पनि पावल र बर्णाबासको सहयोगी भएर गएका थिए। यस साइप्रसमा नै शाऊलको नाम पावलमा परिवर्तन भएको थियो।

सलामिसबाट तिनीहरू पाफोस गए जहाँ त्यस टापुका अञ्चलाधीशले परमेश्वरको वचन सुन्ने चाहाना गरे। एक जना जादूगरले त्यसो हुनबाट रोक्न खोजे तर जादुगरलाई पावलले हप्काए। त्यसपछि, अञ्चलाधीशले येशू ख्रीष्टमा विश्वास गरे। उनी केवल विश्वासी मात्र भएनन्, तर उनी येशू ख्रीष्टको यस आशाको सन्देशप्रति उत्साहित थिए। त्यसपछि, उनीहरू उत्तरी पर्गातर्फ गए जुन आधुनिक टर्कीको दक्षिणी मध्य भाग हो। तिनीहरू पर्गामा पुगेपछि मर्कूसले उनीहरूलाई छोडेर यरूशलेम फर्किएका थिए। त्यसबेला मर्कुससँग साहस र प्रतिबद्धताको कमी रहेछ भनि पावलले सोचेका थिए।

पर्गाबाट तिनीहरू उत्तरतिर पहाडमा रहेको पिसिडियन एन्टिओखतिर लागे। पिसिडियन एन्टिओखमा, पावलले व्यवस्था र भविष्यवक्ताहरूको पुस्तकबाट सिकाएका थिए। येशू ख्रीष्टको बारेमा उनीहरूले पुरानो करारको सन्देश बुझ्नु भन्ने उनको चाहाना थियो। उनको त्यस सन्देश परमेश्वरले येशू ख्रीष्टलाई मृतकबाट जीवित पार्नुभयो भन्ने थियो। पावलले भजनसंग्रह २ र १६ साथै यशैयाले लेखेका कुराबाट पनि उद्धृत गरेका थिए। पुरानो करारले येशूको बारेमा बताएको सबै कुरा मानिसहरूले थाहा पाऊन् भन्ने उनी चाहान्थे। धेरै मानिसहरूले येशू ख्रीष्टमा विश्वास पनि गरे।

पावल र बर्णावास अरू धेरै ठाउँहरूमा पनि गए र त्यसपछि घर फर्किने योजना गरे। नयाँ विश्वासीहरूलाई प्रभुप्रतिको विश्वासमा स्थिर रहन सकुन् भनेर प्रोत्साहित गर्ने उद्देश्यले उनीहरू जुन बाटो गएका थिए त्यहि बाटो भएर फर्किएका थिए। परमेश्वरको अनुग्रहद्वारा तिनीहरूले यात्रा शुरू गरे र सुरक्षितसाथ घर पुगे। जब तिनीहरू सिरियाको एन्टिओखमा भएको आफ्नो मण्डलीमा फर्के तब तिनीहरूले विश्वासीहरूलाई परमेश्वरले संसारका राष्ट्रहरूमा गर्नुभएका सबै असल कामहरूको बारेमा सुनाए। विश्वका मानिसहरूका लागि विश्वासको ढोका कसरी खुल्यो भनेर तिनीहरूले विस्तारपूर्वक बताए। उनीहरू केहि समयको लागि एन्टिओखमा नै बसे।

**कथा भन्ने क्रियाकलापः नक्शा**

कक्षालाई पावल र बर्णाबासले गरेको पहिलो मिसनरी यात्राको विवरण देखाउनको लागि शिक्षकले नक्शामा ती ठाउँहरू खोजेर देखाउनुहोस्।

## कण्ठ गर्नुपर्ने पद

**प्रेरित १३ :४७ (टि.बी.एस)** - किनकि प्रभुले हामीलाई यसरी नै आज्ञा गर्नुभएको छ: "मैले तिमीलाई अन्यजातिहरूका ज्योति हुनका निम्ति ठहराएको छु, तिमी पृथ्वीको छेउसम्म मुक्तिको कारण हुनुपर्दछ ।" "

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन् । यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो । स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्राय: यूट्यूबमा पनि राखिएका हुन्छन् । तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ ।

यस पाठका निम्ति "धन्यवाद येशू (कोरस नं. २४)" बोलको भजन गाउने सल्लाह दिईन्छ ।

## बाइबलीय क्रियाकलाप

कथाका श्रृखंलाहरू - क्रियाकलाप शुरू गर्नु अगाडी, यी पदहरू लेखिएको कागज तयार पार्नुहोस्:

- प्रेरित १३:१-५
- प्रेरित १३:६-८
- प्रेरित १३:९-१२
- प्रेरित १३:१३ -१९
- प्रेरित १३:२०-२५
- प्रेरित १३:२६-२९
- प्रेरित १३:३०-३७
- प्रेरित १३:३८-४१
- प्रेरित १३:४८-५२

कक्षालाई ९ समूहहरूमा विभाजन गर्नुहोस् । तपाईंको कक्षाको आकारको आधारमा, हरेक समूहमा धेरै वा थोरै बालबालिकाहरू हुन सक्छन् । यदि कक्षा सानो छ भने एकजना विद्यार्थीले एउटा भन्दा बढि खण्डमा कार्य गर्न पनि सक्छ ।

शिक्षकले पनि आवश्यकता परेको खण्डमा सहभागिता जनाउन सक्नुहुन्छ । उनीहरूको कार्य भनेको कथालाई फेरी पढ्नु र ती पदहरूमा के भएको थियो भनि चित्र बनाउनु हो । चित्र एकदमै राम्रो हुनु पर्छ भन्ने छैन यो सामान्य भएपनि हुन्छ ।

### कण्ठ पार्ने पदको क्रियाकलाप :

केहि पटक सम्म पदको समीक्षा गर्नुहोस् र बालबालिहरूलाई दुई वा बढी समूहमा विभाजन गर्नुहोस् । बोर्ड छ भने चक वा मार्कर राखिदिनुहोस् छैन भने कुर्सीमा कागजको टुक्रा र कलम राख्नुहोस्, त्यसपछि बालबालिकाहरूको समूहलाई लाइनमा उभिन लगाउनुहोस् । प्रत्येक समूहको पहिलो बालबालिका बोर्ड तिर दौडोस् र पद को पहिलो शब्द लेखोस्, त्यसपछी लाइनमा फर्कोस । समूहको अर्को बालबालिकाले अर्को शब्द लेखोस् र पद पूरा नभएसम्म यो कार्य दोहोऱ्याउनुहोस् । अर्को समूहलाई समय दिनुभन्दा अगाडी त्यस समूहका सबै बालबालिकाहरूले पद पूरा लेखिसकेको हुनुपर्छ ।

### बाइबलीय क्रियाकलाप

समूहहरूलाई चित्र तयार गर्नको लागि १० मिनेटको समय दिनुहोस्, त्यसपछि त्यस चित्रको वर्णन गर्नको लागि प्रत्येकलाई १ मिनेट दिनुहोस् । बनाईएको चित्रहरू कोठामा टाँस्नुहोस् र अर्को हप्ता कक्षामा छिटै आउनेहरूलाई चित्रहरू हेर्दै कथा भन्न लगाउनुहोस् ।

## ४) पाठको समीक्षा गर्नुहोस्

बालबालिकाहरूलाई आफ्नै १० शब्दहरू वा त्यो भन्दा कम शब्दहरू प्रयोग गरेर पाठलाई सरल बनाउन लगाउनुहोस् । उनीहरूको उत्तर के हुनेछ ? जब बालबालिकाहरूले दश वा त्यो भन्दा कम शब्दहरूमा पाठलाई सरल बनाउनेछन्, सम्भवतः उनीहरूले यस्तो केहि कुराहरू भन्न सक्छन्:

- पावल र वर्णवास पहिलो मिसनरीहरू थिए ।
- पहिलो मिसनरीहरू साइप्रस र टर्की गएका थिए ।
- पहिलो मिसनरीहरूले येशूको सन्देश घोषणा गरे ।
- धेरै गैर-यहूदीहरूले ख्रीष्टमा विश्वास गरे ।
- मर्कूसले उनीहलाई छोडेर घर फर्केका थिए ।
- पावल र बर्णावास जुन बाटो भएर गएका थिए त्यहि बाटोद्वारा भएर घर फर्किएका थिए ।
- पहिलो मिसनरीहरू एन्टिओखको मण्डलीले पठाएको थियो ।
- साइप्रसमा शाऊलको नाम परिर्वतन भएर पावल भएको थियो ।

**पाठको समीक्षा गर्ने क्रियाकलापः सरल बनाउने**

सरल बनाउने क्रियाकलाप बालबालिकाहरूको लागि उपयोगी खेल हुन सक्छ । बालबालिकाहरूलाई दुई वा तीन जनाको समूह बनाई १-२ मिनेटको समय दिएर यस पाठमा भएका १० वटा महत्वपूर्ण शब्दहरू पत्ता लगाएर लेख्न लगाउनुहोस् ।

## ५) पाठ लागु गर्नुहोस्

शिक्षकले कक्षालाई ३० फिटको दुरीमा दुई लाइन बनाएर राख्नुपर्छ । पहिलो समूहका विद्यार्थीहरू पलेटी मारेर भूईंमा बसी भूईंमा हात राख्नुपर्नेछ । दोस्रो समूहका विद्यार्थीहरूले पहिलो समूहको विद्यार्थीहरूको कम्मरमा खुट्टा बेरेर राख्नेछन् । दुवै समूहका अन्य विद्यार्थीहरूले पनि त्यस्तै गरोस् । तिनीहरूसँग एउटा सन्देश हुन्छ जुन अन्तिम लाईन सम्म पुऱ्याउनु पर्नेहुन्छ । त्यो सन्देश येशू ख्रीष्टको सुसमाचार घोषणा गर्नु हो जसमा उनीहरूले मिलेर काम गर्नु पर्नेहुन्छ । जसले पहिला अन्तिम लाइनसम्म पुऱ्याउँछ त्यो समूह विजयी हुन्छ । अन्तिम लाइनमा सन्देश पुऱ्याउनलाई मिलेर काम गर्नुपर्ने हुन्छ ।

**कथाको मूख्य सारः पहिलो मिसनरीहरू एन्टिओखको मण्डलीले पठाएको थियो ।**

# रोचक घटना नं ८६
# प्रेरित १५:१-३५

**कथाको मूख्य सारः झूटा शिक्षकहरूले सुसमाचारमा केहि कुराहरू थप्ने कोसिस गरिरहेका थिए ।**

## १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- केहि व्यक्तिहरूले मुक्ति पाउनको लागि मोशाको व्यवस्था पालन गर्नु आवश्यक छ भन्ने विश्वास गर्दथे । धर्मी ठहरिनको लागि खतना गर्नु आवश्यक छ भनि जोड दिन्थे । पावल र बर्णाबासले यस विश्वासप्रति बिल्कुलै असहमती जनाएका थिए ।
- पावल र बर्णावास एन्टिओखबाट यरूशलेम गए। उनीहरूले फोनिसिया र सामरीया हुँदै यात्रा गरेका थिए । यी क्षेत्रहरूमा, पावल र बर्णाबासले अन्यजातिहरूको माझमा परमेश्वरले के गरिरहनुभएको थियो भनेर विस्तृत रूपमा बताएका थिए । यो सुनेर सबै विश्वासीहरू अत्यन्तै रमाए ।
- जब पावल र बर्णावास यरूशलेम आइपुगे, विश्वासद्वारा मात्र मुक्ति पाइन्छ भन्ने विषयलाई समाधान गर्न एउटा "यरूशलेम परिषद्" भन्ने गोष्ठीको आयोजना गरे । पत्रुसको दृष्टिकोण र पावल र बर्णाबासको सेवकाईको विवरण सुनेपछि, अन्यजाति ख्रिीष्टयनहरूले धर्मी ठहरिन मोशाको व्यवस्था पालन गर्नुपर्दैन भनि याकूबले निष्कर्ष निकालेका थिए । यस निर्णयलाई फेरि एन्टिओखको मण्डलीमा प्रचार गरियो जहाँबाट झूटा शिक्षकहरू आएका थिए ।
- जसरी उहाँले यहूदीहरूलाई पवित्र आत्मा दिनुभएको थियो (प्रेरित २:४;११:१५) त्यसरी नै अन्यजातिहरूलाई पनि दिइएको हो भनेर पत्रुसले तर्क गरेका थिए (प्रेरित १०:४४-४६) ।
- पत्रुसले बोलीसकेपछि पावल र बर्णाबासले अन्यजातिहरूका माझमा परमेश्वरले गर्नुभएको आश्चर्य कामहरूबारे बताएका थिए ।
- याकुब, यरूशलेम मण्डलीका मूख्य पास्टर थिए जसले सारांश भनाई जारी गरेका थिए । शायद यरूशलेम परिषद्ले पावल, बर्णावास र पत्रुसको अनुभव भन्दा बढि चाहान्थ्यो । त्यसकारण, याकुबले बाइबलको पुरानो करार आमोस ९:११-१२ बाट साक्षीको रूपमा उद्धृत गरे ।
- अन्यजातिहरू जो परमेश्वरतिर फर्केका थिए तिनीहरूको मुक्तिको लागि विश्वासमा अरू कुनै कुरा पनि थप्नु आवाश्यकता छैन भनि यरूशलेम मण्डलीका अगुवाहरू र सम्पूर्ण मण्डिलीहरूले यस कुराको पुष्टि गरेका थिए ।

**शिक्षक साहायता**

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारले: मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोऱ्याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।

©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## २) पाठ शुरू गर्नुहोस्

हामीले अध्ययन गरिसकेका सबै रोचक घटनाहरूको बारेमा विचार गरेर ती रोचक घटनाहरूलाई क्रमबद्ध रूपमा मिलाएर राख्ने प्रायास गर्नेछौं । यहाँ केहि पाठहरूको सूची छन् :

१) परमेश्वर अति शक्तिशाली हुनुहुन्छ ।

५) बगैंचामा जीवन आनन्दमय थियो ।

१०) पापले परमेश्वरको सृष्टिलाई धेरै नकरात्मक तरिकाले असर गऱ्यो ।

१५) मानिसहरू धेरै दुष्ट भएका थिए। परमेश्वरले जलप्रलय पठाउनुभयो। नोआले परमेश्वरमा भरोसा राखे र उहाँको आज्ञापालन गरे ।

२०) अब्राहामलाई परमेश्वरले इसहाक बलि चढाउन भन्नु भयो । यसको सट्टामा परमेश्वरले एउटा पाठो जुटाउनुभयो ।

२५) इस्राएलीहरूलाई छुटकारा दिनको लागि परमेश्वरले मिश्रमा विपत्तिहरू पठाउनुभयो ।

३०) परमेश्वरले इस्राएलीहरूलाई पाल बनाउने आज्ञा दिनुभयो जहाँ तिनीहरू उहाँलाई भेट्न र बलिदानहरू चढाउन सक्थे ।

३५) परमेश्वरलाई पछ्याउने मानिसहरू पूर्ण रूपले वफादार र उहाँप्रति आज्ञाकारी हुनुपर्दथ्यो ।

४०) परमेश्वरले दाऊदलाई राजा हुनको लागि छान्नुभयो । एकदिन परमेश्वरले एक जना मानिसलाई सधैंको लागि राजा हुनलाई पठाउनु हुनेथियो ।

४५) भविष्यवक्ताहरूले येशू पृथ्वीमा आउनुभन्दा ७०० वर्ष अघि उहाँको बारेमा बताएका थिए ।

५०) यहूदीहरू पर्खाल पुनःनिर्माण गर्न यरूशलेम फर्केका थिए ।

५५) शैतानले येशूको परिक्षा गऱ्यो तर येशूले पाप गर्नुभएन ।

६०) धेरै मानिसहरूले उहाँको शिक्षा र आश्चर्यकामहरूका कारण येशूलाई पछ्याए ।

६५) परमेश्वरले एक उडन्ते छोरा, एक स्वार्थी भाई, र एक नम्र कर उठाउनेलाई क्षमा गर्नुभयो ।

७०) येशूले आफ्ना चेलाहरूलाई बहुमूल्य निर्देशनहरू र सान्त्वनाका प्रतिज्ञाहरू दिनुभयो ।

७५) येशू मृत्युबाट पुनरूत्थान हुनुभयो । येशूमा मृत्युमाथि अधिकार गर्ने शक्ति छ।

८०) येशूका चेलाहरू प्रार्थना गर्न, आराधना गर्न, बाइबल पढ्न, र सङ्गति गर्न भेला हुने गर्दथे ।

८५) झूटा शिक्षकहरूले सुसमाचारमा केहि कुराहरू थप्ने कोसिस गरिरहेका थिए ।

**पाठ शुरू गर्ने क्रियाकलाप : कथाको मुख्य सार समीक्षा**

शिक्षकले कागजको टुक्राहरूमा यी भनाईहरू लेख्नुपर्दछ र तिनीहरूलाई मिसाउनु पर्छ । कागजको टुक्रामा पाठको संख्या नलेख्नुहोस् । बालबालिका-हरूलाई कक्षाको आकारको आधारमा २ वा ३ समूहमा विभाजन गर्नुहोस् । यी भनाईहरूलाई सही क्रममा मिलाउनको लागि प्रत्येक समूहले कति समय लिन्छन् सो हेर्नुहोस् । कागजका टुक्राहरूमा कुनै पनि नम्बर नलेख्नुहोस् ।

## ३) पाठ सिकाउनुहोस्

स्वर्ग जानको लागि विश्वास गर्नुको साथै केहि राम्रो काम गर्नु पनि आवश्यक छ भनि धेरै व्यक्तिहरू सोच्ने गर्छन् । किन कोहि मानिसहरूले स्वर्ग जान राम्रो व्यक्ति हुनु वा बाइबलको आज्ञापालन गर्नु आवश्यक छ भनेर विश्वास गर्छन् ?

## कथा भन्नुहोस्

एन्टिओखको मण्डलीमा झूटा शिक्षकहरू आएको धेरै समय भएको थिएन। विश्वासी हुनको लागि मोशाको व्यवस्थाका केहि नियमहरू पालना गर्नुपर्दछ भनेर उनीहरूले सिकाउँथे। यो उनीहरूको लागि धेरै महत्वपूर्ण थियो किनकि तिनीहरू यहूदीहरू थिए। तथापि, पावल र बर्णावास यस शिक्षाप्रति असहमत थिए।

यो तर्कले यति उग्र रूप लियो कि मण्डलीले बर्णाबास, पावल र अरू केहि व्यक्तिहरूलाई मण्डलीका प्रेरितहरू र एल्डरहरूले के सोचिरहेका छन् भनेर हेर्न यरूशलेम पठाउने निर्णय गऱ्यो। एन्टिओखबाट यरूशलेम जाँदै गर्दा यात्रामा बर्णावास र पावलले गैर-यहूदीहरूको माझमा परमेश्वरले के गर्दै हुनुहुन्छ भन्ने कुरा बताए। सबैजना धेरै खुशी भएका थिए।

पावल र बर्णावास यरूशलेम आइपुगेपछि प्रेरितहरू र एल्डरहरूले तिनीहरूलाई हर्षसाथ स्वागत गरे। त्यसपछि, परिषद्को सभा बोलाइयो। सर्वप्रथम पत्रुसले शुरूवात गरे। पत्रुसले अन्यजातिहरूको माझमा परमेश्वरले के गरिराख्नुभएको छ भनेर सबैलाई बताउँदै सभाको शुरूवात गरे। यहूदीहरूलाई पवित्र आत्मा दिनुभएझैं अन्यजातिहरूलाई पनि पवित्र आत्मा दिनु भएको छ भनेर पत्रुसले यरूशलेम परिषद्लाई स्पष्ट पारिदिए। उनको विचार एकदम महत्वपूर्ण थियो किनकि उनी प्रभुको धेरै नजिक थिए र उनी आफै प्रेरितहरू मध्येका एक थिए।

केहि झूटा शिक्षकहरूले पनि आफ्नो विचार प्रस्तुत गरेका थिए। बहस एकदम घमासान भयो। यो बहस केहि समय सम्म एकअर्कामा भनाभन गर्दै चलिरह्यो। पावल र बर्णाबासले आफूले प्रचार गरेको र घोषणा गरेका राष्ट्रहरूमा गैर-यहूदीहरू माझमा परमेश्वरले के गरिरहनुभएको छ भन्ने कुरा सबैलाई बताएका थिए। त्यसपछि त्यहाँको माहोल एकदम शान्त भयो।

अन्तमा, शुन्यतालाई तोड्दै याकुब बोल्नको लागि खडा भए। थाहा भए अनुसार उनी यरूशलेममा भएको मण्डलीको अगुवा थिए। परमेश्वरले यो स्पष्ट पार्नुभएको छ कि अरू जातीका मानिसहरू वा गैर-यहूदीहरूलाई पनि यस विश्वासमा आउन दिनुपर्छ र यहूदीहरूले उनीहरूलाई विश्वासमा आउनको लागि बाधा दिनु हुँदैन भनेर याकुबले भने। याकुबका शब्दहरू सैद्धान्तिक र गहन थिए र बहस सुल्झेको जस्तो देखिन्थ्यो। पत्रुस, बर्णाबास, पावल र याकुब सबैले मुक्ति विश्वासबाट मात्र सम्भव छ भन्ने कुरामा सहमति जनाए तर विश्वास र मोशाको व्यवस्थाको पालन गरेर होइन।

प्रेरितहरू र एल्डरहरू सबै सहमत भए र यो सम्पूर्ण मण्डलीलाई नै उचित लाग्यो। यहाँ पहिलो प्रमुख सैद्धान्तिक समस्याको समाधान गरिएको थियो। सबैलाई आफ्नो निर्णयको बारे थाहा होस् भनेर निश्चित गर्न, यरूशलेमको मण्डलीले पावल र बर्णाबासलाई एन्टिओख मण्डलीमा लिखित पत्रसहित पठाएर मण्डलीलाई उनीहरूको निर्णयको बारेमा जानकारी गराए। धेरै विश्वासीहरू पावल र बर्णाबाससँगै फर्केका थिए। जब एन्टिओखको मण्डलीले यो खबर सुन्यो, तिनीहरू अत्यन्त निश्चिन्त र खुशी भए।

**कथा भन्ने क्रियाकलाप: परिषद् समय**

शिक्षकले दुई समूह बनाएर परिषद् गठन गर्नुहोस्। समूह “क” ले किन उनीहरू मुक्तिका लागि परमेश्वरमाथि विश्वास गर्नु र असल कामहरू गर्नु आवश्यक छ भन्ने सोच्छन् भनेर बहस गर्नुपर्छ। समूह “ख” ले किन यो बाइबल अनुसारको शिक्षा छैन भनेर बहस गर्नुपर्छ।

शिक्षकले मध्यस्थकर्ताको काम गर्नुपर्छ। यो क्रियाकलापको समयमा बालबालिकाहरूले एकअर्कालाई हाँसोमा उडाउनु हुँदैन वा तल्लो नजरले हेर्नुहुँदैन। यस सभा अनुग्रहबाट मुक्ति पाउन सकिन्छ वा सकिदैन भन्ने विषयमा केन्द्रित हुनुपर्छ।

## कण्ठ गर्नुपर्ने पद

**प्रेरित १५:७ (टि.बी.एस)** - अनि धेरै वादविवाद भएपछि पत्रुस उठे, र उनले तिनीहरूलाई भनेः "मानिसहरू र भाइहरूहो, तपाईंहरू जान्‍नुहुन्छ, अन्यजातिहरूले मेरो मुखद्वारा सुसमाचारको वचन सुनून् र विश्‍वास गरून् भनी परमेश्‍वरले धेरै समय अघि हाम्रो बीचबाट मलाई चुन्‍नुभयो ।

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन् । यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्‍नु उत्तम हुन्छ भनि सुझाव दिनु हो । स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्रायः यूट्यूबमा पनि राखिएका हुन्छन् । तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्‍न सक्नुहुन्छ ।

यस पाठका निम्ति "धन्यवाद येशू (कोरस नं. २४)" बोलको भजन गाउने सल्लाह दिईन्छ ।

## बाइबलीय क्रियाकलाप

बालबालिकाहरूलाई यो प्रश्‍न सोध्नुहोस् : "तपाईं के वा कसलाई आफ्नो प्राणले विश्‍वास गर्दै हुनुहुन्छ ? तपाईं स्वर्गमा जानको लागि केमा विश्‍वास गर्दै हुनुहुन्छ ? हामी कसरी परमेश्‍वरसित कुरा गर्न सक्छौं ?"

आज हामी हाम्रो उद्धारको लागि उहाँमा मात्र विश्‍वास गर्छौं भनि व्यक्त गर्दै परमेश्‍वरलाई एउटा पत्र लेख्‍नेछौं । पक्‍कै पनि हामी पत्र लेखेर मेलमा पठाउदैनौं, तर यदि तपाईं परमेश्‍वरलाई पत्र लेख्दै हुनुहुन्छ भने, यस पत्रमा के लेख्‍नु हुन्छ ? केहि मिनेट प्रार्थनामा आफ्ना विचारहरू व्यक्त गर्नुको महत्वबारे कुरा गर्नुहोस् । तपाईंको विचारहरू लेख्‍नु भनेको तपाईंले वास्तवमा के विश्‍वास गर्नुहुन्छ भन्‍ने बारेमा सोच्‍ने एउटा राम्रो तरिका हो । यो कुराकानी गर्ने अर्को एउटा तरिका मात्र हो । बालबालिकाहरूलाई कसरी शुरू गर्न सकिन्छ भन्‍ने बारे केहि सुझाव दिनुहोस् । परमेश्‍वरलाई चिठी लेख्‍नु भनेको प्रार्थना गर्नु जस्तै हो भन्‍ने कुरामा जोड दिनुहोस् । तपाईंले विशेष शब्दहरू प्रयोग गर्नुपर्छ भनेर नसोच्‍नुहोस्, केवल तपाईंको मनमा जे छ त्यहि परमेश्‍वरलाई बताउनुहोस् । यदि उनीहरूले चाहेको खण्डमा, केहि बालबालिकाहरूलाई उनीहरूको चिठी कक्षामा पढ्ने अनुमति दिनुहोस् ।

**कण्ठ गर्नूपर्ने पद क्रियाकलापः बीन ब्याग टस**

टेपले भुईंमा करिब ३६ ईन्चको ठूलो वर्गकार बनाउनुहोस् । त्यो वर्गाकारको भित्री कुनाहरूलाई जोड्नुहोस् र अंग्रेजी शब्दको "X" आकार बनाउनुहोस् । यदि तपाईंका विद्यार्थीहरू धेरै छन् र ठाउँ छ भने, अर्को वर्गाकार पनि बनाउनुहोस् । प्रत्येक भागलाई नम्बर दिनुहोस् जस्तैः १, २, ३, ४ । त्यहाँबाट केहि दूरी पर, टेपले सिधा रेखा बनाउनुहोस्, जहाँबाट विद्यार्थीहरूले त्यस ब्यागलाई वर्गाकार भित्रको भागमा फ्याँक्नुपर्नेछ । विद्यार्थीहरूको दुईवटा समूहमा बनाउनुहोस् । प्रत्येक विद्यार्थीले पालै पालो कुनै एउटा भाग भित्र त्यो ब्याग फ्याँक्नुपर्ने हुन्छ । तपाईंले बीन ब्याग बनाउनको लागि मोजामा सिमी भरेर रबरले कसिलो गरी बाँध्नुहोस् । मोजाको लामो भाग लिनुहोस् र त्यस ब्यागको सिमी भएको भाग पट्टी फर्काउनुहोस् । यदि उनीहरूले पद सही तरिकाले भन्‍न सकेको खण्डमा, उसको समूहले त्यो बीन ब्याग जुन भागमा फ्याँक्छन् त्यति नै अंक पाउनेछन् ।

नोटः तपाईंले यो खेल सिक्‍काको प्रयोग गरेर पनि खेल्‍न सक्नुहुन्छ ।

## ४) पाठको समीक्षा गर्नुहोस्

शिक्षकले बालबालिकाहरूलाई आजको पाठमा उनीहरूले सिकेको मूख्य विचार अर्थात् कुरा के हो जुन उनीहरूले आफूसँगै घर लैजान र त्यो कुरा अरूलाई पनि बताउन चाहान्छन् भनेर सोच्न लगाउनुहोस् । अनि उनीहरूलाई १ देखि ५ सम्मको नम्बर दिनुहोस् अर्थात् उनीहरूलाई छान्न पनि दिन सक्नुहुन्छ । नम्बर १ ले उसले पाठबाट सिकेको मूख्य कुरा भन्नुपर्नेछ । सबै पाँचवटा समूहहरूले यस पाठबाट सिकेका मूख्य कुराहरू बताउने अवसर प्राप्त गर्नुपर्दछ ।

- यहूदीहरू र गैर-यहूदीहरूले येशू ख्रीष्टमा विश्वास गरेको परमेश्वर चाहानुहुन्छ ।
- मुक्ति पाउनको लागि "विश्वासमा आज्ञाकारिता थप्नुपर्छ" भन्ने हुँदैन । मुक्ति पाउनको लागि विश्वास मात्र महत्वपूर्ण विषय हो ।
- त्यहाँ झूटा शिक्षकहरू थिए, यद्यपि मण्डलीका अगुवाहरू र प्रेरितहरूले नेतृत्वको बीचमा एकताका साथ आफ्नो पहिलो सैद्धान्तिक समस्याको समाधान गरेका थिए ।
- पावल र बर्णाबासलाई परमेश्वरले सुसमाचारको प्रचार गर्न र मण्डलीमा सही सिद्धान्त ल्याउनको लागि प्रयोग गर्नुभयो ।
- शुरूको मण्डलीको नेतृत्व पत्रुस, याकूब, पावल र बर्णबासले गरेका थिए ।

**पाठ समीक्षा गर्ने क्रियाकलाप: दोहोऱ्याउने**

पाठबाट सिकेका मूख्य कुराहरू भन्नको लागि शिक्षकले बालबालिका-हरूलाई ५ मिनेटको समय दिनुपर्छ । यदि कक्षामा ५ भन्दा बढि बालबालिकाहरू छन् भने, उनीहरूलाई एकअर्कामा ती कुराहरू भन्न लगाउनुहोस् ।

## ५) पाठ लागु गर्नुहोस्

ख्रीष्टमा विश्वास गर्ने प्रत्येकले मुक्ति कामद्वारा होइन तर विश्वासद्वारा मात्र सम्भव छ भनि स्वीकार गर्नुपर्छ । शिक्षकले गलाती २:१६ का शब्दहरू प्रयोग गरेर पाठ लागू गर्नुपर्नेछ जुन पावलले यरूशलेमको परिषद्को केहि समय पछि लेखेका थिए ।

हामीलाई थाहा छ कि कुनै व्यक्ति व्यवस्थाका कामहरूद्वारा धर्मी ठहरिँदैन तर येशू ख्रीष्टमा विश्वासद्वारा धर्मी ठहरिन्छ, त्यसैले हामी पनि येशू ख्रीष्टमा विश्वास गर्दछौं, ताकि ख्रीष्टमा विश्वासद्वारा धर्मी हुन सकौं, व्यवस्थाको कामले गर्दा होइन, किनकि कामहरूद्वारा कोहि पनि धर्मी ठहरिनेछैन ।"

**कथाको मूख्य सारः झूटा शिक्षकहरूले सुसमाचारमा केहि कुराहरू थप्ने कोसिस गरिरहेका थिए ।**

# रोचक घटना नं ८७

# प्रेरित १६:१-१८:२२

**कथाको मूख्य सारः पावल र तिनका साथीहरू सिरिया, टर्की र ग्रीस गएका थिए ।**

## १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- दोस्रो मिसनरी समूहमा को हुनुपर्ने भनेर पावल र बर्णाबासको कडा मतभेद भयो। बर्णावास मर्कूसलाई समावेश गराउन चाहान्थे जसले उनीहरूलाई पहिलो मिसनरी यात्रामा बीचबाट नै छोडेर फर्केका थिए र पावलले त्यसको ठीक उल्टो धारणा प्रस्तुत गरे। अन्तत दुवैले मिसनरी यात्राहरूको शुरूवात गरे। बर्णावास मर्कूसलाई लिएर साइप्रस गए। पावल सिलासलाई लिएर सिरियातर्फ गए, अहिलेको आधुनिक टर्की र ग्रीसमा गए। पछि, पावलले बर्णाबासको बारेमा राम्रो कुराहरू बोलेका छन् यसबाट यो थाहा हुन्छ कि मतभेदले उनीहरूको मित्रतालाई रोक्न सकेन (१ कोरिन्थी ९:६ कलस्सी ४:१०)।
- पत्रुस, बर्णबास, वा मर्कूस प्रेरितको पुस्तकमा फेरि देखा परेका छैनन्। सिलास यरूशलेमको मण्डलीका प्रतिनिधिहरूमध्ये एक थिए जसले परिषद्को निर्णय एन्टिओखको मण्डलीमा पुऱ्याएका थिए। उनी एक रोमी नागरिक, भविष्यवक्ता पनि थिए र शायद उनले ग्रीक भाषा पनि जान्दथे। सँगै मिलेर, पावल र सिलासले दोस्रो मिसनरी यात्रामा मण्डलीलाई सुदृढ गर्ने कार्य गरेका थिए।
- दोस्रो मिसनरी यात्राको शुरूमा, पावल तिमोथीसँग परिचित भए जो दोस्रो पुस्ताका परिवर्तन भएका विश्वासी थिए। तिमोथीकी आमा र हजुरआमा विश्वासी भइसकेका थिए। उनको बुबा ग्रीक थिए तर तिनी विश्वासी थिएनन्। तिमोथी पावलको सबैभन्दा विश्वासिलो सहयात्री भए।
- आधुनिक समयको टर्की यात्रा गरिसकेपछि, प्रभुले पावलसँग दर्शनमा बोल्नुभयो, "म्यासिडोनिया आएर हामीलाई सहायता गर्नुहोस्।" त्यसकारण, पावल र तिनका साथीहरू म्यासिडोनिया (उत्तरी ग्रीस) गए जहाँ तिनीहरू फिलिप्पी र बेरियामा गएका थिए।
- म्यासिडोनिया पछि, पावल एथेन्स गए जहाँ उनले एथेन्सका दार्शनिकहरूसँग बहस गरे। उनी कोरिन्थ पनि गए जहाँ उनी डेढ वर्ष भन्दा बढी बसे। त्यसपछि तिनी यरूशलेम र एन्टिओख फर्किए।

**शिक्षक साहायता**

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ। शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ। क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो। बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन्।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन्। पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ। जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस्। कथाको शिक्षा विभिन्न प्रकारलेः मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ। यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोऱ्याएर हेर्नुहोस्। यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस्।

©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## २) पाठ शुरू गर्नुहोस्

सम्पूर्ण बाइबलमा आठवटा मुख्य विषयहरूमा विशेष जोड दिइएको पाईन्छ। हामीले यी कुराहरू पहिलेका पाठहरूमा पनि अध्ययन गरिसकेका छौँ । ती कुराहरू के-के उनीहरूले बताउन र प्रत्येकको केहि शब्दहरूमा वर्णन गर्न सक्छन् कि बालबालिकाहरूलाई सोध्नुहोस्। ती कुराहरू निम्न प्रकार छन्।

१. परमेश्वर : शुरूमा त्यहाँ एक मात्र अति नै शक्तिशाली र अनन्त परमेश्वर हुनुहुन्थ्यो।

२. मानिस : परमेश्वरले सबैथोक सृष्टि गर्नुभयो। उहाँले पुरुष र स्त्रीलाई उहाँको असल मित्रहरू हुनका निम्ति आफ्नै स्वरूपमा सृष्टि गर्नुभयो।

३. पाप : पुरुष र स्त्रीले परमेश्वरको आज्ञा उल्लङ्घन गरे । उहाँले जे भन्नुभएको थियो त्यो उनीहरूले गरेनन् र पाप गरे, त्यस दिनदेखि मानवजातीमा पापले प्रवेश गऱ्यो।

४. मृत्यु : परमेश्वरले पुरुष र स्त्रीलाई उनीहरूका अनाज्ञाकारिताको दण्ड दिनुभयो। बाइबलमा मृत्युले अलग भएको कुरालाई बुझाउदँछ।

५. खीष्ट : परमेश्वरले आफ्नो एकमात्र, विशेष पुत्रलाई संसारमा पठाउनुभयो, जसले सिद्ध र पवित्र जीवन जिउनुभयो।

६. क्रुस : येशू संसारको पापका निम्ति क्रुसमा मर्नुभयो।

७. विश्वास : यदि कसैले खीष्टमा विश्वास गर्छ भने परमेश्वरले उसलाई स्वागत गर्नुहुन्छ।

८. जीवन : परमेश्वरले खीष्ट येशू प्रभुमाथि विश्वास गर्नेहरूलाई अनन्त जीवन दिनुहुन्छ।

## ३) पाठ सिकाउनुहोस्

पावलको दोस्रो मिसनरी यात्रामा, कक्षाले केहि व्यक्तिहरूको बारेमा जान्ने छन् जसलाई पावल र उनका साथीहरूले हेरचाह गरेका थिए र राम्रो मित्र बन्न पुगेका थिए। सिलास, तिमोथी, लिडिया जस्ता अन्य व्यक्तिहरूलाई दोस्रो मिसनरी यात्रामा हामी चिन्न पाउछौं। पावलका साथीहरू विभिन्न देशहरूका नागरिकहरू थिए।

मित्रताका केहि विशेषताहरू के के थिए जुन यात्रा गर्दै गर्दा पावलले खोजेका थिए ?

- विश्वसयोग्य साक्षीहरू ?
- राम्रो यात्रा गर्न सक्नेहरू ?
- ईश्वरीय गुण भएकाहरू ?

**शिक्षक साहयता**

**पाठ शुरू गर्ने क्रियाकलाप: आठ अत्यावश्यक सत्यताहरू**

कागजको टुक्राहरूमा आठ वटा महत्वपूर्ण सत्यताहरू लेख्नुहोस् र तिनीहरूलाई उल्टो फर्काएर राख्नुहोस्। ती शब्दहरूको केहि संक्षिप्त वर्णन गरिएका भनाईहरूलाई पनि त्यस्तै गर्नुहोस्। अब, बालबालिकाहरूको २ वा ३ समूहहरू बनाउनुहोस् र तिनीहरूलाई ती सत्यताहरू र वर्णनहरू सही क्रममा मिलाउन लगाउनुहोस्। तिनीहरूलाई सिमित समय दिनुहोस् र विजयी समूहलाई केहि पुरस्कारको पनि व्यवस्था गर्न सक्नुहुन्छ।

कक्षालाई याद दिलाउनुहोस् कि बाइबलमा यी सत्यताहरू कहाँ कहाँ पाउन सकिन्छ

## कथा भन्नुहोस्

एन्टिओखको मण्डलीलाई यरूशलेम परिषद्‌ले पठाएको पत्र पढेको केहि समयपछि पावल र बर्णाबासले पहिलो मिसनरी यात्रामा शुरू भएका मण्डलीहरूमा फर्केर जाने र के गरिरहेका छन् भनि हेर्ने विचार बारे छलफल गरिरहेका थिए। ती दुवैलाई यो विचार राम्रो लागेको थियो। यद्यपि विचारमा एउटा ठूलो भिन्नता आयो: बर्णाबासले आफ्नो भाई, यूहन्ना भनिने मर्कूसलाई लैजान चाहान्थे, जसले उनीहरूलाई पहिलो मिसनरी यात्रामा बीचबाटै छोडेर फर्किएका थिए तर पावलले त्यो चाहेनन्। त्यसकारण, तिनीहरू सबै आ-आफ्नै बाटो लागे। बर्णावास र मर्कूस साइप्रसतर्फ गए भने, पावल र तिनका नयाँ सहयात्री सिलास आधुनिक टर्कीतिर गए।

पावल र सिलासको यात्राको शुरूतिरै उनीहरूले तिमोथी नाम गरेको एकजना युवकलाई भेटेका थिए। ऊ विश्वासी थियो जसको आमा र हजुरआमा पनि विश्वासी थिइन्। पछि गएर, तिमोथी पावलका सहयात्री भए र उनी सबैभन्दा विश्वासिलो मित्र र सेवकाईको साझेदार पनि भएका थिए। जब यो मिसनरी समूह पश्चिमी टर्कीमा पुगे, परमप्रभु पावलको दर्शनमा देखा पर्नुभयो। उत्तरी ग्रीसको म्यासिडोनियाबाट आएका एकजनालाई पावलले देखे र त्यस मानिसले भने, “म्यासिडोनिया आएर हामीलाई सहायता गर्नुहोस्।”

अब यो दोस्रो मिसनरी यात्रामा हुने कुरा पावलले सोचे भन्दा फरक थियो। उसले केवल पहिलो यात्राको मण्डलीहरूलाई सुदृढ पार्न जाने योजना मात्र बनाएको थियो। तर, परमेश्वरले तिनीहरूको सेवकाईको लागि अझ ठूलो ढोका खोल्नुभयो जसले तिनीहरूलाई ग्रीस र अन्ततः युरोपसम्म पुऱ्यायो।

तिनीहरू एगियन समुद्र पार गरेर टर्कीबाट ग्रीस पुगे र प्रार्थना गर्ने ठाउँ खोजे। तिनीहरूले प्रार्थना गर्ने ठाउँ भेट्टाए र तिनीहरूले एउटी महिलालाई भेटे जसले लुगाहरूको व्यापार गर्थिन्। उनको नाम लिडिया थियो। उनी फिलिप्पीको शहरमा विश्वासी भएकी थिइन्। तर सधैँजस्तो केहि समस्या ल्याउने व्यक्तिहरू शहरमा आए र पावल र सिलासको विरुद्ध मानिसहरूलाई उक्साए। यसैले तिनीहरूलाई जेलमा लगियो तर उनीहरूले अझै परमेश्वरको प्रशंसा गरे। एक रात, त्यहाँ भूकम्प आयो र सबै कैदीहरूको साङ्लाहरू खुल्यो। झ्यालखानाका हाकिम डराए तर पावलले सबै कैदीहरू अझै जेलमै रहेको कुरा बताए। यस कुराले झ्यालखानाका हाकिमको ध्यानाकर्षण गऱ्यो र उसले पावललाई सोध्यो, “मुक्ति पाउन मैले के गर्नुपर्छ ?” पावलले उनलाई भने, “प्रभु येशू ख्रीष्टमा विश्वास गर्नुपर्छ तब तपाईं बाँच्नुहुनेछ।” अन्ततः झ्यालखानाका हाकिमको सम्पूर्ण परिवारले येशू ख्रीष्टमा विश्वास गरे।

यसपछि, पावल एथेन्स गए जहाँ उनी सबै गैर-ईसाई देवताहरू देखेर अत्यन्तै व्याकुल भए। उनले तिनीहरूका दार्शनिकहरूसँग पनि बहस गरे। त्यसपछि, उनी कोरिन्थ गए र त्यहाँ केहि समयको लागि रहनु महत्वपूर्ण छ भन्ने विचार गरेर केहि समय त्यहाँ बसे। त्यसपछि, उनी कोरिन्थमा डेढ वर्ष सम्म बसे। उनले मण्डलीलाई सुदृढ पार्दै थिए र धेरै मानिसहरूले येशूमा विश्वास गर्न थाले। यहाँ दोस्रो मिसनरी यात्रा समाप्त हुन लागेको थियो त्यसैले पावल पहिला सिजरिया फर्के र त्यसपछि एन्टिओखमा गए।

**कथा भन्ने क्रियाकलाप: नक्शा**

कक्षालाई पावल र सिलासले गरेको दोस्रो मिसनरी यात्राको विवरण देखाउनको लागि शिक्षकले नक्शामा ती ठाउँहरू खोजेर देखाउनुहोस्।

## कण्ठ गर्नुपर्ने पद

**प्रेरित १६:३१ (टि.बी.एस) -** अनि उनीहरूले भने: "प्रभु येशू ख्रीष्टमाथि विश्वास गर्नुहोस्, र तपाईंले मुक्ति पाउनुहुनेछ -तपाईंले र तपाईंको परिवारले । "

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन्। यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो । स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्राय: यूट्यूबमा पनि राखिएका हुन्छन्। तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ ।

यस पाठका निम्ति "धन्यवाद येशू (कोरस नं. २४)" बोलको भजन गाउने सल्लाह दिईन्छ ।

## बाइबलीय क्रियाकलाप

बालबालिकाहरूलाई ५ समूहमा विभाजन गर्नुहोस्:

१. आँखाहरू नभएको (हातले आँखा ढाक्नुहोस्)

२. कानहरू नभएको (औंलाले कान बन्द गर्नुहोस्)

३. आवाज नभएको (हातले मुख थुन्नुहोस्)

४. हातहरू नभएको (हात पछाडी राख्नुहोस्)

५. खुट्टाहरू नभएको (भुइँमा पलेटी मारेर बस्नुहोस्)

अब भन्नुहोस् : हामी विभिन्न तरिकाले परमेश्वरको प्रशंसा गर्न सक्छौं भनि हेर्नको लागि आउनुहोस् हाम्रो प्रशंसाको भजन फेरि गाऔं । यदि तपाईं आँखा नभएको समूहको सदस्य हुनुहुन्छ भने, तपाईंले आँखा बन्द गरेर परमेश्वरको प्रशंसा गर्नुपर्नेछ। यदि तपाईं आवाज नभएको समूहमा हुनुहुन्छ भने ताली बजाउन वा घुम्न सक्नुहुनेछ, तर तपाईंले आफ्नो आवाज निकाल्नु हुँदैन । फेरि एकपटक भजन गाउनुहोस् । बालबालिकाहरूले "नियमहरू पालन" गरेका छन् कि छैनन् भनि निश्चित गर्नुहोस् । भजन गाईसकेपछि सोध्नुहोस् :

- विभिन्न अप्ठ्यारो परिस्थितीहरूमा परमेश्वरलाई प्रशंसा गर्न गाह्रो छ वा सजिलो छ ?
- के तपाईंले जसरी भएपनि परमेश्वरको प्रशंसा गर्ने कुनै तरिका पत्ता लगाउनु भयो ?

फेरि भन्नुहोस्: **"कहिलेकाहीं हामी पनि अप्ठ्यारो परिस्थितिहरूको सामना गर्दा पावल र सिलासले महसुस गरे जस्तै महसुस गर्छौं । हामी जस्तो सुकै परिस्थितीबाट भएर गएतापनि, जुनसुकै ठाउँमा भएतापनि पावल र सिलासले जस्तै परमेश्वरको प्रशंसा गर्ने तरिका र कारण खोज्न सक्छौं ।"** यदि समय छ भने, प्रशंसाको भजन फेरि एकपटक गाउनुहोस् ।

### कण्ठ पार्ने पदको क्रियाकलाप: वचन कार्ड प्रतिस्पर्धा

कक्षामा २ वा ३ जनाको समूहहरू बनाउनुहोस् । प्रत्येक समूहलाई कार्डको सेट दिनुहोस् । प्रत्येक कार्डमा कण्ठ गर्ने पदको एउटा शब्द लेखिएको हुनुपर्छ । समुहहरूले कण्ठ गर्ने पदको शब्दहरूलाई क्रमबद्ध रूपमा मिलाउनुपर्दछ ।

### बाइबलीय क्रियाकलाप

बालबालिकाहरूसँग मिलेर एउटा परिचित भजन गाउनुहोस् । बालबालिका-हरूले राम्रोसँग जानेको कुनै पनि भजन हुन सक्छ, उदाहरणको लागि "धन्यबाद येशू" हुनसक्छ ।

## ४) पाठको समीक्षा गर्नुहोस्

"को" प्रश्नहरू:

१. यात्रामा पावलले क-कसलाई भेटे जो उनका घनिष्ठ मित्र भए ?

२. पावल कोसँग यात्रा गर्दै थिए ?

"के" प्रश्नहरू:

१. फिलिप्पीको जेलमा पावलले के गरे ?

२. एथेन्समा पावलले के गरे ?

"कहिले" प्रश्नहरू:

१. पावलले ग्रीस वा म्यासिडोनिया जाने निर्णय कहिले गरे ?

२. पावल दोस्रो मिसनरी यात्राको लागि कहिले गए ?

"कहाँ" प्रश्नहरू:

१. म्यासेडोनिया कहाँ पर्छ ?

२. एथेन्स र कोरिन्थ कहाँ पर्छन् ?

"किन" प्रश्नहरू:

१. फिलिप्पीको जेलमा पावल किन बस्नु-पर्‍यो ?

२. पावलले एथेन्सका ग्रीक दार्शनिक-हरूसँग किन बहस गरे ?

**पाठको समीक्षाको क्रियाकलाप: अनुसन्धान क्युब**

कक्षालाई दुई समूहमा विभाजन गर्नुहोस् । कुनै एउटा क्युब किन्नुहोस् वा बनाउनुहोस् र त्यस क्युबको प्रत्येक भागमा, के, कहिले, कहाँ, किन शब्दहरू लेखेर टाँस्नुहोस् । त्यसपछि, क्युबलाई समूहमा पालै पालो गुडाउनुहोस् र क्युबको माथिल्लो भागमा देखिएको प्रश्नको उत्तर दिनुपर्ने हुन्छ । उदाहरणको लागि, यदि क्युबको माथिल्लो भागमा "किन" भन्ने शब्द देखापर्छ भने, समूहले "किन" भन्ने प्रश्नको उत्तर दिनुपर्छ । शिक्षकले पाठ सम्बन्धित आफ्नै प्रश्नहरू पनि बनाउन सक्नुहुन्छ ।

## ५) पाठ लागु गर्नुहोस्

तिनीहरूले मिलेर अन्तिम लाईनमा पुर्‍याउनु पर्ने सन्देश छ । त्यो सन्देश येशू ख्रीष्टको सुसमाचार सुनाउनु हो तर तिनीहरूले सँगै मिलेर काम गर्नु पर्छ । जुन समूहले अन्तिम लाईन छिटो पार गर्छ त्यो समूह विजयी हुनेछ । अन्तिम लाइन सम्म सन्देश पुर्‍याउन मिलेर काम गर्नुपर्छ ।

**पाठ लागू गर्ने क्रियाकलाप: सामूहिक सुसमाचार कार्य**

शिक्षकले कक्षालाई ३० फिटको दुरीमा दुई लाइन बनाएर राख्नुपर्छ । पहिलो समूहका विद्यार्थीहरू पलेटी मारेर भूईंमा बसी भुईंमा हात राख्नुपर्नेछ । दोस्रो समूहका विद्यार्थीहरूले पहिलो समूहको विद्यार्थी-हरूको कम्मरमा खुट्टा बेरेर राख्नेछन् । दुवै समूहका अन्य विद्यार्थीहरूले पनि त्यस्तै गर्नुपर्छ ।

**कथाको मूख्य सार: पावल र तिनका साथीहरू सिरिया, टर्की र ग्रीस गएका थिए ।**

# रोचक घटना नं ८८

# प्रेरित १८:२३-१९:४१

**कथाको मूख्य सारः मूर्तिपूजक शहर एफिससमा पावलले प्रशस्त समय बिताएका थिए ।**

## १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- पावलले एन्टिओखमा थोरै समय मात्र बिताएपछि तेस्रो मिसनरी यात्रामा गए । तुरुन्तै, उनी एफिससतिर लागे जहाँ उनले चार वर्षको मिसनरी यात्रामा २ देखि ३ वर्ष बिताएका थिए । यो तेस्रो मिसनरी यात्रा लगभग ५३ देखि ५७ ई.सं. सम्मको थियो ।
- एफिसस, रोमी साम्राज्यमा भएको सबैभन्दा ठूलो शहरहरू मध्येको एक थियो, जुन आर्टेमिस वा डायना सम्प्रदाय र जादुई कलाको केन्द्र थियो । पावलको दोस्रो मिसनरी यात्रा तिमोथीलाई भेटेर शुरू भयो, जो उनको असल मित्र भएका थिए । पावलको तेस्रो मिसनरी यात्रा पनि एफिससमा अपोल्लसलाई भेटेर शुरू भयो । अपोल्लस उल्लेखनीय बाइबल शिक्षक थिए ।
- आर्टेमिसको मन्दिर प्राचीन संसारको सात आश्चर्यहरू मध्येको एक थियो । यस मन्दिर एथेन्सको पार्थेननको मन्दिर भन्दा चार गुणा ठूलो थियो ।
- एफिससका मानिसहरूले परमेश्वरको भय मानेर उनीहरूको टुनामुनाका पुस्तकहरू जलाए । पावलद्वारा आर्टेमिसको विरूद्ध दिइएको शिक्षाको विरूद्ध एफिससका सुनार डेमेत्रियसले दंगा शुरू गरे ।
- पावलबाटको आश्चर्य कामहरू र पत्रुसबाटको आश्चर्य कामहरू उस्तै थिए । दुवै व्यक्तिहरूमाथि परमेश्वरको आशिषमय हात थियो ।
- त्यसको परिणाम स्वरूप येशूको नामप्रति ठूलो डर र उच्च सम्मान थियो । धेरै इसाईहरू टुनामुना र तन्त्रमन्त्रमा खुल्लमखुल्ला सहभागी भएका थिए । तर अब, उनीहरूले आफ्नो कुकर्महरू खुल्लमखुल्ला स्वीकार गरिरहेका थिए । धेरै व्यक्तिहरूले सार्वजनिक रूपमा उनीहरूको तन्त्रमन्त्रका पुस्तकहरू जलाए । यी पुस्तकहरूको मूल्य लगभग ५०००० चाँदीका टुक्रा थियो ।
- डेमेत्रियसको रणनीति भनेको पैसाको मोह र लोभ जगाउनु थियो । उनले प्रत्यक्ष रूपमा चाहिँ पावलले प्रचार गरेको शिक्षाको विरोध गरेनन् ।

**शिक्षक साहायता**

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारले: मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोऱ्याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।


©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## २) पाठ शुरू गर्नुहोस्

| समयरेखा | मानिस | घटना |
|---|---|---|
| शुरूवातहरू | परमेश्वर | परमेश्वरले सबैथोक बनाउनुभयो । |
| शुरूवातहरू | आदम र हव्वा | पाप |
| शुरूवातहरू | नोआ | संसारभर जलप्रलय |
| शुरूवातहरू | दुष्ट मानिसहरू | भाषाको खलबल |
| राष्ट्रको शुरूवातहरू | अब्राहाम | परमेश्वरद्वारा विशेष प्रतिज्ञाहरू |
| राष्ट्रको शुरूवातहरू | मोशा | विपत्तिहरू |
| भूमिमाथि कब्जा | यहोशू | प्रतिज्ञाको भूमिमा प्रवेश |
| भूमिमाथि कब्जा | गिदोन | पापको चक्र |
| संयुक्त राज्य | दाऊद | सदाको लागि एक विशेष राजा |
| विभाजित राज्य | एलिया र एलिसा | इस्राएलमा विशेष भविष्यवक्ताहरू |
| निर्वासन | यर्मिया, दानिएल, इजकिएल | इस्राएल अश्शूरमा लगिएको |
| फर्किएको | नहेम्याह र एज्रा | इस्राएल भूमिमा फर्किएको |
| फर्किएको | दानिएल | परिर्वतनका ४०० वर्षहरू |
| येशूको प्रारम्भिक जीवन | मरियम र युसुफ | येशूको जन्म |
| येशूको सेवाकाई | १२ चेलाहरू | येशूले १२ चेलाहरूलाई बोलाउनुभयो |
| येशूको सेवाकाई | येशू | येशूका अचम्मका कामहरू |
| येशूको सेवाकाई | अन्धो मानिस | येशूको निको पार्ने शक्ति |
| धोका र मृत्यु | येशू खीष्ट | यरूशलेममा प्रवेश |
| विजय र जीवन | पुनरूत्थान खीष्ट | खाली चिहान |
| मण्डली | येशू र प्रेरितहरू | यरूशलेम मण्डली |

## ३) पाठ सिकाउनुहोस्

एफिससमा पावलले प्रचार गर्दा चाँदीका मूर्तिहरू बनाउनेहरूसँग विवादमा परेका थिए। यी चाँदीका मूर्ति बिक्रेताहरूले जादुका पुस्तकहरू पनि बेच्ने गर्दथे। त्यसकारण तिनीहरू पावलसँग एकदमै क्रोधित भए ।

के कुराले यी चाँदीको मूर्ति बनाउनेहरू धेरै रिसाए ?

### पाठ शुरू गर्ने क्रियाकलाप : समय अवधि, मानिसहरू, र घटनाहरू मिलाउनुहोस्

शिक्षकले कागजका तीनवटा थाक बनाउनु पर्छ। एउटा थाकमा “समय अवधि ” हुनुपर्दछ। १८ अलग युगहरू यस “समय अवधि” को थाकमा राखिएको हुनुपर्दछ। “मानिस” र “घटना” हरूको लागि पनि यस्तै एउटा एउटा थाक बनाउनुहोस् । अब तिनीहरूलाई एकै ठाउँमा मिसाउनुहोस् र बालबालिकाहरूलाई सहि क्रममा मिलाउन लगाउनुहोस् र उनीहरूले सही समय अवधि सहि मानिसहरू र सही घटनाहरू मिलाएर राख्न सक्नुपर्छ। उदाहरणको लागि, सहीसँग मिलाउँदा शुरूवात, परमेश्वर, र सबैथोक परमेश्वरले बनाउनुभएको हो भन्ने कुराहरू एकै समूहमा हुनुपर्छ।

पावल दोस्रो मिसनरी यात्राबाट भर्खरै फर्केका थिए र उनी फेरि यात्रामा जानको लागि तयार थिए । एन्टिओखमा केहि समयको बसाईपछि, उनी फ्रिगिया र मध्य आधुनिक टर्कीको गलातियातर्फ प्रस्थान गरे । तर उनको लक्ष्य भने एफिसस थियो । एफिसस एक प्रमुख व्यापारीक केन्द्र थियो र यो मूर्तिपूजकहरूको केन्द्र थियो । वास्तवमा, एफिससमा भएका प्राय विश्वासीहरूले आफ्नै इच्छाअनुसार मूर्तिपूजाका प्रचलनहरूलाई आफ्नो जीवनमा अपनाईरहेका थिए । केहि इसाईहरूलाई त झन् टुनामुनाको अभ्यास गर्नु र आर्टेमिस देवीको चाँदीका मूर्तिहरूको पूजा गर्नु समेत महत्वपूर्ण छ भन्ने लाग्दथ्यो ।

आर्टेमिसको मन्दिर धेरै ठूलो थियो । यसको चौडाई २३९ फिट (७३ मीटर) र लम्बाई ४१८ फिट (१२७ मिटर) थियो । यो एथेन्सको एक्रोपोलिस भन्दा चार गुणा ठूलो थियो । मन्दिर पैसा कमाउने एउटा ठूलो केन्द्र थियो । धेरै व्यक्तिहरू आर्टेमिससँग सम्बन्धित सामान खरीद-बिक्री गर्दथे । यसकारणले उनीहरू आर्थिक रूपमा सुरक्षित र सम्पन्न थिए । किनकि एफिसस २,००,००० भन्दा बढी मानिसहरूको बसोवास रहेको एउटा ठूलो शहर थियो, त्यसैले आर्टेमिसको पूजाद्वारा शहरमा आएको पैसा महत्वपूर्ण थियो ।

जब पावल एफिससमा पुगे, उनले प्रचार गरे र धेरै जनाले विश्वास गरे । पावल यति धेरै प्रसिद्ध भए कि उनको शरीरबाट रूमालहरू वा गम्छाहरू बिरामीहरूकहाँ लगिन्थे, र रोगले तिनीहरूलाई छोड्थे, र दुष्ट आत्माहरू तिनीहरूबाट निस्कन्थे । वास्तवमा, एफिससका जादूगरहरूले यसको नक्कल गर्ने कोसिस गरेर आफूहरू पनि पावल जस्तै हो भनि देखाउन खोजेका थिए । एफिससका एकजना व्यक्तिको सात छोराहरूले यो कोसिस गरेका थिए र तिनीहरूलाई दुष्टात्माले जवाफ फर्काएको थियो । दुष्टात्माले भन्यो, “म येशूलाई चिन्छु र मैले पावलको बारेमा सुनेको छु, तर तिमीहरू को हौ?” दुष्ट आत्माले जादूगरहरूलाई पिट्यो र तिनीहरूको लुगा पनि च्यातीदियो ।

उनीहरूको शहर पतन हुँदैछ भनेर एफिससका केहि नागरिकहरूले सोचेका थिए । उनीहरूको व्यवसाय बन्द हुनेछ भनेर उनीहरू डराए । त्यसकारण, मानिसहरू एफिससका आर्टेमिस महान् हुन् भनेर चिच्याउँदै सडकमा दौडिए । केहि समयको हुलदंगापछि शहरका मुख्य अधिकारीले मानिसहरूलाई शान्त गराए । त्यसपछि, पावल ग्रीसतर्फ प्रस्थान गरे । उनले आर्टेमिसप्रति एफिससका मानिसहरूको दृष्टिकोणलाई चुनौती दिएका थिए । धेरै विश्वासीहरूले पश्चात्ताप गरेर आफ्ना टुनामुनाका पुस्तकहरू र मूर्तिहरू त्यागिदिए र जलाईदिए पनि ।

पावलको प्रचारले विश्वासीहरूलाई आर्टेमिसको पूजा गर्ने वा मानिसहरूलाई आर्टेमिसको मूर्तिहरू बेची पैसा कमाउने कुरामा दोषी ठहरायो । अब विश्वासीहरूको फरक जीवनशैली वा दृष्टिकोण थियो । अब उनीहरूले झूटा मूर्तिहरूलाई पूजेनन् र धेरै विश्वासीहरू पूर्ण रूपमा परमप्रभुमा फर्के र केवल प्रभु येशूको आराधना गरे । अन्तमा, सफा गरिएको शुद्ध गरिएको मण्डली अझ शक्तिशाली हुँदै बढ्दै गयो ।

**कथा भन्ने**
**क्रियाकलाप : नक्शा**

शिक्षकले कक्षालाई पावलले तेश्रो मिसनरी यात्राको सामान्य दिशा नक्शामा देखाउनुभयो भने असल हुनेछ ।

## कण्ठ गर्नुपर्ने पद

**प्रेरित १९:१९ (टि.बी.एस) -** अनि जादु-टुना गर्नेहरूमध्ये पनि धेरैजनाले आ-आफ्ना पुस्तकहरू जम्मा गरे र तिनलाई सबैको सामु जलाइदिए । अनि तिनीहरूले तिनको दाम जोड़े, र दाम पचास हजार चाँदीको रुपियाँ निस्क्यो ।

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन् । यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो । स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्रायः यूट्यूबमा पनि राखिएका हुन्छन् । तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ ।

यस पाठका निम्ति "धन्यवाद येशू (कोरस नं. २४)" बोलको भजन गाउने सल्लाह दिईन्छ ।

## बाइबलीय क्रियाकलाप

कक्षामा शब्दकोश ल्याउनुहोस्, वा सामाग्री जसमा इन्टरनेट चलाउन सकिन्छ । विद्यार्थीहरूलाई "तन्त्रमन्त्र," "बोक्सीविद्या," र "टुनामुना" शब्दहरू खोज्न मद्दत गर्नुहोस् । एफिससका मानिसहरूमा तन्त्रमन्त्र र टुनामुनाको ठूलो समस्या थियो ।

- यी कुराहरू किन ख्रीष्टयनहरूका लागि गलत हुन्छन् ? उनीहरूले दिएको उत्तर हरूको बोर्डमा सूची बनाउनुहोस् । धेरै अन्धविश्वासहरू, तन्त्रमन्त्र, बोक्सीविद्या, वा जादुटुनामा आधारित छन् । यी विश्वासहरू परमेश्वरको वचनमा होइन तर डर र झूटमा आधारित छन् ।
- मानिसहरूले आजभोली के कस्ता अन्धविश्वासहरूमा विश्वास गर्छन् ? बोर्डमा उत्तरहरू लेख्नुहोस् ।

यदि सम्भव हुन्छ भने अन्धविश्वाससँग सम्बन्धित बाइबलका पदहरू दिनुहोस् । सधैं परमेश्वरको वचनमा सिकाइएका कुराहरूसँग ती भनाईहरू र कामहरूलाई दाँज्नुहोस् भनेर विद्यार्थीहरूलाई याद गराउनुहोस् ।

### पद कण्ठ गर्ने क्रियाकलापः वचनको मिश्रण

कागजको पानामा यस पदको शब्दहरू लेख्नुहोस् । अनि हरेक शब्दलाई एउटा-एउटा संख्या दिनुहोस् । संख्याहरू बाहेक, पदका बिगारिएको शब्दहरू लेख्नुहोस् । तपाईंका बालबालिकाहरूलाई प्रत्येक शब्दहरू मिलाएर त्यसको सहि क्रममा राखी पदलाई पूरा गर्ने चुनौती दिनुहोस् ।

उदाहरणः

१. याख्सं संख्या

२. हतिरूनी तिनीहरू

३. न्त्रमन्त्रत तन्त्रमन्त्र

४.हकरूपुस्त पुस्तकहरू

## ४) पाठको समीक्षा गर्नुहोस्

येशूको अनुसरण गर्नेहरूको जीवनमा आधारित भई आफैलाई यो तलिका अनुसार मूल्यांकन गर्नुहोस्:

| | | | | | | |
|---|---|---|---|---|---|---|
| • येशूको उदाहरण अनुसरण गर्ने | १ | २ | ३ | ४ | ५ | ६ |
| • परमेश्वरको वचन बुझ्ने | १ | २ | ३ | ४ | ५ | ६ |
| • मिसनरी हुन चाहाने | १ | २ | ३ | ४ | ५ | ६ |
| • विश्वासको बारेमा सुनाउने | १ | २ | ३ | ४ | ५ | ६ |
| • मैले गर्ने निर्णयहरू | १ | २ | ३ | ४ | ५ | ६ |
| • बाइबलको ८ महत्वपूर्ण सत्यताहरू बताउने | १ | २ | ३ | ४ | ५ | ६ |
| • खराब कामहरू त्याग्ने | १ | २ | ३ | ४ | ५ | ६ |
| • परमेश्वरप्रति प्रतिबद्धता | १ | २ | ३ | ४ | ५ | ६ |

## ५) पाठ लागु गर्नुहोस्

साथै, तिनीहरूसँग अन्तिम लाईनमा पुऱ्याउनुपर्ने सन्देश छ। त्यो सन्देश येशू ख्रीष्टको सुसमाचारको घोषणा गर्नको लागि हो तर तिनीहरूले सँगै मिलेर काम गर्नुपर्छ। पहिलो समूह जसले अन्तिम लाईन शुरूमा पार गर्छ त्यो समूहले जित्छ। अन्तिम लाइनमा सन्देश पुऱ्याउन मिलेर काम गर्नुहोस्।

**कथाको मूख्य सार: मूर्तिपूजक शहर एफिससमा पावलले प्रशस्त समय बिताएका थिए।**

**पाठको समीक्षा गर्ने क्रियाकलाप: विकासको लागि तालिका**

शिक्षकले बालबालिका-हरूलाई निर्देशन दिनुपर्दछ कि येशूको उदाहरणले हामीलाई हाम्रो जीवनको मूल्यांकन गर्न मद्दत पुऱ्याउँछ।

बालबालिकाहरूले यो तालिका भर्नुपर्छ (१= कम; ६=बढि।)

**पाठ लागू गर्ने क्रियाकलाप: सामूहिक सुसमाचार कार्य**

शिक्षकले कक्षालाई ३० फिटको दुरीमा दुई लाइन बनाएर राख्नुपर्छ। पहिलो समूहका विद्यार्थीहरू पलेटी मारेर भूईंमा बसी भुईंमा हात राख्नुपर्नेछ। दोस्रो समूहका विद्यार्थीहरूले पहिलो समूहको विद्यार्थी-हरूको कम्मरमा खुट्टा बेरेर राख्नेछन्। दुवै समूहका अन्य विद्यार्थीहरूले पनि त्यस्तै गर्नुपर्छ।

# रोचक घटना नं ८९

# प्रेरित २६:१-३१

शिक्षक साहायता

**कथाको मूख्य सारः पावल आफ्नो विश्वासको कारण पक्राउ परेका थिए र उनी धेरैजना रोमी न्यायाधीशहरूको सामु हाजिर हुनुपरेको थियो ।**

## १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- हेरोद अग्रिप्पा द्वितीयका काका-हजुरबुवा हेरोद एन्टिपास थिए जसले येशू ख्रीष्टलाई क्रुसमा टाँग्नुभन्दा अघाडीको सोधपुछको समयमा भेटिसकेका थिए तर उनी ख्रीष्टमा विश्वास गर्न भने असफल भएका थिए । अग्रिप्पा द्वितीयले पावलबाट सुसमाचार सुने तर यसलाई हल्का मनोरञ्जनको रूपमा लिए । अग्रिप्पा द्वितीय हेरोद राजवंशको अन्तिम शासक थिए जसले ४० ई.पू. देखि १०० ई.सं.मा रोम र प्यालेस्टाइन बीच मध्यस्थकर्ताको काम गरे ।
- फेस्तससामु येशू ख्रीष्टमा विश्वास राख्नुको आफ्नो कारणहरू पावलले प्रस्तुत गरिसकेका थिए (प्रेरित २५:६-१२) । अब उनी अग्रिप्पालाई सम्बोधन गर्न तयार थिए । उसको प्रस्तुतीकरण सजिलैसँग तीन मूख्य खण्डहरूमा विभाजन गर्न सकिन्छ ।
  - पहिलो खण्डमा, पावलले ख्रीष्टमा आउनु भन्दा पहिलेको आफ्नो जीवनको बारेमा बताए (प्रेरित २६:१-११ ) । पावल फरिसी दलका सदस्य थिए जुन यहूदीहरूको एकदमै कठोर धार्मिक समूह थियो । पावल फरिसी शिक्षाप्रति यति विश्वस्त थिए कि उनले इसाई विश्वास गलत हो भनेर इसाईहरूलाई सताउन धेरै हदसम्म लागेका थिए र उनीहरूलाई मार्नसम्म तयार थिए ।
  - दोस्रो, पावलले अग्रिप्पालाई उनको विश्वासको कथा सुनाए, उनले कसरी ख्रीष्टमा विश्वास गरे (प्रेरित २६:१२-१७ ) । दमस्कस सडकमा जब उनले एउटा आवाज सुने र एउटा ज्योति देखेपछि पावलको जीवन परिवर्तन भयो । जब पावलको जीवन परिवर्तन भयो, अग्रिप्पाले सुन्नु पर्ने पाँचओटा घटनाहरू घट्योः १) आँखा खोलियो, २) अन्धकारबाट उज्यालोमा परिवर्तन भयो, ३) शैतानको शक्तिबाट परमेश्वरको शक्तिमा फर्किए, ४) क्षमा पाए, र ५) प्रेरितहरूसँगै समान स्थान प्राप्त गरे ।
  - तेस्रो, उनले ख्रीष्टमाथि विश्वास गरेपछिको कथा बताए । पावल स्वर्गीय दर्शनप्रति आज्ञाकारी थिए र अब उनले साधारण र विशिष्ट व्यक्तिहरू दुवैलाई ख्रीष्टमा भएको उनको नयाँ विश्वासको बारेमा बताउन लागेका थिए ।

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारलेः मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोऱ्याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।

©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## २) पाठ शुरू गर्नुहोस्

त्यहाँ आठ वटा आधारभूत अवधारणाहरू छन् जसलाई बाइबल भरी नै जोड दिइएको पाईन्छ । हामीले अघिल्ला पाठहरूमा यी सत्यताहरूको अध्ययन गरेका छौं । बालबालिकाहरूलाई उनीहरूले ती के-के हुन् र प्रत्येकको बारेमा थोरै केहि बताउन सक्नुहुन्छ कि भनि सोध्नुहोस् । ती हुन् :

१. परमेश्वर - शुरूमा, त्यहाँ एक मात्र धेरै शक्तिशाली र अनन्त परमेश्वर हुनुहुन्थ्यो । (पाठ १: अनन्त परमेश्वर; पाठ २७: प्रस्थान)

२. मानिस- परमेश्वरले सबैथोक सृष्टि गर्नुभयो । उहाँले पुरुष र स्त्री दुवैलाई उहाँको असल मित्रहरू हुनका निम्ति आफ्नै स्वरूपमा सृष्टि गर्नुभयो । (पाठ ३: ब्रम्हाण्डको सृष्टि; ४: मानिसको सृष्टि; पाठ २४: मोशाले उहाँको मानिसहरूलाई नेतृत्व गर्छन् ।)

३. पाप - मानिस र स्त्रीले परमेश्वरको आज्ञा उल्लङ्घन गरे । उहाँले जे भन्नु भएको थियो त्यो उनीहरूले गरेनन् । (पाठ ७: मानविय पापको शुरूवात; पाठ ३३: कादेशमा अविश्वास)

४. मृत्यु - परमेश्वरले पुरुष र स्त्रीलाई तिनीहरूका अनाज्ञाकारिताको दण्ड दिनुभयो । बाइबलमा मृत्युले अलग भएको कुरालाई जनाउदँछ । (पाठ ८: मृत्युको उत्पत्ति; पाठ १६: बाबेलको धरहरा)

५. ख्रीष्ट - परमेश्वरले आफ्नो एक मात्र पुत्र पठाउनुभयो, उहाँको अद्वितीय पुत्र, जसले सिद्ध जीवन जीउनुभयो । (पाठ ९: शैतानमाथि विजयको प्रतिज्ञा)

६. क्रुस - येशू संसारको पापको लागि क्रुसमा मर्नुभयो । (पाठ ११: आवरणको प्रावधान; पाठ ३२: प्रायश्चितको दिन)

७. विश्वास - यदि कसैले ख्रीष्टमा विश्वास गर्छ भने, उसलाई परमेश्वरले स्वागत गर्नुहुन्छ । (पाठ १३: कयिन र हाबिल; पाठ ३४: काँसाको सर्प)

८. जीवन - उहाँमाथि विश्वास गर्नेहरूलाई परमेश्वरले अनन्त जीवन दिनुहुन्छ । (पाठ ५ : स्वर्गमा जीवन; पाठ ३८ : अन्धकारको युगमा चम्किला ज्योतिहरू)

**समीक्षा क्रियाकलाप : आठ आधारभूत सुसमाचारीय सत्यताहरू- एउटा पूर्ण कथा**

शिक्षकले पूरै बाइबल भरी नै यी आठ सुसमाचारको अवधारणामा निरन्तर जोड दिनुपर्दछ । यी कुराहरू बालबालिकाहरूलाई बाइबलमा भएको छुटकाराको कथा बताउन-को लागि आधारभूत तथ्यहरू हुन् । हामी नियमित रूपमा यी सत्यताहरूमा जोड दिनेछौं ।

बालबालिकाहरूलाई सोध्नुहोस्, यदि उनीहरूले सोच्न सक्छन् भने यी आठ सुसमाचारका सिद्धान्तहरूलाई हामीले अध्ययन गरिसकेका पहिलो ३८ पाठहरूमा कसरी जोड दिइएको छ ।

## ३) पाठ सिकाउनुहोस्

**तपाईंको विश्वासको कथा के हो के हामीलाई यो बताउन सक्नुहुन्छ**

## कथा भन्नुहोस्

यो समुद्री तटको शहर कैसरिया भित्र थियो जहाँ त्यस क्षेत्रका भर्खरै नियुक्त भएका राज्यपाल फेस्तसको अगाडि पावल जानु पर्ने भएको थियो। पावलले येशू र उहाँको पुनरूत्थानको विषयमा निरन्तर कुरा गरिरहेको कारणले यहूदीहरू रिसाए त्यसैले तिनीहरूले उनलाई अदालतमा लगे जहाँ फेस्तसको अधिकार थियो। पुनरूत्थान माथिको पावलको विश्वासलाई फेस्तसले बुझेनन् भनि स्वीकार गरे।

हेरोद महान्‌का नाति राजा अग्रिप्पा र उनकी श्रीमती बर्निस फेस्तसलाई अभिवादन गर्न सिजरियामा पुगेका थिए। उनीहरूको लागि त्यहाँ रोमी सिपाहीहरू खटाइएको कारण धेरै उच्च पदका अफिसरहरू र धेरै महत्वपूर्ण मानिसहरूको पनि उपस्थिती थियो। पावललाई सुन्नु हेरोद र बर्निसको लागि तिनीहरूको अधिकारको प्रदर्शन गर्ने अवसर हुने थियो। त्यसैले, केहि दिन पछि फेस्तसले अग्रिप्पालाई भने कि उसको हातमा एकजना मानिस छ जसलाई अघिल्लो राज्यपाल फेलिक्सले कैदी बनाएर यहाँ छोडेका थिए। फेस्तसले उनलाई के गर्ने भनेर थाहा नभएको कुरा स्वीकार गरे त्यसैले अग्रिप्पा व्यक्तिगत रूपमा पावलको कुरा सुन्नलाई राजी भए।

अर्को दिन, अग्रिप्पा र बर्निस कैसरियाको ठूलो हलमा पावलको कुरा सुन्नलाई गए। उनीहरूले सबै शीर्ष सैन्य मानिसहरूलाई छेउ छेउमा राखेर भव्यताका साथ प्रवेश गरे। जब सबैजना ठूलो हलमा बसे, अग्रिप्पालाई आफ्नो कथा सुनाउन पावल खडा भए।

पावलले अग्रिप्पालाई खीष्टमा विश्वास गर्नु अघि उनको जीवन कस्तो थियो भनि बताए। उनी एकदम धार्मिक मानिस थिए, एक भक्त फरिसी। एक फरिसी जसले पुरानो नियमको कानूनको सबै व्यवस्थाका भाग पालन गर्थे। उनले पुरानो करारको आज्ञाहरूको सबै भाग पालन मात्र गरेनन्, तर नगर्नेहरूलाई सताए पनि। उनले कसै-कसैलाई मृत्युदण्डको योग्य समेत तुल्याएका थिए।

त्यसपछि, पावलले अग्रिप्पालाई बताए कि उनी दमस्कसको बाटोमा यात्रा गर्दै थिए तब अचानक एउटा एकदमै चम्किलो ज्योति स्वर्गबाट आयो र एउटा आवाजले उनलाई केहि भन्यो। र पावलले दुईवटा प्रश्नहरू सोधे, *"प्रभु, तपाईं को हुनुहुन्छ ?"* र *"मैले के गरेको तपाईं चाहानुहुन्छ ?"* त्यसपछि तुरुन्तै पावलले खीष्टमा विश्वास गर्न थाले र जसलाई उनले सताएका थिए अब उनीहरूले नै तिनलाई स्वागत गरे।

पावल साँचो रूपले विश्वासी भएपछि पुरानो नियमका भविष्यवक्ताहरू र मोशाले भनेका कुराहरू पुरा भएको छ भनि स्वीकार गरे; यी बाइबलका वचनहरूले खीष्टले कष्ट भोग्नुहुनेछ र मृत्युबाट जीवित भई उठ्नुहुनेछ भनेर बताउँदछन्। पावलले मानिसहरूलाई सयौं वर्ष पहिले के भविष्यवाणी गरिएको थियो भनि मात्र बताउँदै थिए। यसैकारणले उनी जेलमा परेका थिए। पावलले खीष्टको बारेमा बताईरहेको यहूदीहरूलाई मन परेन। अग्रिप्पाले यसबारे सोचे र पावलले उनलाई खीष्टियन बनाउन खोजेको भन्ने आरोप लगाए। त्यसपछि अग्रिप्पा आफ्नो कुर्सीबाट उठे र सबैलाई भने कि पावलले मृत्युदण्ड वा जेलको सजाय पाउन योग्यको कुनै काम गरेको छैन।

**कथा भन्ने क्रियाकलापः आफ्नो विश्वासको गवाही तयार पार्नुहोस्**

शिक्षकले कथा भन्दै गर्दा, बालबालिकाहरूलाई पावल खीष्टियन हुनु भन्दा अगाडी कस्तो थिए, उनी कसरी खीष्टियन भए, खीष्टियन भएपछि उनको जीवन कस्तो भयो भन्ने कुराहरू लेख्न लगाउनुहोस्।

कागजको पानामा उनीहरूलाई तीनवटा खण्डहरू बनाउन लगाउनुहोस्।

- खण्ड १ - पावल खीष्टियन हुनु भन्दा अगाडीको जीवन
- खण्ड २ - पावल कसरी खीष्टियन भए
- खण्ड ३ - खीष्टियन भएपछि पावलको जीवन कस्तो भयो

अब, यदि बालबालिका-हरूको छ भने उनीहरूलाई पनि आफ्नै विश्वासको गवाही यसरी नै तीनवटा खण्डमा लेख्न प्रोत्साहित गर्नुहोस्।

## कण्ठ गर्नुपर्ने पद

**प्रेरित २६:१८ (टि.बी.एस) -** तिनीहरूका आँखाहरू खोल्नका लागि अनि तिनीहरूलाई अन्धकारबाट ज्योतिकहाँ र शैतानको अधिकारबाट परमेश्वरकहाँ फिराउनको लागि; र तिनीहरूले पापहरूको क्षमा र ममाथि राखिएको विश्वासद्वारा पवित्र पारिएकाहरूको बीचमा पैतृक सम्पत्ति पाऊन्।

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन्। यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो। स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्रायः यूट्यूबमा पनि राखिएका हुन्छन्। तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ।

यस पाठका निम्ति "धन्यवाद येशू (कोरस नं. २४)" बोलको भजन गाउने सल्लाह दिईन्छ।

## बाइबलीय क्रियाकलाप

मेरो विश्वासको गवाही भन्ने

यस क्रियाकलापको अन्तरालमा, विद्यार्थीहरूले अरूलाई भन्नको लागि आफ्नै विश्वासको गवाही तयार गर्न निरन्तरता दिनेछन्। तिनीहरूले आफ्नो विश्वासको गवाहीको लागि कागजमा ३ वटा खण्डहरू बनाउनुपर्दछ, जसरी उनीहरूले कागजमा पावलको विश्वासको कथा लेखेका थिए। उनीहरूलाई आफ्नो विश्वासको गवाही कक्षामा साथीहरूलाई भनेर अभ्यास गर्न लगाउनुहोस्।

शिक्षकले कक्षामा आफ्नो विश्वासको गवाही भनेर शुरू गर्न सक्नुहुन्छ। यदि कक्षामा कोहि त्यस्तो विद्यार्थी छन् जसले आफ्नो गवाही भन्न चाहान्छन् भने, उनीहरूलाई भन्न दिनुहोस्। हामी "अरूलाई आशिषित बनाउने आशिषित व्यक्तिहरू हौं" भनेर विद्यार्थीहरूलाई बुझाउनुहोस्। हामीले सुसमाचार पाएका छौं, जुन अरूलाई बताउनु आवश्यक छ!

**कण्ठ पार्ने पदको क्रियाकलाप : वचन लग**

बालबालिकाहरूलाई घर लैजानको लागि एउटा तालिका बनाउनुहोस् जुन तालिकाको बायाँ स्तम्भले आइतवार, सोमबार, मंगलबार, बुधवार, बिहिवार, शुक्रवार र शनिवार देखाउँदछ।

शीर्षमा, अभ्यास गरेको समय र समीक्षा गरेको समय उल्लेख गर्ने ठाउँ पनि राख्नुहोस्।

बालबालिकाहरूले प्रत्येक दिन यस कण्ठ गर्ने पदको लागि काम गर्नुपर्ने हुन्छ, जब उनीहरूले यस पदको अभ्यास र समीक्षा गर्छन् तब यस तालिकामा चिन्ह लगाउनुपर्दछ। यस तालिका उनीहरूले अर्को हप्ता आफुसँगै ल्याउनुपर्नेछ।

यस प्रकारको क्रियाकलापले पाठको एउटा भागको रूपमा मात्र नभई, हप्ताभरि वचनहरूको स्मरण गर्न र आज्ञाकारी हुनलाई प्रोत्साहित गर्दछ।

## ४) पाठको समीक्षा गर्नुहोस्

कक्षालाई दुई समूहमा विभाजित गर्नुपर्छ ।

एउटा "रातो" समूह हुन सक्छ र उनीहरूलाई रातो कार्ड वा कागजको टुक्रा दिनुपर्छ । अर्को "पहैंलो" समूह हुन सक्छ र उनीहरूलाई पहैंलो कार्ड वा कागजको टुक्रा दिनुपर्छ ।

- हरेक समूहलाई ३ देखि ५ प्रश्नहरू लेख्न दिनुपर्छ, र ती प्रश्नहरूको उत्तर अर्को समूहले दिनुपर्ने हुन्छ ।
- उनीहरूले लेख्ने हरेक प्रश्न आजको पाठसँग सम्बन्धित हुनुपर्छ ।
- प्रश्नहरू लेखिसके पछि, अर्को समूहलाई ती प्रश्नहरूको उत्तर दिनको लागि पाँचदेखि सात मिनेटको समय दिनुपर्छ । "पहैंलो" समूहले "रातो" समूहका प्रश्नहरूको उत्तर दिनुपर्छ र "रातो" समूहले "पहैंलो" समूहका प्रश्नहरूको उत्तर दिनुपर्छ ।

**पाठको समीक्षा गर्ने क्रियाकलाप : दुई समूह समीक्षा**

कुनै एउटा उपयुक्त समय पछि, शिक्षकले कार्ड अर्थात् कागजका टुक्राहरू संकलन गर्नुपर्नेछ र प्रत्येक समूहबाट सबैभन्दा राम्रो प्रश्न र उत्तरहरूको लागि इनाम वा उनीहरूले प्राप्त गर्ने उचित अंक दिनुपर्ने हुन्छ ।

बालबालिकाहरूको हरेक कक्षामा दुईजना शिक्षकहरू राख्नु उत्तम हुन्छ । यदि त्यहाँ दुईजना शिक्षकहरू भए भने, प्रत्येक समूहमा एकजना शिक्षक समूहको अगुवा (कप्तान) हुन सक्छन् ।

## ५) पाठ लागु गर्नुहोस्

कक्षामा बालबालिकाहरूलाई तिनीहरूको आफ्नै विश्वासको गवाही तयार गर्न मद्दत गर्नुहोस् । तिनीहरूमध्ये कतिजनासँग भन्नको लागि विश्वासको गवाही नहुन सक्छ वा कतिले भन्न पनि नचाहान सक्छन् ।

कक्षालाई लेख्न वा भन्न लगाउनुहोस्: १) उनीहरूले के गरेका थिए जुन कुराले परमेश्वरलाई मन पर्दैनथ्यो, २) उनीहरूले कसरी येशू ख्रीष्टमा विश्वास गरे र ३) साँचो ख्रीष्टियन हुनु कति असल छ ।

**कथाको मूख्य सार: पावल आफ्नो विश्वासको कारण पक्राउ परेका थिए र उनी धेरैजना रोमी न्यायाधीशहरूको सामु हाजिर हुनुपरेको थियो ।**

**पाठ लागू गर्ने क्रियाकलाप: विश्वासको कथा**

शिक्षकले पाठको यो भाग गृहकार्यको रूपमा दिन सक्नु हुन्छ र अर्को हप्ता यस विषयमा छलफल गर्नुहोस् ।

# रोचक घटना नं ९०

# यहूदा ३-२० र कलस्सी १:१५-२२

**कथाको मूख्य सारः शुरूका विश्वासीहरूका लागि विश्वास साँच्चिकै महत्वपूर्ण थियो ।**

## १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- पहिलो शताब्दीको अन्तिम आधाभागमा भएको सतावट र मृत्यु दण्ड ।
  - ई.सं. ६४ -रोमी सम्राट नेरोले रोम जलाए र इसाईहरूलाई दोष लगाए ।
  - ई.सं.६६-६८ - प्रेरितहरू पत्रुस र पावल नेरोद्वारा मारिए ।
  - ई.सं.७० - रोमन जनरल टाइटसले यरूशलेम र मन्दिर ध्वस्त पारे ।
  - ई.सं.८० - रब्बी गमलिएल द्वितीयले इसाईहरूलाई सभाघरहरूबाट निकालिदिए ।
  - ई.सं.८१-९६ - रोमी सम्राट डोमिशियन इसाईहरूलाई सताउने व्यक्ति थिए ।
  - ई.सं.९० (लगभग) - डोमिशियनले प्रेरित यूहन्नालाई पतमोस टापुमा कैदी बनाएर पठाए ।
  - ई.सं.९६ - बाइबलको अन्तिम पुस्तक (प्रकाश) यूहन्नाले पतमोसमा लेखेका थिए ।
- यूहन्ना बाहेक अरू सबै प्रेरितहरू मारिएका थिए ।
  - याकुब - हेरोद अग्रिप्पा प्रथमद्वारा शिर काटियो
  - पत्रुस - उल्टो पारेर क्रुसमा टाँगिए
  - पावल - रोममा नेरोद्वारा टाउको काटियो
  - आन्द्रियस - रोमी राज्यपालद्वारा क्रुसमा टाँगियो
  - फिलिप - ढुंगाले हानेर मारियो
  - नथानेल - खम्बामा जलाइयो वा टाउको काटियो
  - थोमा - भारतमा भालाले हानेर मारियो
  - मत्ती - खम्बामा जलाइयो वा टाउको काटियो
  - पछिल्लो याकुब- ढुंगाले हानेर मारियो
  - शिमोन जेलोट - आरोले चिरियो
  - यहूदा थेदियस - क्रुसमा टाँगियो, बन्चरोले काटियो वा ढुंगाले हानेर मारियो
  - यूहन्ना - पतमोसमा कैद गरिएको हुँदा उनी गुफामै रहे वा मरे

**शिक्षक साहायता**

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारले: मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोर्‍याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।

©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## २) पाठ शुरु गर्नुहोस्

रोचक घटना नं.८७: पावलको दोस्रो मिसनरी यात्रा

१. फिलिप्पीका जेलरलाई पावलले के गर्न भने ?

२. प्रेरित १६:३१ पढ्नुहोस् ।

३. स्वर्गमा जाने एक मात्र बाटो प्रभु येशूमा विश्वास गर्नु हो ।

४. येशुलाई धन्यवाद दिनुहोस् किनकि उहाँ नै बाटो, सत्य र जीवन हुनुहुन्छ ।

रोचक घटना नं.८८ : पावलको तेस्रो मिसनरी यात्रा

१. एफिसस शहरको बारेमा के कुरा विशेष थियो ?

२. प्रेरित १९:१९ पढ्नुहोस् ।

३. परमेश्वर विश्वासीहरू मूर्तिपूजामा संलग्न भएको चाहानुहुन्न ।

४. विश्वासीहरूले प्रभु येशू खीष्टको मात्र आराधना गर्न सकून् भनेर प्रार्थना गर्नुहोस् ।

रोचक घटना नं. ८९: पावल रोमी न्यायधीशहरूको सामु

१. पावलले अग्रिप्पालाई के भने ?

२. प्रेरित २६:१८ पढ्नुहोस् ।

३. पावल विश्वासद्वारा खीष्टियन भए ।

४. हामी सबैले जसलाई पनि हाम्रो गवाही भन्न सकौं भनेर पार्थना गर्नुहोस् ।

**पाठ शुरू गर्ने क्रियाकलापः सोध्नु, पढ्नु, कुरा गर्नु, प्रार्थना गर्नु**

अघिल्लो ३ वटा पाठहरूबाटको राम्रो समीक्षा गर्ने तरिकाले चारवटा मुख्य तत्वहरूमा ध्यान केन्द्रित गर्दछ ।

१. प्रश्न सोध्ने ।

२. बाइबल पढ्ने ।

३. यस विषयमा कुरा गर्ने ।

४. परमेश्वरलाई प्रार्थना गर्ने ।

## ३) पाठ सिकाउनुहोस्

प्रेरितहरूको जीवनको अन्तातिर, झूटा शिक्षकहरूले मण्डलीमा सिकाउन थालिसकेको हुनाले धेरै जना गम्भीर चिन्तामा थिए ।

झूटा शिक्षकहरू किन मण्डलीमा आउन र मण्डलीको सिद्धान्त वा शिक्षा बदल्न चाहान्छन् ?

## कथा भन्नुहोस्

"विश्वास" चाहिँ मण्डलीको शुरूवातको शिक्षाको लागि महत्वपूर्ण थियो। "विश्वास" ले **येशू र प्रेरितहरूको महत्वपूर्ण शिक्षाको प्रतिनिधित्व गर्दथ्यो, जुन येशू को हुनुहुन्छ र उहाँको मृत्यु र पुनरूत्थानद्वारा उहाँले के गर्नुभयो भन्ने कुरामा केन्द्रित थियो।** झूटा शिक्षकहरू उनीहरूको झूटा शिक्षा लिएर मण्डलीमा बिस्तारै-बिस्तारै प्रवेश गरिरहेका देखेर धेरैजसो प्रेरितहरू चिन्तित थिए।

मण्डली छिटो वृद्धि भएको थियो र खीष्टियन जगतमा धेरै नयाँ कुराहरू भइरहेका हूनाले झूटा शिक्षकहरूलाई मण्डलीमा प्रख्यात हुनु सजिलो थियो। यहूदा येशूका भाई थिए। विश्वासीहरूले "संघर्ष" गर्नुपर्दछ वा विश्वासका लागि चिन्तित हुनुपर्दछ जुन कुनै समयमा सबै विश्वासीहरूलाई प्रदान गरिएको थियो भनेर उनले झूटा शिक्षकहरूको बारेमा लेखेका थिए। यहूदा "विश्वास" बारे चिन्तित थिए। यो विश्वास **येशू र प्रेरितहरूको महत्वपूर्ण शिक्षा थियो, येशू को हुनुहुन्छ र उहाँले मृत्यु र पुनरूत्थानद्वारा के पुरा गर्नुभयो भन्ने कुरामा केन्द्रित थियो।** यहूदाले विश्वासीहरूलाई कडा परिश्रम गर्न वा यी सत्यहरूको बारेमा चिन्तित हुन भनेर आग्रह गरेका थिए। केहि झूटा शिक्षकहरू भित्र आउनेछन् र विश्वासीहरूले केवल यो झूटा शिक्षालाई स्वीकार गर्नेछन् र यस बारेमा केहि गर्नेछैनन् भनेर उनी चिन्तित थिए।

परमेश्वर मानिसजातिबाट अलग र टाढा हुनुहुन्थ्यो भनि झूटा शिक्षकहरूको एउटा समूहले भनेका थिए। त्यो पक्कै गलत थियो। परमेश्वर हामी मानिसहरूदेखि कहिल्यै पनि अलग वा टाढा हुनुहुन्थेन। उहाँ सबैसँग व्यक्तिगत सम्बन्ध राख्न चाहानुहुन्छ।

भौतिक संसार खराब थियो र आध्यात्मिक संसार असल थियो भनेर सिकाउने एउटा अर्को समूह आयो। त्यो समूह पनि गलत थियो। भौतिक संसारको बारेमा कुनै खराबी थिएन।

येशूको शरीर वास्तविक वा शारीरिक शरीर थिएन भन्ने फेरि अर्को समूह पनि आयो। त्यो समूह पनि वास्तवमै गलत थियो। याद गर्नुहोस्, उनीहरूले उहाँको शरीर छेडेका थिए र रगत बगेको थियो। उहाँले खाना पनि खानुभयो। त्यसकारण उहाँको वास्तविक शरीर नै थियो।

त्यहाँ अन्य समूहहरू थिए जसले सत्यता उनीहरूसँग मात्र भएको दावी गर्दथे। यसबारेमा पनि प्रेरितहरू चिन्तित थिए। त्यसकारण केवल "विश्वास" मा लागिरहनु महत्वपूर्ण थियो। विश्वास ... वास्तविक विश्वास...**येशू र प्रेरितहरूको आवश्यक शिक्षाहरू, येशू को हुनुहुन्छ र उहाँले आफ्नो मृत्यु र पुनरूत्थानद्वारा के गर्नुभयो भन्ने कुरामा केन्द्रित थियो।**

प्रेरित यूहन्नाले भनेका छन्, "*येशू खीष्ट शरीरमा आउनुभएको हो भनेर स्वीकार्ने हरेक आत्मा परमेश्वरबाटको हो।*" प्रेरित पावलले पनि यसरी भनेका छन्, "*सबै कुराको अघि उहाँ (येशू) हुनुहुन्छ र सबै कुराहरू उहाँद्वारा नै स्थीर रहन्छन्।*" अर्को ठाउँमा प्रेरित पत्रुसले पनि यसरी भनेका छन्, "*हामी पापहरूका निम्ति मरेर धार्मिकताका निम्ति बाँचौं भनेर उहाँ आफैले आफ्नो शरीरमा हाम्रा पापहरू क्रुसमाथि बोक्नुभयो; उहाँकै चोटहरूद्वारा तिमीहरू निको पारियौ।*"

**कथा भन्ने क्रियाकलाप: विश्वास**

शिक्षकले कक्षालाई "विश्वास" ले केको प्रतिनिधित्व गर्छ भनि बताउनुपर्छ। बालबालिकाहरूलाई आफ्नै शब्दहरू प्रयोग गरेर "विश्वास" के हो भन्ने बारेमा लेखेर एक अर्कालाई भन्न लगाउनुहोस्।

यस कथामा "विश्वास" तीन पटक विशेष जोड दिएर उल्लेख गरिएको छ। के बालबालिकाहरूले शिक्षकलाई र एक अर्कामा प्रेरितहरूले "विश्वास" को बारेमा के विश्वास गरेका थिए भनि भन्न सक्छन्?

- १ यूहन्ना ४:२
- कलस्सी १:१७
- १ पत्रुस २:२४

## कण्ठ गर्नुपर्ने पद

**कलस्सी १:९ (टि.बी.एस) -** किनकि सारा परिपूर्णतामा उहाँमा वास गरेकोमा पिता प्रसन्न हुनुभयो ।

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन् । यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो । स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्राय: यूट्यूबमा पनि राखिएका हुन्छन् । तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ ।

यस पाठका निम्ति "धन्यवाद येशू (कोरस नं. २४)" बोलको भजन गाउने सल्लाह दिईन्छ ।

## बाइबलीय क्रियाकलाप

सक्कली वा नक्कली ?

नक्कली पैसाको नोट खोज्नुहोस् र चाहिने जति फोटोकपी गरेर कक्षामा ल्याउनुहोस् । सक्कली पैसाको नोटको पनि फोटोकपी गर्नुहोस्, तर शुरूमा नदेखाउनुहोस् । विद्यार्थीहरूलाई सोध्नुहोस्: **"के यो फोटोकपी सक्कली पैसाको नोटको हो, कि यो नक्कली नोटको हो ?"** बालबालिकाहरूलाई जवाफ दिन लगाउनुहोस् ।

यदि उनीहरूले यो नक्कली हो भनि सोच्छन् भने, उनीहरूलाई कारण भन्न लगाउनुहोस् । केहि समय पछि, सक्कली पैसाको फोटोकपी निकाल्नुहोस् र तिनीहरूलाई सक्कलीसँग नक्कलीको तुलना गर्न लगाउनुहोस् । तिनीहरूले भिन्नता पत्ता लगाउन सक्छन् कि सक्दैनन् हेर्नुहोस् । त्यसपछि, **"कुन कुराले सक्कली र नक्कली छुट्ट्याउन सजिलो पार्छ भनेर सोध्नुहोस् ?"** उत्तर: **"सक्कली पैसासँग नक्कली तुलना गरेर ।"**

उस्ता उस्तै शिक्षा : हामी कसरी सत्य शिक्षा वा गलत शिक्षा हो भनेर थाहा पाउन सक्छौं ? (परमेश्वरको वचन, वा मूख्य सत्यतासँग तुलना गरेर ।)

**कण्ठ गर्नुपर्ने पद**
**क्रियाकलाप: उफ्रनुहोस्**

कण्ठ गर्ने पदको वाक्याशंहरूलाई ठूला ठूला अक्षरहरूमा कागजको पानाहरूमा लेख्नुहोस् । ती पदका वाक्याशंहरू लेखिएको कागजहरूलाई मिश्रित रूपमा एक पाईलामा भेट्न सकिने गरि टेपले भुइँमा टाँस्नुहोस् । बालबालिका-हरूले ती वाक्याशंहरू उच्चारण गर्दै एक पटकमा एउटा वाक्याशंमा क्रम मिलाउदै टेक्नु पर्नेछ । प्रत्येक बालबालिकाहरूलाई यो क्रियाकलाप गर्ने मौका दिनुहोस् ।

## ४) पाठको समीक्षा गर्नुहोस्

सहमत/असहमत भनाईहरू (यदि तपाइँ असहमत हुनुहुन्छ भने, किन असहमत हुनुहुन्छ ?)

१. झूटा शिक्षकहरू को थिए भनेर शुरूको मण्डलीलाई पहिलेदेखि नै थाहा थियो । (असहमत । झूटा शिक्षकहरूले झूटा शिक्षा फैलाउन प्रयास गरिरहेका थिए ।)

२. यहूदा येशूको भाई थिएनन् । (असहमत । ऊ येशूको भाई थियो ।)

३. प्राय प्रेरितहरूले "विश्वास" को बारेमा लेखेका थिए । (सहमत ।)

४. "विश्वास" भनेको येशू को हुनुहुन्छ र उहाँको मृत्यु र पुनरूत्थानद्वारा उहाँले के पुरा गर्नुभयो भन्ने कुरालाई विश्वास गर्नु हो । (सहमत ।)

५. शुरूका विश्वासीहरू "विश्वास" प्रति यति समर्पित थिए कि तिनीहरू "विश्वास" को लागि आफ्नो ज्यान दिन तयार भए । (सहमत ।)

**पाठको समीक्षा गर्ने क्रियाकलापः सहमत र असहमत भनाईहरू**

यी भनाईहरूमा सहमती वा असहमती जनाउनको लागि बालबालिकाहरूले एकदमै रमाइलो मान्नेछन् । उनीहरूलाई सहमती वा असहमती जनाउनको लागि तपाईंको आफ्नै केहि थप भनाईहरू पनि राख्न सक्नुहुन्छ ।

## ५) पाठ लागु गर्नुहोस्

"विश्वास" को बारेमा दुई मुख्य सत्यताहरू लेख्नुहोस् र ती कुराहरू साथीलाई भन्नुहोस् ।

१. येशू परमेश्वरका पुत्र हुनुहुन्छ जो पृथ्वीमा शरीरमा जीउनुभयो ।

२. येशू खीष्ट सबै मानिसहरूका पापको लागि मर्नुभयो । उहाँको मृत्यु र पुनरूत्थानमाथिको विश्वासद्वारा जो कोहिले पनि अनन्त जीवन पाउन सक्छन् ।

**कथाको मूख्य सारः शुरूका विश्वासीहरूका लागि विश्वास साँच्चिकै महत्वपूर्ण थियो ।**

**पाठ लागू गर्ने क्रियाकलापः विश्वासको कथा दोहोऱ्याउनुहोस्**

बालबालिकाहरूलाई "विश्वास" भनेको के हो भनेर अरू कसैलाई बताउने गृहकार्य दिएर घर पठाउनुहोस् ।